नेपाल पत्रकार महासंघ

२६औं महाधिवेशन विशेष

फागुन, २०७७

# पत्रकारिता




# २६औं महाधिवेशन विशेष

फागुन २०७७
अंक भित्र



# महासंघले निरन्तर नागरिक अगुवा संस्थाकै रूपमा भूमिका खेल्नुपर्छ

३ गोविन्द आचार्य

**सम्पादकीय** : समीक्षाको कसीमा वर्तमान नेतृत्व २
**हरिहर विरही** : पत्रकारिता क्षेत्रमा थप जिम्मेवारीबोध आवश्यक छ ७
**डा. सुरेश आचार्य** : नेपालमा मिडियाहाउस बन्नै सकेनन्, पत्रकारको पेशागत सुरक्षाको कुरा भाषणमा सीमित भयो ९
**धर्मेन्द्र झा** : चुनौतीहरू सकिएका छैनन् १२
**शिव गाउँले** : पत्रकारितामा "सेल्फ सेन्सरसीप" १३
**डा. महेन्द्र विष्ट**: नयाँ नेतृत्वले सशक्त नागरिक समाजको भूमिका निर्वाह गर्नुपर्छ १६
**विपुल पोखेल** : प्रत्यक्ष निर्वाचन प्रणाली : लोकतन्त्रको उच्चतम अभ्यासमा महासंघ १८
**रमेश विष्ट** : प्रेस स्वतन्त्रता, लोकतन्त्र र नागरिक अधिकारको पक्षमा महासंघ २१
**रामप्रसाद दाहाल** : श्रमजीवी पत्रकारको ट्रेड युनियन अधिकार प्राप्तिको बाटो २४
**शीतलप्रसाद महतो** : नेपाली पत्रकारिता र सामाजिक समावेशीकरण २७
**लक्ष्मी पुन** : नेपाल पत्रकार महासंघमा महिला पत्रकारहरूको अवस्था ! ३१
**राजेश मिश्र** : आर्थिक पारदर्शिता र सुशासनको अभ्यास ३४
**रोशन पुरी** : फेरिएको नेपाली राजनीति : पत्रकार दास बन्ने कि शत्रु ? ३७
**यम विरही** : प्रतिष्ठानमा श्रमजीवीका कथा-व्यथा र तिता-मिठा अनुभव ३९
**जन्मदेव जैसी** : पत्रकार महासंघको आन्दोलन र श्रमको मुद्दा ४२
**लक्ष्मण कार्की** : पत्रकार : आफ्ना अधिकारमा चुप, अरूलाई हौस्याउने ! ४५
**लेखनाथ न्यौपाने** : अझै लड्नुपर्ने हाम्रा मुद्दा ४८
**संघर्ष पन्त/ हिरण्य जोशी** : नेपाली पत्रकारिता क्षेत्रमा कोभिड-१९ को प्रभाव ५१
**प्रकाश थापा** : र अन्त्यमा ५६

**नेपाल पत्रकार महासंघद्वारा प्रकाशित त्रैमासिक "पत्रकारिता"**
सम्पादक : विपुल पोखेल
संयोजक : प्रकाश थापा, भाषा : उदय जीएम
सम्पादन मण्डल : छेटु शेर्पा, लक्ष्मण कार्की, पवन आचार्य, राजेश चाम्लिङ, कलेन्द्र सेजुवाल, बसन्त गिरी
कार्यालय : सञ्चारग्राम, तिलगंगा, काठमाडौं
फोन नं.: ०१-४११२७६३, ४११२६७३, फ्याक्स : ०१-४११२७८५
इमेल : fnjnepalcentral@gmail.com, website: fnjnepal.org
आवरण/तस्वीरः वर्षा शाह
लेआउट : आनन्द शर्मा, एड. चौतारी प्रा. लि., कमलपोखरी, काठमाडौं
प्रिन्टिङ : उपलब्धि प्रकाशन सेवा प्रा. लि., गैरीधारा, काठमाडौं

## सम्पादकीय

# समीक्षाको कसीमा वर्तमान नेतृत्व

नेपाल पत्रकार महासंघ अविच्छिन्नरूपमा उत्तराधिकारीको निर्वाचन गर्दै अगाडि बढ्दै आएको नेपालको सबैभन्दा पुरानो नागरिक संस्था हो । स्थापनाकालदेखि हालसम्म आउँदा यो संस्थाको नेतृत्व गर्ने र नेतृत्वलाई सघाउने सबैको भूमिकाका कारण नै महासंघको इतिहास गौरवमय बन्यो, वर्तमान प्रभावकारी बन्यो र भविष्य आशालाग्दो देखिन सम्भव भएको हो ।

यो पृष्ठभूमिमा उभिएर हेर्दा महासंघले प्राप्त गरेका उपलब्धिहरु विगतदेखिको नेतृत्वको प्रयत्नले सम्भव भएका हुन् । प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताप्रतिको गौरवशाली पक्षधरता, लोकतन्त्र स्थापनाका आन्दोलनहरूको अग्रमोर्चामा उपस्थिति, श्रमजीवीको अधिकार सुनिश्चित गर्न दवाव दिनेदेखि कानूनको मस्यौदा बनाएर संसदमा प्रवेश गराउनेसम्मको भूमिका पत्रकार महासंघले खेलेको इतिहास हाम्रोसामु छ । यतिमात्र हैन, सूचनाको हकको मस्यौदा निर्माणमा पनि महासंघको सक्रियता त्यत्तिकै स्मरणीय रहेको छ । यी ४ सन्दर्भले मात्र के देखाउँछ भने लोकतान्त्रिक परिवेशको निर्माण गर्दै पत्रकारिता पेशालाई व्यवसायिक बनाउँदै श्रमको उचित सम्मान हुने वातावरण बनाउन पत्रकार महासंघले संस्थागत ढंगले महत्वपूर्ण भूमिका निर्माण गरेको छ । यसबाहेक समयानुकूल मुद्दाहरूको पहिचान गर्दै त्यसलाई सम्बोधन गर्न आफूलाई जबरजस्त रूपमा प्रस्तुत गर्ने मौलिक चरित्रलाई पनि महासंघले आवश्यकताअनुसार प्रदर्शन गर्दै आएको छ ।

यो विरासत बोकेको पत्रकार महासंघका अगाडि चुनौतिका चाङहरु पनि उत्तिकै छन् । कोभिड– १९ ले पत्रकारिता क्षेत्रमा पारेको असर, श्रमजीवी ऐनको पूर्ण कार्यान्वयनमा देखिएको समस्या, श्रमको मूल्य नपाउने नियति एकातिर छन् भने देशका तीन तहमा बन्दै गरेका कानुनका मस्यौदाहरूमा प्रेस स्वतन्त्रतामाथि संकुचन गर्ने प्रावधानहरु छन् कि भनेर प्रारम्भदेखि नै सजगतापूर्वक हेर्नुपर्ने दायित्व पनि पत्रकार महासंघले बहन गर्दै आएको छ । पेशागत सुरक्षा र व्यवसायिकताको सवाल र प्रेस स्वतन्त्रतामाथि कानून बनाएर हुनसक्ने हमलालाई सँगसँगै सजगताका साथ हेर्ने र आफ्नो दायित्व निर्वाह गर्नुपर्ने ऐतिहासिक कालखण्डमा पत्रकार महासंघको वर्तमान नेतृत्व उभिनु पर्‍यो । पत्रकार महासंघको अगुवाई र पत्रकारिता क्षेत्रका हरेक 'स्टेकहोल्डर'हरूको प्रशंसनीय भूमिकाका कारण यी सवालहरूमा हामीले अहिलेसम्म उपलब्धि हासिल गरेका छौ भन्न सकिने अवस्था छ । त्यसो त राज्यले मस्यौदा गरेका कानुनहरु हाम्रा लागि स्वीकार्य छैनन् । हाम्रो आन्दोलनले तिनलाई स्थगन गर्न समेत बाध्य बनाएका छौं । राष्ट्रियसभामा रहेको राष्ट्रिय प्रशारण विधेयकसहितका कतिपय विधेयकमाथि हाम्रो असहमति प्रकट भइरहेका छन् । यस्तो असहमति प्रकट भइरहँदा नागरिकस्तरसम्म हामीले प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको बहसलाई व्यापक बनाउने अवसर पनि प्राप्त गर्‍यौं र त्यसको पक्षमा जनमत निर्माण गर्‍यौं ।

अर्कोतर्फ कोभिड– १९को कारण भन्दै श्रमको सम्मान नगर्ने प्रवृत्तिका विरूद्ध पनि पत्रकार महासंघले आफूलाई खरोरूपमा उभ्याएको छ । कोभिडकालको पत्रकारिता र पत्रकारको अवस्थाको अनुसन्धान गर्दै यथार्थ चित्रण उजागर गर्नु, सञ्चारमाध्यम केन्द्रित आन्दोलनका माध्यमबाट पत्रकारहरूको पुनर्वहाली गर्नु र सामूहिक सौदाबाजीको संस्कृतिलाई बढावा दिनु पनि उपलब्धि नै हुन् ।

यसबाहेक, पत्रकार महासंघको संरचनात्मक ढाँचामा समेत केही कामहरु भएका छन् । प्रदेश संरचना थपिएको छ । प्रत्येक सदस्यको मताधिकार सुनिश्चित गर्दै प्रत्यक्ष मतदान मार्फत सबै तहको नेतृत्व छान्ने वैधानिक व्यवस्था सुनिश्चित गरिएको छ भने समावेशिताको सन्दर्भमा पनि पत्रकार महासंघ अब तुलनात्मकरूपमा अग्रगामी भएको छ । इतिहासको कालखण्डमा स्मरणीय रहने गरी यो पटकको नेतृत्व प्रस्तुत हुन सक्नुको कारण हरेक साधारण सदस्य र अग्रजहरूको साथ, सहयोग र परामर्श नै हो भन्ने कुरामा कुनै शंका छैन ।

राज्यको पुनर्संरचनापछि संघीयताको व्यवहारिक कार्यान्वयनमा मुलुक जाँदै गर्दाको ऐतिहासिक कालखण्डमा पत्रकारिता र पत्रकारका मुद्दाहरूलाई राज्यका नयाँ संरचनाहरूका लागि पनि जानकार बनाउन सकसपूर्ण भए पनि त्यो दायित्व बहन गर्ने सवालमा पत्रकार महासंघले सन्तोष गर्ने गरी भूमिका निर्वाह गर्न सकेको छ । यी लगायत तमाम कामको समीक्षा महासंघको उच्च निकायको रूपमा रहेको महाधिवेशनमा हुने नै छ । केन्द्रीय महाधिवेशनको सम्मुखमा यो कार्यसमितिको समीक्षा हुनु जरूरी छ । महाधिवेशन हलमा पुगेर त्यो समीक्षा औपचारिक ढंगले टुङ्गिने छ र त्यहाँ निर्माण हुने निष्कर्ष नेतृत्वका लागि ऐना हुनेछ । यो कार्यकालमा प्राप्त उपलब्धिहरूको समीक्षा गर्दै अबका दिनमा महासंघले आफूलाई कसरी प्रस्तुत गर्ने भन्ने कुराको छिनोफानो गर्नका लागि महाधिवेशन महत्वपूर्ण हुनेछ ।



# महासंघले निरन्तर नागरिक अगुवा संस्थाकै रूपमा भूमिका खेल्नुपर्छ

गोविन्द आचार्य, अध्यक्ष, नेपाल पत्रकार महासंघ

पत्रकार महासंघ प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको रक्षा, पत्रकार हकहित र अधिकार एवम् मिडियाको हितका पक्षमा दृढतापूर्वक उभिएको छ । यसैगरी लोकतन्त्र र नागरिक अधिकारको सवालमा पनि पत्रकार महासंघले बोल्दै र काम गर्दै आएको छ । हामीले सोचे जति त कार्य गर्न सकेनौ, तर जे जति गर्न सक्यौं, त्यसमा इमान्दारपूर्वक र आफूले सकेसम्म समय दिएर महासंघका लागि अहोरात्र खटिएका छौं ।

**महासंघको साढे तीन वर्षे कार्यकालको कसरी मूल्यांकन गर्नुहुन्छ ?**

नेपाल पत्रकार महासंघको केन्द्रीय नेतृत्वमा हामी निर्वाचित भएर आएको साढे ३ वर्ष पूरा भएको छ । हामी निर्वाचित भएपछि काभ्रेको धुलिखेलमा सम्पन्न दोस्रो पूर्ण बैठकले ३ वर्षे कार्ययोजना तयार पारेको थियो । अहिले आएर उक्त कार्ययोजनालाई फर्केर हेर्दा कति पूरा भए र कति पूरा भएनन् ? गम्भीर समीक्षा र मूल्याकन गर्नुपर्ने क्षणमा छौं ।

केन्द्रीय समितिले तय गरेको कार्ययोजनाबमोजिम पहिलो काम महासंघको संरचनालाई संघीय ढाँचामा लाने निर्णय कार्यान्वयन गर्नु थियो । महासंघको संरचनाअनुसार १० वटै प्रदेशमा निर्वाचनमार्फत प्रदेश समिति निर्माण गरियो । प्रदेश समितिको निर्वाचन लगत्तै प्रदेशको नेतृत्व र केन्द्रीय नेतृत्वका लागि नेतृत्व विकास तालिम लिइयो । यसपछि महासंघले योजनाबद्धढंगले संगठनात्मक गतिविधि र क्रियाकलाप अघि बढाइरहेकै अवस्थामा अकस्मात मुलुकी संहितामा रहेको प्रेस स्वतन्त्रता विरोधी धारा सच्याउन आन्दोलन गर्नुपर्ने बाध्यात्मक अवस्था आइलाग्यो । महासंघको दवावमूलक आन्दोलनका कारण मुलुकी संहितामा रहेको प्रावधान पत्रकारिता क्षेत्रमा लागू नहुने व्यवस्था गरियो ।

यहीबीच २०७५ फागुनमा पोखरामा सम्पन्न केन्द्रीय साधारणसभामा केन्द्रीय समितिको तर्फबाट महासंघलाई ट्रेड यूनियन संस्थाकारूपमा स्थापित गर्ने, प्रत्यक्ष निर्वाचन प्रणालीमार्फत नेतृत्व चयन गर्ने, नेतृत्वलाई थप समावेशी बनाउने लगायतका विषयहरू समेटेर विधान संशोधन प्रस्ताव प्रस्तुत गरियो । केन्द्रको प्रस्ताव साधारणसभाले सर्वसम्मतरूपमा पारित गर्‍यो । संशोधित विधानअनुसार केन्द्रीय पार्षदले मात्रै केन्द्रीय नेतृत्व चुन्न र चुनिन पाउने प्रावधान हटाई यसपटकदेखि हरेक साधारण सदस्यले केन्द्रीय नेतृत्व चयन गर्न पाउनेछन् र हरेक जिल्लाबाट नै शाखा, प्रदेश र केन्द्रको एकैदिन निर्वाचन हुनेछ । साधारणसभा र मतदान एकैदिन राख्दा नीतिगत छलफलभन्दा नेतृत्वको विषयमा बढी ध्यान केन्द्रित हुने र नीतिगत मुद्दा ओझेलमा पर्ने अवस्था हुन्थ्यो । विधानको नयाँ व्यवस्थाले अब महासंघका हरेक साधारणसभा र अधिवेशनमा नीतिगत विषयले प्राथमिकता पाउनेछ भने निर्वाचन नेतृत्व चयनमा मात्र केन्द्रित हुनेछ ।

महासंघले आफ्नो पोखरा साधारणसभाबाट विधान संशोधन प्रस्ताव पारित गरेलगत्तै संघीय सरकारले प्रेस स्वतन्त्रतामा अंकुश लगाउने र मिडियालाई नियन्त्रण गर्ने प्रावधानसहित संघीय संसदको राष्ट्रियसभामा मिडिया काउन्सिल विधेयक दर्ता गर्‍यो । विधेयकका प्रावधानहरू सच्याउन महासंघले लामो समयसम्म सडक संघर्षसमेत गर्नुपर्‍यो । महासंघको संघर्षकै कारण राष्ट्रियसभामा केही विषय सम्बोधन गरियो भने केही अझै सच्याउन बाँकी छ । यसैगरी महासंघले संघ र सबै प्रदेश सरकारलाई सञ्चारसम्बन्धी कानूनको मस्यौदा नै बनाएर हस्तान्तरण गर्‍यो भने प्रदेशमा पेश भएका केही कानून सच्याउन सफलता प्राप्त भयो ।

यसैबीच कोरोना सक्रमण देखापरेका कारण महासंघको संगठनात्मक जीवनमा पनि त्यसको असर पर्‍यो । कोरोनाको बहाना बनाएर पत्रकारहरूलाई कामबाट निकाल्ने, बेतलवी विदामा राख्ने, समयमा तलव नदिने तथा तलव कटौती गर्ने जस्ता कार्यविरूद्ध महासंघ सशक्तढंगले उभियो । पत्रकारको अधिकारका लागि हामीले सडकमा, मिडिया हाउसहरूमाधर्ना र आन्दोलनका कार्यक्रम गर्‍यौ भने सञ्चालकका घरसम्म घेर्ने कार्यक्रम तय गरियो । महासंघको संघर्षकै कारण धेरै ठूलो सफलता प्राप्त भयो ।

यस्तैगरी महासंघले लामो समयदेखि उठाउँदै आएको मुद्दा भनेकोमहासंघको शुद्धीकरणको मुद्दा हो । प्रत्यक्ष निर्वाचन प्रणालीमा गएसँगै हाल क्रियाशील नरहेका करीव पाँच हजार सदस्यहरूको यसपटक नवीकरण भएको छैन । पाँच हजार सदस्यहरूको नवीकरण नहुनु भनेको पनि ठूलो शुद्धीकरण हो । हाल पत्रकारिता पेशामा नरहेका र क्रियाशील नरहेकाको सदस्यता नवीकरण नगर्नू भनेर हामीले परिपत्र गरेका थियौं । यसरी शुद्धीकरणको पाटोमा केही सफलता प्राप्त भएको छ र यसलाई आगामी दिनमा पनि निरन्तरता दिनुपर्नेछ ।

हाम्रो कार्यकालको अर्को उपलब्धिभनेको मिडियालाई राष्ट्रिय सेवामूलक उद्योगको मान्यता दिलाउन सफलता प्राप्त भएको छ । सहुलियतपूर्ण ऋण उपलब्ध गराउने निर्णय भएको छ । स्वरोजगार मूलक मिडियाहरूको हकहितको पक्षमा समानुपातिक विज्ञापन वितरण गर्नुपर्ने विज्ञापन ऐनमा गरिएको व्यवस्थाले केही भए पनि राहत मिल्ने विश्वास छ । हामी निर्वाचित भएर आउनासाथ समानुपातिक विज्ञापनका लागि सर्वोच्च अदालतमा मुद्दा हाल्यौँ र अदालतले कानून बनाएर समानुपातिक विज्ञापन नीति कार्यान्वयन गर्न आदेश गरेबमोजिम अहिले संसदवाट पारित विज्ञापन सम्वन्धी ऐनमा समानुपातिक विज्ञापन सम्बन्धी व्यवस्था गरिएको छ । लामो समयदेखि उठ्दै आएको यो विषय पनि हाम्रो कार्यकालमा आएर हल भएको छ । यस्तैगरी सर्वोच्च अदालतमा हामीले दर्ता गराएको अर्को रिट निवेदनमा अदालतबाट सम्पूर्ण विज्ञापनको १० प्रतिशत रकम पत्रकार कल्याण कोषका लागि छुट्याउन आदेश जारी गरिएको छ । यसको कार्यान्वयनका लागि महासंघले पहल बढाइरहेको छ । यो पनि श्रमजीवी पत्रकारका लागि दीर्घकालीन महत्व राख्ने आदेश हो, किनकि चौध अर्बको विज्ञापन बजार छ नेपालमा । प्राइभेटलाई छाड्ने हो भने चार अर्बको सरकारी विज्ञापन छ । चार अर्बको १० प्रतिशत छुट्टिनु भनेको पनि ४० करोड रूपैँया छुटिन्छ हरेक वर्ष श्रमजीवी पत्रकार कल्याण कोषमा । यस्तो कोष बन्यो भने यो कोषबाट पत्रकारको बिमा, उपचार, वृत्ति विकाससहित विभिन्न समस्यामा खर्च गर्न सकिन्छ । यस्तैगरी महासंघको मागबमोजिम वरिष्ठ पत्रकार सम्मान बृत्तिका लागि ५ करोड ३४ लाख रूपैयाँको कोष स्थापना भएको छ ।अब यो कोषबाट वरिष्ठ पत्रकार र अपांगता भएका पत्रकारलाई नियमित जीवन निर्वाह भत्ता दिनुपर्छ भन्ने हाम्रो आग्रह हो ।

यस बाहेक महासंघका थुप्रै नीतिगत निर्णय भएको छ । जस्तै लैङ्गिक तथा समावेसी मैत्री निर्देशिका बनाइएको छ । विपदको बेला कसरी काम गर्ने भनेर निर्देशिका बनाएका छौँ। पत्रकार सुरक्षा निर्देशिका बनाइएको छ । यसबीच महासंघकाएक दर्जनभन्दा बढी जिल्ला र ३ वटा प्रदेशमा भवन निर्माण भएका छन् ।

समग्रमा भन्दा पत्रकार महासंघ प्रेसतथा अभिव्यक्ति स्वतन्त्रताको रक्षा, पत्रकार हकहित र अधिकार एवम् मिडियाको हितका पक्षमा दृढतापूर्वक उभिएको छ । यसैगरी लोकतन्त्र र नागरिक अधिकारको सवालमा पनि पत्रकार महासंघले बोल्दै र काम गर्दै आएको छ ।

हामीले सोचे जति त कार्य गर्न सकेनौ, तर जे जति गर्न सक्यौं, त्यसमा इमान्दारपूर्वक र आफूले सकेसम्म समय दिएर महासंघका लागि अहोरात्र खटिएका छौं ।

**तपाईंले अघि पनि भन्नुभयो, मिडिया काउन्सिल विधेयकको बेलामा सडकमै आउनुपर्ने भयो र अहिलेको संसद बिघटनको महासंघले विरोध गरेको छ। यी दुईवटा कुरालाई एकथरी मानिसले चाहिँ महासंघले राजनीति गर्‍यो भन्ने हिसावले पनि कुरा गरे । पार्टीको आन्तरिक मामिलामा यस्तो गरेको विषयमा यति छिटै सडकमा आउने बेला भएको थिएन भन्ने कमेन्टहरू पनि आए । यसमा महासंघको धारणा के छ ?**

अब पहिलो त मिडिया काउन्सिल विधेयक संसदमा दर्ता भइसकेपछि हामीले विधेयकको अध्ययन गर्‍यौ र अध्ययन गर्दा त्यहाँ थुप्रै प्रेस स्वतन्त्रता विरोधी धाराहरू देख्यौं । मिडिया काउन्सिल विधेयकमा खासगरी प्रेस काउन्सिललाई मिडिया काउन्सिलमा बदल्ने र सरकारले नियुक्त गरेका व्यक्तिले मिडियालाई नियन्त्रण गर्ने, दण्ड जरिवाना र क्षतिपूर्ति तिराउने, मिडियालाई कारवाही गर्ने जस्ता थुप्रै प्रेस स्वतन्त्रता विरोधी प्रावधानहरू थिए । विश्वका कुनै लोकतान्त्रिक मुलुकमासरकारी शाखा जस्तो मिडिया काउन्सिल बनाएर सिङ्गो मिडियालाई नियन्त्रण गर्ने प्रावधान छैन भनेर हामीले यसको बिरोधमा सबैभन्दा पहिले ज्ञापनपत्र दियौँ । त्यसको सुनुवाई नभएपछि हामी सडकमा गयौँ । त्यसपछि संसदमा गयौँ र हाम्रो आन्दोलनका कारण सत्तापक्षले लिखित प्रतिवद्धता जनायो । धेरै बुँदाहरू संसदमा



सच्याइयो र कतिपय बुँदाहरू सच्याउन बाँकी छ । अहिले त्यो विधेयक संसदमै विचाराधीन अवस्थामा छ । हामी सडकमा नगएको भए विधेयकमा कुनै सुधार हुने थिएन । कसैले यसमा सडकमा महासंघ जानुहुन्नथ्यो भन्छन् भने त्यो अलोकतान्त्रिक, प्रेस स्वतन्त्रता बिरोधीले मात्रै भन्न सक्छ । त्यसैले महासंघ सडकमा जानु जायज हो भन्छ भन्ने मलाई लाग्छ ।

अर्को भनेको अहिलेको प्रतिनिधिसभा विघटनको कदमबारे । पत्रकार महासंघको चरित्र कस्तो छ भने महासंघ राष्ट्रिय हितको, लोकतन्त्रको, नागरिक हितको, प्रेस स्वतन्त्रता, पत्रकारको हित र मिडियाको हितको पक्षमा स्थापनादेखि अहिलेसम्म अनवरत रूपमा संघर्ष गर्दै र आवाज उठाउँदै आएको छ। महासंघले पञ्चायतकालमा पनि लोकतन्त्रका पक्षमा,नागरिक अधिकारको पक्षमा पनि आवाज उठाउँदै आएको छ । २०४६ सालको आन्दोलनमा तपाई देख्नुहुन्छ, तत्कालीन सभापति गोविन्द वियोगी पञ्चायती व्यवस्थाको विरूद्धमा सडकसम्म पुग्नु भएको थियो र महासंघले सशक्त आवाज बोलेको छ । त्यसपछिका हरेक संसद विघटनका बेलामा महासंघले यो जन अपेक्षाअनुरूप भएन, संसद विघटनले लोकतन्त्र स्थिर हुदैन भनेर हरेकपटक बोलेको छ ।२०६२/६३ को आन्दोलनमा पनि महासंघ संघीय लोकतन्त्रको पक्षमा सडकसम्म पुगेको छ । ब्यानर बोकेर संघीय लोकतान्त्रिक गणतन्त्रको पक्षमा नारा लगाएर सडकसम्म पुगेको छ । महासंघको अहिले विधान हेर्नुहुन्छ भने संघीय लोकतान्त्रिक गणतन्त्रको संस्थागत विकासको पक्षमा लाग्ने प्रतिवद्धता विधानको प्रस्तावनामै लेखिएको छ । अहिलेको यो संसद विघटनपछि संघीय लोकतान्त्रिक गणतन्त्रको स्थायित्वमा केही प्रश्नहरू उठेका छन् । यसपछि राजनीतिक दलहरूमा समर्थन वा विरोधमा सडकमा उत्रने, एकआपसमा अनैतिक ढङ्गले गालीगलौज गर्ने जस्ता त्रियाकलापले लोकतन्त्र केही हुने होकि र लोकतन्त्र तलमाथि हुँदा हाम्रो प्रेस स्वतन्त्रतामा फेरि आघात पुग्ने हो कि भन्ने आशंका हामीमा छ । त्यसैले हामीले यो बेला हाम्रो यही चासो सार्वजनिक गरेका हौं । यस्तो बेला आवाज उठाएनौं भने कहिले उठाउने ? यस संसद विघटनका कारण प्रेस स्वतन्त्रतामाथि कहिँकतैबाट आँच नआओस् । हामीले हाम्रो प्रस्तावनामा लेखेको संघीय लोकतान्त्रिक गणतन्त्रको संथागत विकासमाथि कुनै किसिमको चोट नपुगोस् । हाम्रो संविधानका धाराहरू कहिँकतैबाट हनन नहुन् भनेर हामीले शुरूदेखि चासो व्यक्त गरेका छौँ र अहिले पनि चासो व्यक्त गर्छौं । भोलिका दिनमा पनि हामी लोकतन्त्रका पक्षमा र प्रेस स्वतन्त्रताको पक्षमा सधैँ उभिन्छौँ र यसमा कसले के भन्छ भन्ने कुरा महासंघले त्यति हिसाव किताव गर्दैन किनभने यो एउटा लोकतान्त्रिक संस्था हो र यो विधानअनुसार चल्छ । यसलाई कुनै राजनीतिक पूर्वाग्रह भन्दा पनि हाम्रो विधानले के भन्छ र अहिलेको घटनाक्रमबारे हाम्रो विगतदेखिका धारणाहरूका आधारमा केन्द्रीय समितिले तय गर्ने धारणा नै महासंघको आधिकारिक धारणा हो ।

**श्रमजीवी पत्रकारहरूको मुद्दा जुन अघि तपाईंले उल्लेख गर्नुभयो, योपटक कोभिडले गर्दाखेरी अनपेक्षित घटनाक्रमहरू पनि देखिए । पत्रकारहरूलाई जागिरबाट निकाल्नेदेखि पारिश्रमिक रोक्ने पहिलाकोभन्दा यो क्रम धेरै बढ्यो । यो क्रममा पनि महासंघले धेरै सकरात्मक भूमिका खेलेको भनेर दावी गर्ने गरेको छ । तर अझै पनि बाहिरबाट मानिसले महासंघले अझै सक्रिय भूमिका खेल्नु पर्थ्यो, त्यो हुन सकेन । यो संकटको बेलामा श्रमजीवी पत्रकारका लागि गर्नसक्ने जति गरेन भन्ने पनि टिप्पणी सुनिन्छ । यो विषयमा के छ धारणा ?**

विश्वभरि महामारीको रूपमा फैलिएको कोरोना संक्रमणको असर नेपालमा पनि पर्‍यो त्यो स्वभाविक हो । यसको असर समाजका विभिन्न क्षेत्रमा पर्‍यो, पत्रकारिता क्षेत्रमा पनि पर्‍यो । अमेरिका, युरोप, बेलायत, भारत जस्ता विकसित देशहरू, लोकतन्त्रको लामो अभ्यास भएका देशहरूमा समेत थुप्रै पत्रकारहरू बेरोजगार हुनुपर्‍यो । नेपालमा पनि यसको कारण बेरोजगार हुने, समयमा तलव नपाउने, बेतलवी विदामा राख्ने जस्ता विभिन्न समस्याहरू यहाँका पत्रकार हरूले झेल्नुपर्‍यो । यस अवस्थामा महासंघ सडकसम्म पुग्यो,मिडिया हाउसमा कालो ब्यानर राख्ने, मिडिया हाउसहरूमा घेराउ गर्ने र मिडिया हाउसका सञ्चालकहरूसँग केन्द्रीय नेतृत्वको टिम नै

गएर पटकपटक वार्ता गर्ने, छलफल गर्ने, धर्ना दिने जस्ता विविध कार्यक्रमहरू हामीले यो बीचमा गऱ्यौँ । हामीले यी कार्यक्रमहरू गरेका हुँदैनथ्यौं भने श्रमजीवी पत्रकारको हालत के हुन्थ्यो होला ? शुरूमा हामीले देख्यौं कि धेरै पत्रकारहरूलाई बेतलवी बिदा दिइएको थियो । कामबाट निकालिएको थियो । कति पत्रकारलाई तलव पनि महिनौंदेखि दिइएको थिएन । हाम्रो दवावमूलक गतिविधिका कारण कामबाट निकालिएका पत्रकार काममा फिर्ता भए । दिनुपर्ने बाँकी तलवहरू भुक्तानी दिए । कतिपयलाई निकाल्न ठिक्क परेकोमा कामा फर्काइयो । बेतलवी विदामा राखेकाहरूलाई तलव दिन लगाइयो रकाममा फर्काइयो । यी घटनाहरू महासंघको पहलका कारण, दवावका कारण र महासंघको एकखालको वार्ता र संवादको कारण सफल भएको देख्न सक्छौं । जसले महासंघले अझै गर्नुपर्थ्यो भन्नुभएको छ, त्यो स्वभाविक नै हो किनभने महासंघले गर्दागर्दै पनि कतिपय सकेन होला । कतिपय महासंघमा आउनुभएन होला । हामी खुलारूपमा के आग्रह गर्छौं भने कुनै पत्रकार श्रम समस्यामा हुनुहुन्छ भने महासंघमा आउनुस् । तपाईको अधिकारको लागि हामी लड्छौं । यो हाम्रो दायित्व हो भनेर हामीले खुल्ला आव्हान पनि गऱ्यौं । तर यति गर्दागर्दै पनि महासंघमा नआउने तर बाहिर बसेर महासंघले केही गरेन भनेर सत्तोसराप गर्ने प्रवृत्ति ठीक होइन । कतिपय हामीले सकेनौ होला, उहाँहरूको अपेक्षाअनुरूप सकेनौहोला तर भोलिका दिनमा यस्ता घटनाबाट पाठ सिकेर श्रमजीवीका मुद्दालाई निरन्तररूपमा महासंघले उठाइरहनुपर्ने मुद्दाकारूपमा बुझ्नुपर्छ भन्ने मलाई लाग्छ ।

**पत्रकार महासंघसँग धेरै पत्रकारहरूले आशा गरेको कुरा हो,तालिमका लागि एकेडेमी सञ्चालन । पत्रकारहरूलाई आफ्नो क्षमता बृद्धिकालागि पनि महासंघले केही भूमिका निर्वाह गरोस् । जस्तै तालिम सञ्चालन लगायतका कुरा । यी कार्यहरू शुरूवातनै गर्न पनि यसपालिको कार्यकालले सकेको जस्तो देखिदैन त ?**

यो सुरूवात गर्नेगरी प्रक्रिया अघि बढेको थियो ।हामी निर्वाचन भएर आउनासाथ आमसञ्चार प्रशिक्षण प्रतिष्ठान गठन गर्ने भनेर केही गृहकार्य भएको थियो र पहिलेको कार्यसमितिले पनि गरेको थियो । हामी आउनासाथ तत्कालीन सञ्चारमन्त्री मोहन बस्नेतज्यूले हामीलाई बोलाएर एकेडमी बनाउने भन्नुभयो । त्यसपछि कृष्णप्रसाद भट्टराई आमसञ्चार प्रशिक्षण प्रतिष्ठान गठन गर्ने निर्णय सरकारले गरेको थियो । तर नामको विषयमा विवाद भयो । र, उहाँ पछि हट्नु भयो । त्यसपछि चुनाव आयो । चुनावपछि यो काम हुन्छ भन्ने थियो । पत्रकार महासंघले आमसञ्चार प्रशिक्षण प्रतिष्ठान बनाऊ, नामको विषयभन्दा पनि प्रमुख विषय भनेको प्रतिष्ठान स्थापना हुनु हो भन्यो । पछि आएर वास्तवमा कोरोना आइसकेपछि यो पहल बीचमा नै रोकियो । अहिलेफेरिपहलकदमी शुरू भएको छ । यसलाई सञ्चारमन्त्रीज्यूले पनि गठन गर्ने भनेर भन्नुभएको छ । फेरिहामीले अर्थमन्त्रीज्यूलाई पनि भेटेका छौं र उहाँले पनि यही आर्थिक वर्षभित्र गठन गर्छौं भन्नुभएको छ । सकेसम्म हाम्रो कार्यकालको अन्तिमसम्म भएपनि आमसञ्चार प्रशिक्षण प्रतिष्ठान उद्घाटन भइदिए हुन्थ्यो भन्ने हाम्रो चाहना छ । हुन नसके पनि यो अन्तिम चरणमा पुगेको छ । त्यसैगरी प्रदेश तहहरूमा पनि विभिन्न प्रदेशमा आमसञ्चार प्रशिक्षण प्रतिष्ठान गठन भएको छ,महासंघले भनेअनुरूप गठन नभए पनि । स्वायत्त संस्था जसरी गठन होस्, स्वतन्त्र व्यक्तिहरू, विज्ञहरू राखियोस् भन्ने हाम्रो चाहना हो । संस्था चाहिँ प्रदेश तहमा पनि स्थापना भएको छ र केन्द्रमा अन्तिम चरणमा पुगेको छ । यो महासंघको पहल हो भनेर बुझिदिन आग्रह गर्छु ।

**अब आउने कार्यसमितिको कुरा गरौं । रणनीतिक हिसावले महासंघको साधरणसभाले तय गर्ने छ, अब आउने कार्यकाल कसरी अघि बढ्नेछ भनेर ।तपाईं अध्यक्ष भइरहँदा र यसअघि पनि विभिन्न पदमा बसेर काम गरेको हिसावले महासंघलाई अब कतातिर लैजाने ? मुख्य चुनौती, अबको बाटो केहो ?कस्तो हो भन्ने लाग्छ तपाईलाई ?**

पत्रकार महासंघ वास्तवमा नेपालको यस्तो संस्था हो कि जुन पहिलो नागरिक अगुवा साझा संस्था हो । नेपाल पत्रकार महासंघभन्दा पहिले थुप्रै संघसंस्था त गठन भए तर ती साझा संस्थाका रूपमा निरन्तरतामा अहिलेसम्म छैनन् । पत्रकार महासंघले स्थापना भएदेखि अहिलेसम्म आफ्नो मात्र मुद्दा कहिले पनि बोकेन । पत्रकारको हकहित र अधिकारको लागि मात्र कहिले पनि लडेन महासंघले । पत्रकारहरूलाई आफैमा राज्यको चौथो अङ्ग भनिन्छ । यो चौथो अङ्गले राज्यको विभिन्न निकायको निगरानी, खवरदारी गर्ने दायित्व निर्वाह गरेको छ । यसले सबभन्दा बढी लोकतन्त्रको पक्षमा आवाज उठायो । नागरिक अधिकारका पक्षमा पनि हामीले आवाज उठाएका छौं । त्यसैगरी हामीले प्रेस स्वतन्त्रता, हरेक व्यक्तिको अभिव्यक्ति स्वतन्त्रताको पक्षमा पनि आवाज उठाएका छौं । पत्रकार हकहितको लागि त हामीले आवाज उठाउने भइहाल्यौं । मिडियाको, सञ्चारमाध्यमको हितको पक्षमा पनि आवाज उठाएका छौं । अहिले पनि यिनै एजेण्डाकै वरिपरि रहेर हाम्रा कार्ययोजना बनाएका थियौं । भोलि पनि यिनै विषयमा आवाज उठाउनुपर्ने हुन्छ । यी विषयमा बोल्नै नपर्ने अवस्था सिर्जना हुनु भनेको महासंघ जस्तो संस्थाको औचित्य नहुनु हो । हामीले लविङ गर्नुपर्ने कुनै पनि मुद्दा बाँकी रहेनन् भने मात्रै महासंघको औचित्य नै रहँदैन ।

भोलिका दिनमा पनि हामी अझ बढी निरन्तररूपमा लोकतन्त्रको लागि आवाज उठाउँछौं । विकसित समाज छ । सूचना प्रविधिमा भएको विकासले विभिन्न नयाँ नयाँ आयाम र मिडियाको प्रकृति पनि फरक फरक हुँदै जान्छ । त्योअनुरूप ढाल्नु पऱ्यो । हामी सक्षम बन्नुपऱ्यो भोलिका दिनमा । महासंघ जस्तो नागरिक अगुवा संस्था संस्थागतरूपमा बलियो हुनुपऱ्यो । पारदर्शी हुनुपऱ्यो । यसका हरेक गतिविधिहरूमा नागरिक समाजलाई, समाजका हरेक व्यक्तिहरूलाई थाहा हुनपऱ्यो । जनताका बीचमा लगेर सार्वजनिक सुनुवाई गर्ने हुनुपऱ्यो । भोलिका दिनमा हामीले यस्ता यस्ता क्रियाकलापहरू बढाउँदै लानुछ । एउटा नागरिक प्रतिनिधि संस्था भएकोहुनाले मिडियाप्रतिको गुनासो पत्रकार महासंघमार्फत नागरिकहरूले भन्न पाउनुपर्छ । मिडियाले पनि अन्याय गऱ्यो कि मिडिया सही बाटोमा छ कि छैन? मिडियाले जनचासोका विषयमा समाचार सामग्री प्रवाह गऱ्यो कि गरेन? हाम्रा कन्टेन्ट के भए ? कसो भए ? यी विषयसम्म अब हामीले समीक्षा गर्नुपर्ने हुन्छ । पत्रकारिताको व्यवसायिक विकास, पेशागत शुद्धताको लागिपनि आगामी दिनमा काम गर्नुपर्ने हुन्छ । त्यसैले महासंघको आगामी दिनमा ठूलो दायित्व छ । महासंघको उद्देश्य हासिल गर्नका लागि पनि महासंघले निरन्तर नागरिक अगुवा संस्थाकै रूपमा भूमिका खेल्नुपर्छ भन्ने लाग्छ ।

# पत्रकारिता क्षेत्रमा थप जिम्मेवारीबोध आवश्यक छ



**नागरिकहरूको आशा र अपेक्षा धेरै रहेकाले प्रेस जगत र पत्रकार महासंघको जिम्मेवारी पनि धेरै छ । यो क्षेत्रलाई कतैबाट पनि दुरूपयोग हुन नदिने र वास्तविक रूपमा पेशाप्रति अविचलित रहँदै समाज र देशलाई कसरी योगदान गर्ने भन्ने कुरा एउटा चुनौतीको रूपमा पनि रहेको छ । अहिले पत्रकारिता क्षेत्रको शक्ति अझ बढेको छ ।**


**हरिहर विरही**
hbirahi@gmail.com


नेपाल पत्रकार महासंघले व्यवसायिक मूल्यमान्यताको रक्षा गर्दै पत्रकारलाई समय समयमा सही दिशाबोध गराउने काम गरिआएको छ । यो व्यवसायमा मात्र सीमित नरही नागरिकका सरोकारका मुद्दा, राष्ट्रिय महत्वका विषय र जनअधिकारका सन्दर्भहरूलाई उच्च प्राथमिकतामा राखिआएको छ ।

जनभावना र राष्ट्रको आवश्यकता अनुसारको राजनीतिक परिवर्तनको सन्दर्भमा पनि अग्रणी भूमिका निर्वाह गर्दै महासंघले विश्वभरिका पत्रकारलाई उदाहरण दिइआएको छ । तर अनेकौं राजनीतिक परिवर्तनपछि पनि पत्रकारको अधिकार, पारिश्रमिक, व्यवसायिक क्षमता अभिबृद्धिको क्षेत्रमा महासंघले अनेकौ समस्या झेल्नुपरिरहेको छ । यो दुःखद पक्ष हो । प्रेस स्वतन्त्रताका पक्षमा राज्य उदार र संवेदनशील हुनसकेको छैन । प्रेस स्वतन्त्रतामाथि बेलाबेला हस्तक्षेप भइरहेको छ । राज्यले प्रेसलाई यो हाम्रो शुभचिन्तक होइन भन्ने धारणा राखेको पाइन्छ । अनेकौं अवरोधहरू झेल्नु परिरहेको छ । कहिले मिडिया काउन्सिलको गठनका सन्दर्भमा कहिले अरू कानून बनाउने क्रममा विभिन्न नाममा प्रेस स्वतन्त्रतालाई संकुचित गर्ने काम लोकतान्त्रिक युगमा पनि भोग्नुपर्ने अवस्था हुनु दुःखद हो ।

तर, पत्रकार महासंघले यसमा हरेश खाएको छैन । जिल्लादेखि केन्द्रसम्मका पत्रकार महासंघका साथीहरू दुःखकष्ट सहेर पनि आफ्नो पक्षबाट संघर्षशील भूमिका निर्वाह गरिरहनुभएको छ । उहाँहरूले हरेश खानुभएको छैन । यो सुखद पक्ष हो ।

नागरिकहरूको आशा र अपेक्षा धेरै रहेकाले प्रेस जगत र पत्रकार महासंघको जिम्मेवारी पनि धेरै छ । यो क्षेत्रलाई कतैबाट पनि दुरूपयोग हुन नदिने र वास्तविक रूपमा पेशाप्रति अविचलित रहँदै समाज र देशलाई कसरी योगदान गर्ने भन्ने कुरा एउटा चुनौतीको रूपमा पनि रहेको छ । अहिले पत्रकारिता क्षेत्रको शक्ति अझ बढेको छ । यसै सन्दर्भमा व्यवसाय र राज्यप्रतिको जिम्मेवारीलाई कसरी थप बलियो बनाउने भन्ने कुरा महत्वपूर्ण छ । आम नागरिकका चासो र आशालाई सम्बोधन कसरी गर्ने ? भन्ने कुरामा ध्यान केन्द्रित गर्नुपर्ने अवस्था छ ।






पत्रकारिताको लक्ष्यको सीमा नै हुँदैन । यो ब्यवसाय मात्र नभएर संघर्षशील र जिम्मेवारीपूर्ण ब्यवसाय हो । संघर्षको नाममा जथाभावी गर्नु हुँदैन । निरंकुश र स्वेच्छाचारी ढँगले आफ्ना साधनको प्रयोग गर्न हुने हो कि होइन भनेर पत्रकार सदैब सचेत हुनुपर्छ । यही कुरालाई ख्याल गर्दै पत्रकार महासंघले आफैँ आफ्नो आचारसंहिता निर्माण गरेर लागू गराउँदै आएको हो । यो जिम्मेवारीबोध पहिलेभन्दा अहिले धेरै भइरहेको छ । तर अझै हुनुपर्ने जति भइसकेको छैन । अझै धेरै सुधारको खाँचो छ । यसका लागि सीप र क्षमता अभिबृद्धिका क्षेत्रमा धेरै काम गर्नुपर्ने छ ।

देशको राजनीतिक लगायत वातावरणको प्रभाव पत्रकारहरूलाई पनि पर्नु नाजायज होइन । राजनीतिक स्थिरताको अभावमा त्यसको प्रभाव पत्रकारहरूमा पनि पर्ने नै भयो । राजनीतिक रूपमा दलहरू अलमल गरिरहेका बेला पत्रकार महासंघले लोकतान्त्रिक गणतन्त्रमा जानुपर्छ भन्ने निर्णय गरेर अग्रगमनको आन्दोलनको नेतृत्व गरेको हो । त्यसपछि राजनीतिक स्थिरता आउने र पेशागत सुरक्षाका साथै पत्रकारिताको गुणात्मक विकास हुने आशा भएपनि त्यसो हुन सकेन, यो अर्को दुःखद पक्ष हो । पछिल्लो चुनाबपछि राजनीतिक स्थिरता र स्थायित्व आउने आशा गरिएको थियो । तर, फेरि पनि यो अवस्था आउन सकेन । यसले गर्दा पनि ब्यवसायिक प्रवर्द्धनका लागि दिनुपर्ने जति ध्यान दिन नसकिएको साँचो हो । तर, यसो भन्दैमा सबै काम राजनीतिको कारणले मात्र भएको हो भन्ने छुट हामीलाई हुँदैन । हामी आफूले पनि आफ्नो मूल्याँकन गर्नुपर्ने आवश्यकता छ । नेपाल पत्रकार महासंघले केही कामै गरेको छैन भन्ने होइन, धेरै काम गरिरहेको छ । तर अझै थप गर्नुपर्ने आवश्यकता छ ।

अहिले पत्रकारिताप्रति आम नागरिकको भरोसा धेरै भएकाले यो क्षेत्रको जिम्मेवारी पनि बढेको छ । तर, अहिले पनि पत्रकारितासम्बन्धी एउटा पनि गतिलो पुस्तकालय देशैभरिमा पनि छैन । पत्रकारको सीप र दक्षता अभिबृद्धि गर्ने ठाउँहरू कम मात्र छन् । सैद्धान्तिक ज्ञानका साथै ब्यवहारिक ज्ञान सिकाउने थलोको अभावमा पनि पत्रकारिताको समग्र विकास र गुणस्तरीयताको प्रवर्द्धन सोचेजस्तो गरी हुन सकिरहेको छैन । नेपाल पत्रकार महासंघले यो विषयमा पनि ध्यान केन्द्रित गर्नुपर्ने आवश्यकता छ ।

*– विरही महासंघका पूर्वसभापति हुनुहुन्छ ।*

*(लक्ष्मण कार्कीसँगको कुराकानीमा आधारित)*

# नेपालमा मिडियाहाउस बन्नै सकेनन्, पत्रकारको पेशागत सुरक्षाको कुरा भाषणमा सीमित भयो



**नेपालमा मिडिया हाउसको परिकल्पना धेरै पहिले नै गरिएपनि ती हाउस बन्न सकेनन् ।ती सबै ब्यक्तिका र परिवारका कम्पनी बने । जे कारणले लगानीकर्ताहरू मिडिया क्षेत्रमा आउनुभयो र लगानी गर्नुभयो उहाँहरूले पत्रकारको हकहितमा जति गर्नुपर्ने थियो, जति इमान्दारिता देखाउनुपर्ने थियो, त्यो देखाउन सक्नुभएन । पत्रकारले मात्र चलाएर मात्र पनि मिडिया हाउस नचल्ने रहेछ भन्नेपनि देखियो । यसो गर्न पत्रकारहरूले पनि सकेका छैनौँ ।**


**डा. सुरेश आचार्य**
aaa.suresh@gmail.com


सामान्यतया नेपाल पत्रकार महासंघ भनेको पत्रकारको ब्यवसायिक हकहितका लागि लड्ने संस्था हो । ब्यवसायिक हकहित भन्नासाथ मूलतः प्रेस तथा अभिब्यक्ति स्वतन्त्रताको रक्षाको पाटो र आम पत्रकारको अधिकारको कुरा आउँछ । नेपाली पत्रकारिता अझै पनि विभिन्न समस्याबाट गुज्रिरहेको छ । संविधान र कानूनमा लेखिएका जति स्वतन्त्रताका कुरा छन् ती सबै निर्वाधरूपमा उपभोग गर्न पाउने अवस्था छैन ।

राज्यले मिडियालाई कसरी नियन्त्रण गर्न सकिन्छ भनेर नै सोचिरहेको हुन्छ । राज्य आफ्नो विरोध र विपक्षमा आउने कुरा रोक्न सके बलियो हुन्छु भन्ने ठानिरहेको हुन्छ । यो लोकतान्त्रिक सोच होइन । दलहरूको यो सोच आज मात्र होइन हिजो पनि थियो । पछिल्लो समय वामपन्थी दलको दुईतिहाई निकट बहुमत प्राप्त सरकार बनेपछि यो मूल्यमान्यतामा थप कठोरता देखियो । जसको एक उदाहरण मिडिया काउन्सिल विधेयक हो । यो लगायतका विधेयकमा त्यो कठोरपना देखियो । त्यसको विरोधमा महासंघले लिएको अडान सही छ । भलै, अझै केही कानूनहरूमा महासंघले राखेका अडान समाविष्ट गर्न सकिएन । सरकारसँग महासंघको केही दूरी बढेका कारण पनि यस्तो भयो होला । तैपनि महासंघले सही ढँगले नै भूमिका निर्वाह गर्‍यो भन्ने मलाई लाग्छ ।

पत्रकारको हकहितको विषयचाहिँ अहिलेसम्म नारा लगाउने विषयकै रूपमा मात्र रहिरहेको छ । यो दुःखद र दुर्भाग्यपूर्ण छ । पत्रकार महासंघले केही गरेन काम गर्ने कोसिस नै गरेन भन्ने होइन । तर जति हुनुपर्ने थियो, त्यो भने हुन नसकेकै हो । पत्रकारलाई मिडिया कम्पनीले गर्ने ब्यवहार अहिले पनि कस्तो छ भन्ने कुरा जगजाहेर छ । कोभिड– १९ को क्रममा यो छताछुल्ल भयो । ठूला भनिएका मिडिया कम्पनीले पत्रकारलाई कस्तो ब्यवहार गरे भन्ने देखियो । यो बिडम्बनापूर्ण हो ।

नेपालमा मिडिया हाउसको परिकल्पना धेरै पहिले नै गरिएपनि ती हाउस बन्न सकेनन् । ती सबै ब्यक्तिका र परिवारका कम्पनी बने । जे कारणले लगानीकर्ताहरू मिडिया क्षेत्रमा आउनुभयो र लगानी गर्नुभयो उहाँहरूले पत्रकारको हकहितमा जति गर्नुपर्ने थियो, जति

इमान्दारिता देखाउनुपर्ने थियो, त्यो देखाउन सक्नुभएन । पत्रकारले मात्र चलाएर मात्र पनि मिडिया हाउस नचल्ने रहेछ भन्नेपनि देखियो । यसो गर्न पत्रकारहरूले पनि सकेका छैनौँ ।

अहिले पत्रकारले चलाएका मिडियालाई स्वरोजगारमूलक भन्ने गरिन्छ । तर यसमा पनि समस्या छ । स्वरोगजारमूलक हो भने अरूलाई काममा लगाउनुभएन । आफू र आफ्नो परिवारले मात्र काम गर्नुपर्‍यो । अर्को ब्यक्तिलाई काम लगाउने अनि कम्तिमा राज्यले तोकेको न्यूनतम सेवा सुविधा पनि नदिने त भएन नि । स्वरोजगार हो भने काम अरूलाई लगाउनुभएन । अर्कातिर, राज्यसँग सुविधा लिन मात्र मिडिया चलाउने अनि राज्यले बनाएको कानून लागू गर्ने बेलामा चाहिँ स्वरोजगारमूलक पो त भन्न भएन । तपाईँको परिवारले मात्र जागिर खाने वा पालिने कुरा पत्रकारिता होइन । सूचना नागरिकको अधिकार भन्ने मान्यतामा आधारित भएर पत्रकारिता गर्नुपर्‍यो । त्यसमा पनि अरूलाई काममा लगाएपछि त राज्यले तोकेको न्यूनतम पारिश्रमिकत कम्तिमा दिनुपर्‍यो नि । यो समस्या टड्कारो छ ।

अर्कातिर, साना वा स्वरोजगारमूलक भनिने मिडियालाई मात्र औंलो ठड्याएर पनि हुँदैन । किनभने, ठूला भनिएका, धेरै सुनिने, पढिने र हेरिने मिडियाले नै पत्रकारको हकहितका लागि काम गरेनन् । पटकपटक यो समस्या धेरै नै देखियो । ठूलामा त देखियो भने सानामा पनि देखिने नै भयो भन्ने कुरा हुने भयो । यो प्रवृत्ति हिजोदेखि आजसम्ममा कमी आएन ।

पत्रकारलाई समस्या पर्दा, पारिश्रमिक नपाउँदा, काम गुम्दा पत्रकार महासंघले ती मिडिया कम्पनीमा गएर आन्दोलन गर्‍यो, दबाब दियो । त्यसले तत्कालको समस्या समाधान त भयो तर यसले दीर्घकालीन समस्या समाधान भएन । पेशागत सुरक्षाको सुनिश्चितता हुन सकेन । यस्तो क्रम दोहोरिइरह्यो । कम्तिमा एउटै इस्यु एउटै कम्पनीमा त नदोहोरियोस् न ।

अब महासंघले आफै मिडिया चलाउने कुरा पनि होइन । मिडिया कम्पनी चलाउनेले किन चलाएको भन्ने स्पष्ट हुनुपर्‍यो । राज्यको सुविधा लिनलाई मात्र चलाइएको हो कि पत्रकारिता गर्न हो कि वा नाफा मात्र कमाउनका लागि हो त ? स्पष्ट हुनुपर्‍यो । उद्योग चलाएपछि राज्यका नीतिनियम, कानून मान्छौँ भनेको हुन्छ त्यो त मान्नै पर्‍यो । श्रमजीवीलाई राज्यले दिए मात्र सेवा सुविधा दिन्छु भनेर भन्न पाइँदैन । हिजोको कानून अनुसार कम्पनी दर्ता गरेर आएपछि अब शर्त राखेर शोषणका आधार बनाउन पाइँदैन ।

पत्रकार महासंघलाई ठूला मिडिया कम्पनीलाई कडिकडाउ गर्न नसकेको आरोप पनि लाग्ने गरेको छ । मिडिया सञ्चालकले राज्यलाई नै सरकारलाई नै देखाइदिन्छु भन्ने दम्भ पालेका छन् । उनीहरू पत्रकारलाई गन्दैनन् जसका कारण अरूका अधिकारका बारेमा कलम चलाउने पत्रकार आफैँ भने आफ्ना पीडा सुनाउन सक्ने अवस्थामा छैन । यो यथार्थ हो ।

मैले २०५१ सालदेखि श्रमजीवी पत्रकारको कुरा उठाउँदै आएको हो । कुनै पनि कम्पनी खोल्दा श्रमिकलाई न्यूनतम पारिश्रमिक दिनुपर्छ । दिएन भने श्रम शोषण भयो भनेर समाचार बन्छ तर उनै पत्रकारहरूमाथि त्योभन्दा चर्को शोषण भइरहेको छ । तर यस्ता समाचार आउँदैनन् । सबै मिडियामा उस्तै नियम एकैदिन लागू हुन सक्ने कि नसक्ने भन्नेमा बहानाबाजी गर्ने ? यो त भएन नि । राज्यले यसमा कडाइ गर्नुपर्‍यो । तर, राज्यले पनि चाहिने कुरामा होइन नचाहिने कुरामा नियन्त्रण गर्ने कुरामा जोड दिने गरेकाले समस्या भएको छ ।

यो अवस्थाको अन्त्य गर्न महासंघ अझै कठोर हुनुपर्छ । महासंघले अहिलेसम्म गरेको प्रयत्न सराहनीय छ । तर त्यो प्रयत्नले पत्रकारलाई क्षणिक लाभ मात्र दियो । यसलाई दीर्घकालीन बनाउनु आजको आवश्यकता हो । कम्तिमा एकपटक एउटा कम्पनीमा गएर कुरा गरिसकेपछि फेरि त्यस्तै कुरा गर्न त त्यहाँ जानु नपरोस् । यो महासंघका लागि पनि राम्रो होइन । र, यसले महासंघलाई जस पनि मिल्दैन ।

अर्कोतिर, पत्रकार क्षमतावान र ब्यवसायिक छैनन्, बार्गेनिङ गर्छन्, पत्रकारिता कम मात्र गर्छन्, पूर्वाग्रही छन् भन्ने खालका भनाइहरू पनि प्रशस्त सुन्न पाइन्छ । पत्रकारिता पनि सोसाइटीको रिफ्लेक्सन हो । अर्कोतिर राज्यको कमजोरी पनि हो । राज्यले मिडियालाई आफ्नो पक्षमा प्रयोग गर्न चाहिरहेको छ । ऊ मिडियामा आफ्ना कुराहरू मात्र आउन् भन्ठान्छ । समस्या यसैमा छ ।

मिडियालाई कमाइखाने भाँडो मात्र बनाइएकाले केही समस्या अवश्य देखिएका छन् । पत्रकार पनि बिना विचारको त हुँदैन । तर उसले आफ्नो पेशामा त्यसलाई कति देखाउँछ भन्ने हो । त्यस्तो पूर्वाग्रह हुनु हुँदैन भन्ने हो । यो पाटोमा गम्भीर खालको बहस गर्नुपर्ने बेला भइसकेको छ । पत्रकार महासंघले यस्ता विषयमा गम्भीर बहस र छलफल चलाउन सके यसले सकारात्मक नतिजा पनि ल्याउन मद्दत गर्नेछ ।

अर्कातिर मिडिया राजनीतिक आन्दोलनको सहयात्री मात्र भयौँ । २००७ सालपछि सँधै मिडिया राजनीतिक आन्दोलनको सहयात्री बनेको छ । किन पनि भने पत्रकार महासंघ सदैब प्रेस तथा अभिब्यक्ति स्वतन्त्रताका पक्षमा उभिएको हो । त्यो जरूरी पनि थियो । राजा वा पञ्चायत मात्र होइन लोकतान्त्रिक भनिने दलले सरकार चलाउँदा पनि यस्ता खालका आन्दोलनहरू गर्नुपर्ने अवस्था थियो र अझै पनि छ । तर यो लडाईँ कहिलेसम्म त ? अब त यस्ता आन्दोलनहरू गर्नु नपरे ध्यान अरू क्षेत्रमा दिन पाइने थियो । यसमा पनि अब बहसको खाँचो भइसक्यो ।

यसले ब्यवसायिक विकासमा समस्या भइरहेको छ । ठीकलाई ठीक भन्न नसक्ने हो भने त पत्रकारिता नै रहन्न नि । पछिल्लो समय अनलाइन मिडियाकै रूपमा आइसक्यो । सामाजिक सञ्जाल अझै मिडिया बनिसकेको त छैन तर इन्टरनेटको माध्यमबाट आउने हरेक कुरालाई मानिसले समाचार मानिरहेका छन् । फेसबुक, ट्वीटर, युट्युबजस्ता सामाजिक सञ्जालमा आएका कुराहरू कति समाचार हुन् कति होइनन् वा तिनीहरू मिडिया हुन् कि होइनन् भन्ने बुझाउनुपर्ने अवस्था छ । समाजले एउटा युट्युबरलाई किन 'युट्युबर' भन्न नसकेर 'यु ट्युबे' भनिरहेको छ ? यो कुरा महत्वपूर्ण छ । यो चुनौतीलाई चिर्न पनि पत्रकार महासंघले गम्भीरतापूर्वक काम गर्नुपर्ने जरूरी छ ।

सञ्चारजगत र कानूनी दायराको कुरा पनि पटकपटक उठ्ने गरेको छ । सरकारले विभिन्न नाममा ऐन कानून ल्याउँदा यस्ता कुराहरू अझ बढी उठ्ने गरेका छन् । हामीले राज्य नियन्त्रित भन्दा पनि स्वनियमन र स्वनियन्त्रणको अवधारणामा जोड दिनुपर्छ । प्रेस काउन्सिल पनि पत्रकारले होइन राज्यले बनाउने निकाय हो । उसको चरित्र बढीभन्दा बढी नियन्त्रणमुखी हुन्छ । हामी काउन्सिल नै चाहिन्न भन्ने अवस्थामा पुग्नुपर्‍यो । जस्तो कि प्रेस काउन्सिल बेलायतबाट शुरू भयो तर अहिले बेलायतमै प्रेस काउन्सिल छैन । किनभने त्यहाँ सञ्चारगृह र पत्रकारहरूले स्वनियमन गरे । यो काम

गर्ने यो नगर्ने भन्ने घोषणा गरे ।

विश्वका धेरै देशमा मिडिया दर्ता गर्नै पर्दैन । उनीहरू केको लागि आएका हुन् भन्नेबारे स्वघोषणा गर्छन् । र, त्यसको परिपालना पनि गर्छन् । यस्तो अवस्था हाम्रोमा कहिले आउला ? पत्रकारिता आफैंमा मर्यादित, जिम्मेवार र जवाफदेही क्षेत्र हो । सञ्चार क्षेत्रका पत्रकार र सञ्चारगृहले हामी आफै यो मानक कायम गर्छौं, योभन्दा तल गिर्दैनौ, भाषाशैली यस्तो हुनेछ भन्ने कुरा तय गर्ने हो । यसो हुन सकेमा किन चाहियो नियन्त्रणमुखी कानूनहरू ? किन चाहियो काउन्सिल ?

नेपाल पत्रकार महासंघले यो कुरामा गम्भीरतापूवर्क ध्यान दिन सकिरहेको छैन जस्तो लाग्छ । के कति कार्यक्रम गरियो भन्ने भन्दा पनि परिणाममा हेर्नुपर्‍यो । महासंघले ध्यान दिनुपर्ने अर्को क्षेत्र यो हो ।

अर्को कुरा, नेपालमा पत्रकारिताको सीप र यसलाई थप निखार्न आवश्यक छ भन्ने महसुस यो क्षेत्रमा रहेका हामी सबैले गरेका छौं । हाम्रा विश्वविद्यालयहरूले सैद्धान्तिक ज्ञान त दिए । तर, व्यवहारिक ज्ञान भने दिन सकिरहेका छैनन् । पत्रकारको सीप र क्षमता अभिबृद्धिका तालिमहरू हुन सकेका छैनन् । केही संस्थाले सानो स्केलमा गरिरहेका छन् । त्यो एकदमै कम छ । यस्तोमा पत्रकारिता प्रशिक्षण प्रतिष्ठान बनाउने कुरा निकै महत्वपूर्ण छ । झट्ट हेर्दा ट्रेड युनियनको अवधारणामा रहेको पत्रकार महासंघले तालिमको काम गर्ने होइन कि भन्ने लाग्न सक्छ तर यो पत्रकार महासंघका लागि आवश्यक छ । यसले जो पनि पत्रकार भए अथवा पत्रकार बन्न योग्यता दक्षता नभएको ब्यक्तिलाई पनि पत्रकार महासंघको सदस्यता दिनुपर्‍यो भन्ने कुरा रहँदैन र पत्रकारको क्षमता पनि बढ्छ । यो काम महासंघले मात्र गर्ने होइन । राज्यको सहयोग लिने र महासंघले सहजीकरण गरिदिने हो । राज्यले गरेन भने अन्तराष्ट्रिय सहयोगी निकायलाई गुहारेर भएपनि यो काम गर्न आवश्यक छ । जसले महासंघको भूमिका देखिन सक्छ र यो भूमिका देखाउन जरूरी छ ।

*– आचार्य महासंघका पूर्वसभापति हुनुहुन्छ ।*
*(लक्ष्मण कार्कीसँगको कुराकानीमा आधारित)*

## गतिविधि

# कोरोना महामारीबाट सुरक्षाका लागि पहल



२०७६ को अन्त्यतिर कोरोना महमारीको प्रभाव बढ्दै जाँदा र चैत्र ११ देखि देशभर लकडाउन सुरु भएसँगै आम पत्रकारहरुको स्वास्थ्य सुरक्षा पत्रकार महासंघको प्रमुख चासोको विषय रह्यो । पत्रकारहरुलाई संक्रमणबाट जोगाउन महासंघले आवश्यक पहल थाल्यो र विभिन्न संघ संस्थासँगको सहकार्य र आफ्नै पहलमा कोरोना संक्रमणबाट रोकथामका लागि महासंघ केन्द्रीय कार्यालयले २० हजार बढी मास्क, ४ हजार जति स्यानिटाइजर, १ हजार जोडी पञ्जा र ५० वटा पिपिइ सेट वितरण गरेको थियो ।

त्यसैगरी महासंघले २०७७ जेठ ६ गते महासंघ केन्द्रीय कार्यालयमा १९१ पत्रकारहरुको कोरोना परिक्षणका लागि स्वब संकलन गरेको थियो भने जेठ ४ गते प्रेस काउन्सिल नेपालसँग सहकार्यमा ७५ पत्रकारहरुकको कारोना परिक्षण गराएको थियो । तीमध्ये कसैमा पनि त्यसबेला कोरोना संक्रमण देखिएको थिएन ।

महासंघका प्रदेश समिति तथा जिल्ला शाखाहरुले समेत कोरोना महामारी तथा लकडाउनका बेला पत्रकारहरुलाई मास्क, स्यानिटाइजर जस्ता सामग्री वितरण गर्नुका साथै राहत वितरण समेत गरेका थिए ।

# चुनौतीहरू सकिएका छैनन्



**भौतिक र पेशागत सुरक्षाको कुरामा हामीले ध्यान दिन जरूरी छ । यसमा धेरे कुराहरू भइरहेका पनि छन् तर सँगसँगै यी चुनौतीहरू बढ्दा छन् । भौतिक सुरक्षाका बारेमा केही काम भएपनि पेशागत सुरक्षाका सवालमा थप इस्युहरू आइरहेका छन् ।**


✍ **धर्मेन्द्र झा**
djanakpur@gmail.com


अहिलेको कार्यसमितिले राम्रो गर्ने प्रयास गरेको छ । धेरै सीमितता र समस्याहरूका बीचमा रहेर महासंघले सक्दो गर्ने प्रयत्न गरेकै हो । राजनीतिक परिस्थितिले पनि केही समस्या आयो । बहुमत प्राप्त सरकारको उपस्थितिमा पत्रकारिताका नीतिगत कुराहरूमा उपलब्धि हासिल हुने अपेक्षा गरिएको थियो तर ती पूरा हुन सकेनन् भन्ने लाग्छ मलाई । पत्रकार महासंघले आफ्ना असहमतिलाई राख्ने, त्यसमा अडान लिने, पत्रकारिता क्षेत्रसँग सम्बन्धित नीति नियम बनाउने कोसिस गरेको थियो, त्यसमा पत्रकारको हक र हितका क्षेत्रमा गरेका कामहरू सराहनीय छन् । तर यसो हुँदाहुँदै पनि अझै थप गर्नुपर्ने अवस्था थियो । गर्न सकिने पनि थियो होला तर हाम्रा सीमितताले पनि त्यसलाई रोकेको होला जस्तो लाग्छ ।

यही क्रममा कोभिड–१९ आयो । यसले पत्रकारलाई समस्यामा पार्‍यो । तर पत्रकार महासंघ आफै कुनै सरकारी निकाय नभएकाले यसले गर्ने कामहरूको पनि सीमितता थियो । यसक्रममा महासंघले कोभिडको रिपोर्टिङ गर्ने, स्वास्थ्य मापदण्डको पालना गर्ने लगायतका विभिन्न गाइडलाइनहरू तयार गरी सर्कुलर गर्‍यो । तर कोभिडको कारणले धेरै पत्रकारको रोजिरोटी गुम्यो । अनेकौं समस्या आयो । यो बेलामा महासंघको भूमिका अझै धेरै अपेक्षित थियो भन्ने लाग्छ । पत्रकारका समस्या समाधान महासंघले नै सबै गर्न सक्थ्यो भन्ने होइन । यसमा थप दबाब आवश्यक थियो । त्यसमा महासंघको भूमिका अझ धेरै आशा गरिएको थियो । महासंघले थप दबाब दिएको भए अझै धेरै उपलब्धि हासिल गर्न सकिन्थ्यो कि ।

पत्रकार महासंघमा प्रेस तथा अभिब्यक्ति स्वतन्त्रताको विषय, पत्रकारको हकहितको विषय हाम्रा बर्षौदेखिका मुद्दा हुन् । यी अत्यन्तै महत्वपूर्ण विषय पनि हुन् । अहिले पत्रकारिताको सुधारको कुरा, पेशागत दक्षताको कुरा, गुणस्तरीयता बृद्धिको कुरा पनि उठिरहेको छ । यो कुरा गम्भीर हो । हामीले एकदमै ध्यान दिनुपर्ने विषय हो । यो हाम्रो आफनो मुद्दा हो । हामी जति दक्ष र क्षमतावान हुन्छौं उति नै यो क्षेत्र मर्यादित हुने हो । हामीलाई नागरिकले हेर्ने दृष्टिकोण सकारात्मक हुने हो । अर्कातिर हामी क्षमतावान हुनु भनेको नागरिकका आशा अपेक्षा पूरा गर्नु पनि हो ।

भौतिक र पेशागत सुरक्षाको कुरामा हामीले ध्यान दिन जरूरी छ । यसमा धेरै कुराहरू भइरहेका पनि छन् तर सँगसँगै यी चुनौतीहरू बढ्दा छन् । भौतिक सुरक्षाका बारेमा केही काम भएपनि पेशागत सुरक्षाका सवालमा थप इस्युहरू आइरहेका छन् । न्युजरूमको स्वतन्त्रता, सम्पादकीय स्वतन्त्रता, पेशागत दक्षता र मर्यादा, आचारसंहिताको पालनालगायतका धेरै कुराहरू छन् । यी कुराहरू समयानुकूल थप पेचिला बन्दै पनि गएका छन् । यसतर्फ महासंघले थप ध्यान दिनुपर्ने जरूरी छ ।

*- झा महासंघका पूर्वअध्यक्ष हुनुहुन्छ ।*
*(लक्ष्मण कार्कीसँगको कुराकानीमा आधारित)*

# पत्रकारितामा 'सेल्फ-सेन्सरसीप'



**पत्रकारितामा 'सेल्फ सेन्सरसिप' पत्रकारको चिन्तन, सोच र परिश्रमबाट प्राप्त तथ्यमाथि उसले मनमनै चलाउने कैँची हो । जसबाट समाजमा लुकेका वा लुकाइएका तथ्यहरू बाहिर आउनबाट रोकिन्छन् ।**

**शिव गाउँले**
shivagaunle@gmail.com

**'सेल्फ सेन्सरसिप'** को अर्थ स्व-नियन्त्रण हो । पत्रकारितामा 'सेल्फ सेन्सरसिप' भनेको एउटा पत्रकारले थाहा पाएको वा थाहा पाउन सम्भव रहेको कुनै बिषय आन्तरिक र वाह्य कारणले प्रकाशमा नल्याउनु वा जुन रूपमा भएको हो सो रूपमा नल्याउने अवस्था हो ।

अथवा पत्रकार र तथ्यका बीचमा अवरोध ल्याउने एउटा पाटो हो सेल्फ सेन्सरसिप । जो विभिन्न कारणले गर्दा पत्रकारले थाहा पाएको वा थाहा पाउन सम्भव बिषयलाई प्रभावित गरिदिन्छ । जसका कारण समाज तथ्य थाहा पाउने अधिकारबाट बञ्चित हुन्छ ।

'सेन्सरसिप' भन्दा 'सेल्फ सेन्सरसिप' झन् गम्भिर र खतरनाक हुन्छ । 'सेन्सरसिप' सामान्यतया घोषित हुन्छ, देखिन्छ, प्रकट हुन्छ । त्यसकारण यसका तथ्यहरू केलाउन सजिलो हुन्छ । त्यस बिरूद्ध लड्न वा प्रतिवाद गर्न सहजहुन्छ । तर, 'सेल्फ सेन्सरसिप' धेरैहदसम्म अप्रकट हुन्छ, प्रमाण जुटाउन मुस्किल पर्छ । परिवेश र परिस्थितिको समिक्षा गरेर निचोड निकाल्नु पर्ने हुँनाले कठिन पनि हुन्छ । समाचार, कार्यक्रम वा विचारमा नआएका तथ्यहरू केलाएर यसको ब्यापकता, असर र प्रभाव मुल्याकंन गर्नुपर्छ । त्यसैले यो तुलनात्मक रूपमा जटिल छ ।

अभिव्यक्ति स्वतन्त्रताको वकालत गर्ने प्रजातान्त्रिक समाजमा 'सेल्फ सेन्सरसिप' गम्भिर कुराको संकेत हो र यसको सधै विरोध हुनेगर्छ । किनकी यसले तथ्य लुकाउन, बङ्ग्याउन वा नरम बनाउन बाध्य पार्छ । त्यस अर्थमा तथ्य थाहा पाउने नागरिक अधिकारको विरोधी पाटो पनि हो 'सेल्फ सेन्सरसिप' ।

'सेल्फ सेन्सरसिप' लाई कतिपयले कतिपय प्रसंगमा सकारात्मक अर्थमा पनि प्रयोग गर्न खोजेका छन् । पत्रकार वा संचार संस्थाले बृहद् सार्वजनिक हितमा कुनै कुरा तौलिएर मात्रै प्रकाशन वा प्रशारण गर्नु, कहिले काहीँ त्यसलाई प्रकाशमा नल्याउनु वा कतिपय कुरा लुकाउनुलाई पनि 'सेल्फ सेन्सरसिप' मानेका छन् र यसो गर्नु ब्यापक सार्वजनिक हितमा उपयुक्त नै हो भन्ने अर्थ गर्न खोजेका छन् । यसका पक्षधरहरूले 'भारतमा इन्दीरा गान्धीको हत्या कुनै जाति बिशेषका सुरक्षा गार्डबाट भएको' भनेर गरिएको गल्ती प्रेसले लुकाउन

सक्थ्यो भनेर तर्क गर्छन् ।

तर, प्रेस र अभिव्यक्ति स्वतन्त्रताको फराकिलो आलोकमा 'सेल्फ सेन्सरसिप' भनेको विचार र अभिव्यक्ति स्वतन्त्रता विरोधी पक्ष नै हो । यसले कुनै न कुनै रूपमा विचारलाई संकुचन गर्छ, तथ्यलाई लुकाउँछ, ढाकछोप गर्छ वा पीडक वा जवाफदेही बनाउनु पर्ने पक्षको हितमा प्रयोग गर्छ ।

'काउन्सिल अफ युरोपको ह्युमन राइटस् च्यानल' मा प्रेस स्वतन्त्रता अनुगमनकर्ता एइडन ह्वाइट लेख्छन, "जब पत्रकार अथवा सम्पादक आफ्नो समाचार वा सम्पादकीय अर्न्तवस्तु माथिको छनौट गर्दा राज्य, प्रहरी, सञ्चार संस्थाको मालिक वा विज्ञापनदाताको स्वार्थ बमोजिम परिचालित हुन्छ भने त्यहाँ राम्रो पत्रकारिताको सम्भावना रहन्न ।" यो भनेको सेल्फ सेन्सरसिपको अवस्था आउने परिस्थिति हो ।

पत्रकार, सम्पादक वा सञ्चार संस्थालाई समाजमा यस्ता विभिन्न पक्षहरू हुन्छन् जसले 'सेल्फ सेन्सरसिप' लागु गर्न दबाब दिन्छन् । ति मध्य एउटा हो सम्पादक, पत्रकार वा सञ्चार सस्थाको व्यवस्थापकीय नेतृत्वको आस्थाको मामिला । सामान्यतया आस्था राजनीतिक भन्ने बुझिए पनि त्यो सार्वजनिक सरोकारको मामिलामा नीति निमार्णदेखि कार्यान्वयन तहसम्मलाई प्रभाव पार्ने चिन्तनको फराकिलो दायरा हो आस्था ।

आफू सम्बद्ध दलको, दलका नेताको, त्यसमा पनि आफनो गुट वा समूहको पक्षमा गरिने खातिरदारी यसको एउटा उदाहरण हो । यसले आफ्नोको सधै सर्मथन र अरूको सधै विरोध गर्न सिकाउँछ । यसले ब्यवाहारमा आफ्नाको गल्ती नदेख्ने मनोवृति विकास गरिदिन्छ । नेपाली समाजमा प्रचलनमा रहेको 'आफ्नो आङको भैसी नदेख्ने तर अरूको जिउको जुम्रा देख्ने' प्रवृति यसैको परिणाम हो । तसर्थ दल, जात, क्षेत्र, समुदाय प्रतिको अतिआशक्तीले सेल्प सेन्सरसिपलाई मलजल गर्छ । कतिपय अवस्थामा कुनै व्यक्ति, विचार वा पक्षप्रतिको अतिसर्मथन वा चर्को विरोधले पनि पत्रकारलाई त्यससंग सम्बन्धित मामिलामा 'सेल्फ सेन्सरसिप' को अवस्थामा पुर्‍याउन सक्छ ।

सेल्फ सेन्सरसिप बढाउने अर्को पक्ष धर्म पनि हो । सबै धर्महरूको केन्द्रीय चेतना भनेको मानव सेवा हो भन्ने सिमा भन्दा बाहिर निस्केर आफू र आफूले मानेको धर्म मात्रै ठिक अरू गलत देखाउन गरिने पैरवी जव पत्रकारिता वा सञ्चार संस्थाको सम्पादकीय अर्न्तवस्तु बन्नपुग्छ त्यहाँ एउटा धर्म ठिक अरू गलत भन्नु पर्ने अवधारणाले सम्पादक वा पत्रकारको मनोभावना एकपक्षीय हुन सघाउँछ । यसले पनि 'सेल्फ सेन्सरसिप' लाई सघाउँछ ।

समाजमा यस्ता अरू थुप्रै बिषयहरू छन् जहाँ सम्पादक, पत्रकार वा संचार संस्था स्वतन्त्र र तटस्थ भएर बिना दबाब वा प्रभाव बिषय वस्तुलाई हेर्ने, टिप्पणी गर्ने वा पक्ष वा विपक्षमा उभिएर पूर्वाग्रह विना बहस पैरवीगर्ने सम्भावना न्युन पारिदिन्छ । हिंसाको वकालत यसको एउटा उदाहरण हुनसक्छ । नेपालले पनि हिंसा राजनीतिको अगं हो र होइन भन्ने लामो शृङ्खला पार गरेको छ । बेला बखत हाम्रा सम्पादक, पत्रकार र सञ्चारगृहहरू यसबारेमा अलमलमा परेका उदाहरणहरू पनि छन् ।

कतिपय बेला समाज वा राज्य संयन्त्रको चर्को दबाबका कारण पनि सञ्चार गृहहरू सेल्फ सेन्सरसिप गर्न बाध्य हुन्छन् । नेपालमा दरवार हत्याकाण्ड भनेर चिनिने घटनामा मिडियाले गरेको 'कभरेज' यसको एउटा उदाहरण हो । राजधानीमा सम्साँझै भएको हत्याको त्यो घटनाको भोलीपल्ट प्रकासित हुने कुनै पनि पत्रपत्रिकाले तथ्यपूर्ण रिर्पोटिङ गर्न सकेका थिएनन् । एक दूई पत्रिकाले दरवारमा गोली चलेकोसम्म लेख्न सके । अपराध र सुरक्षा विट हेर्ने केहि पत्रकारले त यसलाई आफ्नो पत्रकारिता जीवनको सबैभन्दा अध्यारो पाटो समेत भनेका छन् । डर, त्रासका कारण कसरी पत्रकार र सञ्चार सस्था आफूले थाहा पाएको जति समाचार दिन पनि डराउँछन् भन्ने यो एउटा उदाहरण हो ।

लोभ सेल्फ सेन्सरसिपको अर्को हतियार हो । जब पत्रकार, सम्पादक र सञ्चार संस्था कुनै कुराको लोभमा फस्छन् त्यति खेर उनीहरूले त्यहाँ स्वतन्त्रतापूवर्क समाचार, कार्यक्रम र सम्पादकीय टिप्पणी गर्ने हैसियत गुमाउँछन् । लोभ यस्तो हतियार हो जसले सार्वजनिक नभइकन धेरै कुरा सिध्याउन सघाउँछ । यसमा कहीँकतै देखिने धम्कि वा डर हुन्न । लाभ पाइन्नकी भन्ने डर मात्रै हुन्छ । जसका कारणले गर्दा आँखै अगाडीका धेरै कुराहरू समाचार, कार्यक्रम वा सम्पादकीय टिप्पणीको बिषय बन्न छाड्छन् ।

सार्वजनिक सुरक्षा र मुलुकको शासन प्रणाली पत्रकार, सम्पादक र सञ्चार संस्थाहरूलाई सेल्फ सेन्सरसिपमा पुर्‍याउन सक्ने पक्ष हो । यदि देशको सार्वजनिक सुरक्षा पद्दति विश्वसनीय छैन भने पत्रकारले निर्भयता पूवर्क समाचार लेख्न सक्दैन । यो समाचार वा टिप्पणीले मेरो सुरक्षामा प्रश्न उठ्।उला कि ? म असुरक्षित हुँला कि ? अथवा मलाई केही भइहाल्यो भने ? जस्ता प्रश्न पत्रकारको मनमा उठाइदिन्छ । यसको परिणाम पत्रकारले धेरै समाचार देखेको नदेख्यै गर्न थाल्छन् । देखे पनि समाचारमा जुन 'धार' हुनुपर्थ्यो त्यो हुदैन । समाचार आइहाले पनि असाध्यै नरम धारमा आउँनसक्छ ।

यस अर्थमा पत्रकारितामा 'सेल्फ सेन्सरसिप' कतिको छ भन्ने प्रश्न त्यो समाजको पत्रकारिता भित्र मात्र सम्बन्धित बिषय होइन । त्यो समाज कति उदार, खुला छ, कति सुरक्षित छ, शासकहरू कति जवाफदेही छन् अनि पत्रकारिता कति व्यवसायिक छ भन्ने कुरासंग सम्बन्धि हुन्छ । त्यस अर्थमा पत्रकारितामा सेल्फ सेन्सरसिप त्यो देशको राजनीति, समाज, अर्थतन्त्र र सार्वजनिक सुरक्षा प्रणाली र प्रेसको व्यवसायिक स्तर मापन गर्ने एउटा औजार पनि हो ।

**खोज पत्रकारितामा बाधा**

सेल्फ सेन्सरसिपले पत्रकारितालाई लुलो बनाउँछ । यसले तथ्यहरूलाई जस्ताको तस्तै आउन दिदैन । पत्रकारिता प्रति पाठक, दर्शक र स्रोताको विश्वासलाई कमजोर बनाइ दिन्छ । त्यसमा पनि खोज पत्रकारितालाई यसले नराम्रोगरी प्रभावित बनाइ दिन्छ ।

किनकी खोज पत्रकारितामा गहिरो अनुसन्धान गरेर लुकाएको तथ्य बाहिर ल्याउनु पर्छ । अनुसन्धान र लामो अध्ययन पछि मात्रै कुनै कुरा बाहिर ल्याउने/नल्याउने निर्णय गर्न सकिने हुन्छ । तर जुन समाजमा सामान्य आलोचना वा टिप्पणी नै नसहने, त्यसलाई अवाञ्छित प्रतिवाद गर्ने वा अस्विकार गर्ने संस्कृति हुन्छ त्यहाँ खोज पत्रकारिताले वाञ्छित परिणाम देखाउन सक्दैन । यस्तो समाजमा हो सेल्फ सेन्सरसिप मौलाउने । किनकी पत्रकारले आफनो समाचारलाई लिएर पाइलापाइलामा डराउनु पर्दछ ।

असहिष्णु समाज र बन्द शासन प्रणाली खोज पत्रकारिताका अवरोध हुन । जहाँ पत्रकारले गहन अनुसन्धान गरेर प्रकाशमा ल्याएको तथ्यलाई राज्य प्रणाली र शासन पद्धतीको सुधारको अगं बनाउने होइन कि त्यसलाई अवमुल्यन गर्ने, मान मर्दन गर्ने र उल्टो गालिगलौजको बिषय बनाउने गरिन्छ । त्यस्तो अवस्थामा

एउटा पत्रकार के गर्ने के नगर्ने भन्ने दुविधामा हुन्छ । यो पनि एक प्रकारको 'सेल्फ सेन्सरसिप' हो ।

नेपालमा दरवार, सेना र अदालत लामो समयसम्म नेपाली प्रेसका लागि हाउगुजीका बिषय भए । राज दरवारका वारेमा केही नलेख्ने कतिपय सञ्चार माध्यमहरूको नीति नै हुन्थ्यो । मुलुकमा प्रजातन्त्र आइसकेपछि पनि तत्कालिन दरवारका युवराजधिराजले गराएको सडक दुर्घटनालाई लिएर पनि त्यसबेला खासै आलोचना भएन । अझ कतिपय लिडिङ्ग पत्रपत्रिकाले दुर्घटनाका पाठहरू भन्ने टिप्पणी लेखेर पुरै घटनालाई ओझेलमा पारेका थिए ।

त्यस्तै सेना वा सुरक्षा निकायका वारेमा कुनै टिप्पणी गर्नु अघि पत्रकारले पटक पटक सोच्नु पर्ने अवस्था आयो भने त्यो पनि सेल्फ सेन्सरसिप हो । त्यसैगरी नेपालको न्यायालय पनि लामो समयसम्म प्रेसको टिकाटिप्पणी भन्दा बाहिर रह्यो । प्रेसले पनि त्यहाँका औपचारिक समाचार कभर गर्ने भन्दा बारिह गएर कुनै गहिरो समाचार खोजबिन गरेन । नेपाली समाजमा अरू यस्ता धेरै उदाहरणहरू छन् जसले कुनै बेला 'सेल्फ सेन्सरसिप' लाई मलजल गरेको थियो ।

नेपालमा सेल्फ सेन्सरसिपको अवस्थाका सम्बन्धमा केहि संक्षिप्त अध्ययनहरू भएका देखिन्छन् । तिनले नेपाली समाज, यहाँका विभिन्न पक्षहरू र तिनले आमसञ्चार माध्यमहरूलाई सेल्फ सेन्सर सिपमा कसरी पुर्‍याउँछन् भन्ने खुलासा गरेका छन् । व्यवसायिक पत्रकार, सञ्चारविज्ञ संग देश व्यापी रूपमा छलफल गरेर तयार गरिएका यी प्रतिवेदनहरूले समाजको तत्कालिन अवस्थासंग प्रेसको 'सेल्फ सेन्सरसिप' को बिषय अन्तर सम्बन्धित हुने देखाएको छ ।

त्यस मध्येको एउटा हो, दक्षिण एशियाली स्वतन्त्र पत्रकार संगठन (साफ्मा) को अध्ययन । साफ्मा लागि पत्रकार प्रतिक प्रधान र रघु मैनालीको संयुक्त लेखनमा तयार भएको प्रतिवेदन 'नेपाली पत्रकारितामा सेल्फ सेन्सरसिप' अनुसार, 'सेल्फ सेन्सरसिप नेपाली समाजको अगं बनेको अवस्थामा पत्रकार मात्रले स्वतन्त्रता पूवर्क आफुले उजागर गरेका तथ्यहरू बाहिर ल्याउन सक्दैनन् । पत्रकार आफैले यति धेरै मामिलामा स्व-नियन्त्रण गर्छ कि तथ्यहरू हराएर जाने सम्भावना धेरै रहन्छ ।'

शक्तिसाली व्यक्ति वा समुहका बदमासी, भ्रष्टाचार र संगठिन अपराध जस्ता विषयमा पत्रकारले गहिरो अनुसन्धान नगरीकन सत्य बाहिर आउन मुस्किल पर्छ । तर पत्रकारलाई लोभ, डर र भौतिक तथा व्यवसायिक सुरक्षाको अभावमा उसले धेरै तथ्यहरू लेख्ने/नलेख्ने भनेर तौलिन थाल्छ । कति लेख्दैन, कतिलाई पीडक वा शक्तिसाली व्यक्तिको पक्षमा लेख्छ, नभए नरम भाषामा लेख्छ । यसको परिणाम समाज सत्य-तथ्य थाहा पाउँनबाट बञ्चित हुन्छ ।

समग्रमा पत्रकारितामा 'सेल्फ सेन्सरसिप' पत्रकारको चिन्तन, सोच र परिश्रमबाट प्राप्त तथ्यमाथि उसले मनमनै चलाउने कैँची हो । जसबाट समाजमा लुकेका वा लुकाइएका तथ्यहरू बाहिर आउनबाट रोकिन्छन् ।

*(गाउँले नेपाल पत्रकार महासंघका पूर्वअध्यक्ष र खोज पत्रकारिता केन्द्रका सम्पादक हुनुहुन्छ ।)*

## गतिविधि

# मिडियामा कोभिड–१९ प्रभावको अध्ययन

गत वर्ष समग्र विश्व नै कोभिड-१९ बाट प्रभावित हुन पुग्यो । कोभिड-१९ महामारी र त्यसका कारण लागु भएको लकडाउनले नेपाली पत्रकारिता क्षेत्रमा पनि असर गर्‍यो । यसका कारण कतिपय सञ्चामाध्यमहरु बन्द हुन पुगे भने सञ्चालनमा रहेकाहरुमा पनि पत्रकारहरुले रोजगारी गुमाउने, तलब नपाउने, बेतलबी बिदामा पठाइने वा कम तलबमा काम गर्नुपर्ने अवस्था सृजना भयो ।

लकडाउनको सुरुवातसँगै विभिन्न सञ्चारगृहहरुबाट पत्रकार निष्काशन गर्ने, बेतलबी बिदामा पठाइने, तलब कटौती गर्ने काम पनि सुरु भयो । साना लगानीका मिडियाहरु अधिकांश बन्द थिए भने ठूला लगानीका मिडियाले खर्च कटौतीका नाममा सबैभन्दा पहिला पत्रकारहरुको रोजगारी र आम्दानी कटौती गर्न थाले । यसबारेमा महासंघमा उजुरी पर्न थालेपछि पत्रकारको सेवा, सुरक्षा तथा हकहित संरक्षण एवम् श्रम अधिकारको अवस्थामा केन्द्रित भई नेपाल पत्रकार महासंघले १४ जिल्ला तथा ५१ सञ्चार प्रतिष्ठानहरुमा अनुगमन गर्‍यो ।

त्यसैगरी महासंघले यस विषयमा विस्तृत अध्ययन गर्नुपर्ने आवश्यकता महशुश गरी देशभरका दुई हजार बढी पत्रकार हरुसँग प्रत्यक्ष टेलिफोन सम्पर्कमार्फत सर्वेक्षण गरेको थियो । महासंघका सम्पूर्ण सदस्यहरुमध्ये नमूनाका आधारमा २ हजार ८ जना पत्रकार छनौट गरी सर्वेक्षण गरिएको थियो । यसका साथै महासंघले लकडाउनकै अवधीमा पनि कोरोना महामारीको प्रभावको अनुगमन गर्न सातै प्रदेशमा मिडिया मिसन सञ्चालन गरी स्थानीय पत्रकारहरुसँग अन्तरक्रिया गरेको थियो ।

विभिन्न अध्ययन तथा सर्वेक्षणबाट प्राप्त नतिजा अनुसार कोरोना महामारी र लकडाउनका कारण पत्रकारहरुको पेशागत सुरक्षा र आम्दानीमा प्रत्यक्ष प्रभाव परेको देखिएको थियो । ४० प्रतिशत भन्दा बढी पत्रकारहरुको पेशा तथा आम्दानीमा महामारी र लकडाउनको प्रत्यक्ष असर परेको थियो ।

करिब ४ प्रतिशत पत्रकारले आफ्नो जागिर गुमाउनु पर्‍यो भने ६ प्रतिशत जतिलाई कार्यरत सञ्चारमाध्यमले बेतलबी बिदामा पठाएका थिए । जागिर गुमाउन पुगेका र बेतलवी बिदामा पठाइएका कारण बेरोजगार बन्न पुगेका पत्रकारको संख्या करिव १० प्रतिशत थियो ।

यसैगरी करिब ९ प्रतिशत पत्रकारको यस अवधिमा तलब कटौती भएको थियो भने २० प्रतिशत पत्रकारहरुले नियमित तलब पाउन सकेका थिएनन् । यस्तो प्रभावका कारण करिब १० प्रतिशत पत्रकारहरु पेशा परिवर्तन गर्ने वा अन्य के गर्ने भन्ने विषयमा अन्यौलमा रहेको पाइएको थियो ।

# नयाँ नेतृत्वले सशक्त नागरिक समाजको भूमिका निर्वाह गर्नुपर्छ



**अबको चुनौती भनेको महासंघ प्रत्यक्ष निर्वाचनमार्फत चयन हुने भएकाले तडकभडकयुक्त र खर्चिलो अवस्थाको साटो पेशागत र कार्यस्थलबाटै नेतृत्व चयन हुने अवस्था छ । यसले नेतृत्वको सही छनोट गर्ने अवस्था छ । यसको वातावरण हामी सबैले बनाउनुपर्छ ।**

डा. महेन्द्र विष्ट
mahendrabista@yahoo.com

पत्रकार महासंघको अहिलेको नेतृत्व संविधान जारी भएपछिको पहिलो निर्वाचनबाट नयाँ कार्यमिमिति आएको हो । नयाँ कानून बन्ने र लागू हुने क्रम थियो । कानून निर्माणमा पत्रकारले एकखालको खबरदारी गर्नुपर्ने अवस्था थियो भने सँगै लामो समयदेखि राजनीतिक अस्थिरताका कारण उल्झनमा परेका पत्रकार र पत्रकारिता क्षेत्रका विषय जस्तै श्रमजीवी पत्रकारका कुरा, समावेशिता, वहुलता विविधताका विषय, प्रशिक्षणका विषय लगायतमा केन्द्रित गर्नुपर्ने अवस्था थियो । महाधिवेशनबाट पनि भावी रणनीति भनेर पारित गरेको पनि थियो । जसकै आधारमा बर्तमान नेतृत्वले असन्तुष्ट हुनपर्ने गरी काम गरेको छैन । उपलब्धि के कति हुन सक्थ्यो, त्यति भयो कि भएन भन्ने प्रश्न त रहिरहन्छ । यसको मूल्यांकन महाधिवेशनले पनि गर्नेछ नै । विवादास्पद हुने कुरा खास केही नगरेकाले सामान्य र सहज रूपमै कार्यकाल सम्पन्न गर्न लागेको छ । मेरो विचारमा यो कार्यसमितिको कार्यकाल धेरै नै ठूलो सफलता पनि हात नपारेको र नराम्रो पनि केही नगरेको कार्यकालका रूपमा रह्यो ।

महासंघको पुनर्संरचना र विधानको व्यवस्थाअनुसार अब प्रत्यक्ष प्रणालीको चुनाबमार्फत जिल्लादेखि केन्द्रसम्मको नेतृत्व चयन हुन लागेको छ । यसबारे हामी सबैलाई के कसो होला भन्ने चासो छ नै । यसले संस्थागत रूपमा महासंघलाई अझ बलियो बनाउला भन्ने आशा गरिएको छ । पुनर्संरचना गरिएको कुरा कानूनी रूपमा आएपनि अब नयाँ कार्यसमिति आएपछि त्यसको ब्यवहारिक कार्यान्वयन कसरी हुन्छ ? त्यो हेर्न बाँकी नै छ ।

पत्रकार महासंघले आफ्ना प्रत्यक्ष सरोकार भएका कुरामा चासो राख्छ नै । श्रमजीवी पत्रकारसम्बन्धी विभिन्न कानून निर्देशिकाको कार्यान्वयनको विषय वा मिडिया काउन्सिल विधेयक, सार्वजनिक प्रसारणसम्बन्धी, विज्ञापनसम्बन्धी लगायत सूचना प्रविधिसम्बन्धी कानूनहरू कार्यान्वयन हुने सन्दर्भमा आफ्ना सरोकार ब्यक्त गर्ने, आमरूपमा विचार र अभिब्यक्ति स्वतन्त्रतालाई सम्बर्द्धन गर्ने गरी प्रेस स्वतन्त्रतालाई बलियो बनाउने कुराको वकालत गर्नु जायज हो । यसमा सार्वजनिक खपतका लागि गरिने प्रदर्शनहरूमात्र भन्दा संवाद र

छलफललाई बलियो बनाउन सके परिणाममुखी बन्छ भन्ने मलाई लाग्छ । तर प्रतिनिधिसभाको विघटनको विषय चाहिँ विगतका उदाहरण हेर्दा पनि आपत्तिजनक होइन । यसको जिम्मेवारी र जवाफदेही प्रधानमन्त्री नै हुने कुरा हो । यो उहाँको अधिकारक्षेत्र हो । यसको मुल्याँकन जनताले गर्ने हो । यो कुनै दल विशेषको कुरालाई महासंघले जोड्न हुँदैन । हिजो प्रणाली नै भत्काउने कुरा र आज चुनाबमा जाने कुरा एउटै होइनन् । यी दुबै कुरालाई कतिपय दलले उस्तै भाषामा विरोध गरिरहेका छन् । त्यसबाट महासंघ जोगिनुपर्छ ।

कोभिड– १९ का कारण आएको अनपेक्षित अवस्थामा महासंघले खेलेको भूमिका सन्तोषजनक छ । अब यो अवस्था सामान्य बन्दै जाँदा यसअघि जागिर गुमाएका श्रमजीवी पत्रकारहरूलाई कसरी पुनर्स्थापित गर्ने भन्ने विषयमा पत्रकार महासंघले सशक्त भूमिका निर्वाह गर्न जरूरी छ । यसो गर्न सकेमा महासंघको सफलता त्यसैमा निर्भर रहन्छ ।

अबको चुनौती भनेको महासंघ प्रत्यक्ष निर्वाचनमार्फत चयन हुने भएकाले तडकभडकयुक्त र खर्चिलो अवस्थाको साटो पेशागत र कार्यस्थलबाटै नेतृत्व चयन हुने अवस्था छ । यसले नेतृत्वको सही छनोट गर्ने अवस्था छ । यसको वातावरण हामी सबैले बनाउनुपर्छ । नयाँ नेतृतवले सशक्त नागरिक समाजको भूमिका निर्वाह गर्नुपर्छ । तर कुनै दल विशेषको एजेन्डा बोक्ने काम गर्नु हुँदैन । महासंघको फोरमलाई दुरूपयोग हुन दिनु हुँदैन । आफ्ना सरोकारका मुद्दा नछोड्ने र अरूका मुद्दामा प्रयोग नहुने कुरामा ध्यान दिनुपर्छ । आफ्ना पेशागत हकहितका विषय छोड्न हुँदैन । श्रमजीवी पत्रकारका मुद्दा, पेशागत हकहितका कुरालाई गम्भीरतासाथ सशक्त रूपमा उठाउनुपर्ने जिम्मेवारीलाई बलियो गरी उठाउनुपर्ने छ ।

मिडिया कन्भर्जेन्सको अहिलेको युगमा मेन स्ट्रिम भनिँदै आएको मिडिया ट्रेडिसनल मिडिया बन्दै गएको छ भने सामाजिक सञ्जाल न्यू मिडियाका रूपमा आइरहेको छ । यो अवस्थामा जनमानसमा मिडिया के हो र कुन हो भन्ने भ्रम पनि बढिरहेको छ । यसले जिम्मेवार पत्रकारिताका लागि आचारसंहिताको पालना गर्ने जवाफदेहिता पालना गर्ने र स्वतन्त्रताको उपयोग गर्ने कुरालाई एकसाथ लिएर जानका लागि संरचनागत रूपमा, नीतिगत रूपमा र ब्यवहारिक रूपमा काम गर्नुपर्ने चुनौती नयाँ कार्यसमितिका लागि रहन्छ ।

पत्रकार महासंघले आम सञ्चार प्रतिष्ठान सञ्चालनको कुरा धेरै समयदेखि उठाइरहेको छ । मेरै पालामा पनि धेरै जोडतोडका साथ यो कुरा उठेको हो । त्यसबेलामा बजेट पनि विनियोजन भइसकेको थियो तर फेरि बीचमा यो विषय अलि सेलाएको जस्तो भएको थियो । तर अब आमसञ्चार प्रतिष्ठान गठन गर्ने कुरालाई प्राथमिकताका साथ उठाउने कुरा नयाँ मन्त्रीज्यूले पनि गरिसक्नु भएको छ । यो महत्वपूर्ण कामलाई अब प्राथमिकतामा राखेर काम गर्न सके नयाँ पत्रकारका लागि आधारभूत कुरा र काम गरिरहेकालाई दक्षता अभिबृद्धिका लागि महत्वपूर्ण हुने मेरो विश्वास छ ।

*- विष्ट महासंघका निवर्तमान अध्यक्ष हुनुहुन्छ ।*

*(लक्ष्मण कार्कीसँगको कुराकानीमा आधारित)*

## गतिविधि

# पत्रकारहरुको पेशागत सुरक्षा अभियान

कोरोना महामारी र लकडाउनको प्रभावका कारण श्रमजिवी पत्रकारहरुको पेशागत सुरक्षामाथि असर पर्न गयो । पत्रकारहरु जागिरबाट निकालिने, तलब नपाउने, तलब घटाइने वा बेतलबी बिदामा पठाइने अवस्था सृजना भएपछि महासंघमा यी विषयमा ५०० भन्दा बढी लिखित तथा मौखिक उजुरी पर्न आए । महासंघले ती सबै उजुरीहरुको सम्बोधन गर्दै संवाद तथा आन्दोलनका दबावमूलक गतिविधिमार्फत श्रमजिवी पत्रकारहरुलाई पेशागत अधिकार दिलाउन सफल भएको छ ।

पर्न आएका उजुरीहरुमध्ये अधिकांशमा महासंघले सञ्चारगृहसँग संवाद तथा छलफल गरी ती समस्याको समाधान गरेको थियो भने कतिपयमा आन्दोलनका कार्यक्रमहरु गर्नु परेको थियो । काठमाडौबाट सञ्चालित केही दैनिक पत्रिकाहरुबाट निश्काषित पत्रकार हरुको पुनर्वहालीका लागि महासंघले चरणवद्ध आन्दोलन नै घोषणा गर्नु परेको थियो ।

लकडाउनको सुरुवातमा नै पत्रकारहरु पेशगत हकबाट वञ्चित हुन पुगेपछि महासंघले २०७७ असार २९ गते काठमाडौंमा वृहत्त ऐक्यवद्धता प्रदर्शन गरी सञ्चारगृहहरुलाई दबाव सृजना गर्ने काम गरेको थियो । त्यसैगरी काठमाडौंको बबरमहलमा मानवसांग्लो निर्माण गरी प्रदर्शन समेत गरेको थियो । यी गतिविधिका कारण कतिपय सञ्चार गृहहरुले पत्रकार निश्काषका लागि गरेको तयारी रोकिन पुगेको थियो भने कतिपयमा पुनर्वहाली भएको थियो ।

बारम्बारको प्रयासपछि पनि कतिपय सञ्चारगृहमा निश्काषित पत्रकारहरुको पुनर्वहाली नहुँदा महासंघले चरणवद्ध आन्दोलनको घोषणा गरी संवाद गर्ने, सञ्चारगृहमा धर्ना दिने र मिडिया सञ्चालकको घर घेराउ गरी दबाव सृजना गर्नेसम्म आन्दोलनका कार्यक्रमहर घोषणा गर्नु परेको थियो । जस अन्तर्गत कात्तिक २६ गते अन्नपूर्ण पोस्ट, कारोबार दैनिक तथा राजनधानी दैनिकका कार्यालयमा धर्ना कार्यक्रम आयोजना गरिएको थियो । यसअघि असार २३ गते महासंघले नागरिक दैनिक र एपिवन टेलिभिजनका कार्यालयमा कालो ब्यानर टाँगी विरोध जनाएको थियो ।

पत्रकारहरुको पेशागत अधिकार रक्षाका लागिमहासंघले विभिन्न समयमा सञ्चार तथा सूचना प्रविधि मन्त्री तथा सचिवसँग भेट गरी समस्या समाधानका लागि पहल गर्न अनुरोध समेत गरेको थियो ।

# प्रत्यक्ष निर्वाचन प्रणाली : लोकतन्त्रको उच्चतम अभ्यासमा महासंघ



**अबको चुनौती भनेको महासंघ प्रत्यक्ष निर्वाचनमार्फत चयन हुने भएकाले तडकभडकयुक्त र खर्चिलो अवस्थाको साटो पेशागत र कार्यस्थलबाटै नेतृत्व चयन हुने अवस्था छ । यसले नेतृत्वको सही छनोट गर्ने अवस्था छ । यसको वातावरण हामी सबैले बनाउनुपर्छ ।**


विपुल पोखेल
bipul805@gmail.com


सबै सदस्यहरूको मताधिकार सुनिश्चित गरिनु भनेको आन्तरिक लोकतन्त्रका लागि महत्वपूर्ण कदम हो । सबैको समान हैसियत स्वीकार गर्ने संस्कृतिले मात्र लोकतान्त्रिक चरित्रको प्रबर्द्धन सम्भव छ । सदस्यहरूलाई मताधिकारको अधिकार दिनुभनेको नीति निर्माणमा पनि उनीहरूको आवाजको सुनुवाई हुने परिवेशको निर्माण पनि हो ।

नेपाल पत्रकार महासंघको कार्यकाल सकिएको छ । केन्द्रीय महाधिबेशनसँगै नयाँ नेतृत्वका लागि निर्वाचनको संघारमा हामी छौं । महासंघको विधान संशोधन गरेर अब महासंघका सबै संरचनाहरूको निर्वाचन एकै मितिमा हुने व्यवस्था गरिएबमोजिम एकै दिनमा र सबै साधारणसदस्यहरूले प्रत्यक्ष रूपमा सबैतहको नेतृत्व चुन्नेछन् ।

पत्रकार महासंघलाई प्रत्यक्ष नेतृत्व चुन्ने प्रणालीमा लैजानुपर्छ भन्ने बहस पत्रकार महासंघमा पहिलेदेखि नै थालिएको थियो । यद्यपि, महासंघको संगठन बिस्तार नभइसकेको समयमा सबै सदस्यहरु नै मतदाता हुने परम्परा थियो । तर, महासंघको अवधारणामा गएर शाखाहरूको बिस्तारसँगै त्यो अभ्यासमा परिवर्तन गरियो र पार्षदहरूले मतदान गर्ने पद्धति शुरू गरियो । फेरि प्रत्यक्ष निर्वाचनको बहस प्रारम्भ हुनथाल्यो र त्यो बहस ११ बर्ष अगाडिको महासंघको नेपालगञ्जमा सम्पन्न साधारणसभामा औपचारिकरूपमा प्रवेश पनि गऱ्यो । महासंघको संस्थागत स्मरणमा रहेको यो बिषयलाई अन्तिम निष्कर्षमा पुऱ्याउने काम वर्तमान समयमा भएको छ । पोखरामा सम्पन्न केन्द्रीय साधारणसभामा विधान संशोधन गरेर हामीले महासंघलाई सबै सदस्यहरूले नेतृत्व चुन्ने लोकतान्त्रिक अभ्यासमा विश्वास गर्ने संस्थाका रूपमा स्थापित गरेका छौं । यस्तो निर्वाचनको व्यवहारिक पक्षलाई ध्यानदिँदै महासंघका सबै संरचनाको निर्वाचन एकैपटक गराउने प्रावधान पनि संशोधित विधानको व्यबस्था बन्न पुगेको छ ।

नेपाल पत्रकार महासंघ लोकतन्त्रमा विश्वास गर्ने संस्था हो । लोकतन्त्रमा मात्र प्रेस स्वतन्त्रता सम्भव छ र प्रेस स्वतन्त्रताको अभावमा पत्रकारिताको व्यवसायीकरण सम्भव छैन भन्ने स्पष्ट दृष्टिकोण महासंघको छ । त्यसैकारण महासंघ हरेक कालखण्डमा लोकतन्त्रका पक्षमा

उभिँदै आएको छ । यसरी लोकतान्त्रिक चरित्र र पद्धतिप्रतिको उच्च सम्मान राख्ने महासंघले आफ्नो चरित्र पनि लोकतन्त्रको अधिकतम र उच्च अभ्यास गर्ने ढंगले प्रस्तुत गर्न जरूरी थियो । यो कुरालाई अन्तरहृदयदेखि मनन् गर्दै सबै तहको एकै दिन नेतृत्व चुन्ने र प्रत्यक्ष निर्वाचनमा जाने अभ्यासलाई विधानमा सुनिश्चित गर्नका लागि महासंघको नेतृत्व र सबै सदस्यहरु तयार भएको अबस्था हो । यो अभ्यासले महासंघको संरचनागत सुधारमा योगदान पुग्ने आधारहरु पनि रहेका छन् ।

**१) लोकतान्त्रिक अभ्यासको उच्चतम प्रयोगः**

सबै सदस्यहरूको मताधिकार सुनिश्चित गरिनु भनेको आन्तरिक लोकतन्त्रका लागि महत्वपूर्ण कदम हो । सबैको समान हैसियत स्वीकार गर्ने संस्कृतिले मात्र लोकतान्त्रिक चरित्रको प्रबर्द्धन सम्भव छ । सदस्यहरूलाई मताधिकारको अधिकार दिनुभनेको नीति निर्माणमा पनि उनीहरूको आवाजको सुनुवाई हुने परिवेशको निर्माण पनि हो ।




**२) शुद्धीकरणमा योगदान**

पत्रकार महासंघलाई शुद्धीकरण गर्नुपर्ने र बास्तविक सदस्यहरूको संस्थाका रूपमा यसलाई स्थापित गराउने हाम्रो अविरल प्रयत्नलाई अझै बलदिने क्रममा प्रत्यक्ष निर्वाचन प्रणालीमा जाने वैधानिक प्रावधानले योगदान पुग्ने विश्वास गर्न सकिन्छ । पार्षद बन्नका लागि धेरै सदस्य बनाउनु पर्ने र नवीकरण गरिदिनुपर्ने स्वार्थी संस्कृति पनि महासंघमा यदाकदा देखिएकै हो । यस्तो गलत संस्कृतिको अन्त्यका लागि पनि यो अभ्यास सहयोगी हुने विश्वास गर्न सकिन्छ ।

**३) नेतृत्वकर्ता र सदस्यहरूबीचको नियमित अन्तरक्रियाः**

प्रत्यक्ष निर्वाचन र सबै सदस्यहरु मतदाता बन्ने अबस्थाले सबै सदस्यसँग कुनै न कुनै रूपमा महासंघको नेतृत्वले सहकार्य, संवाद र अन्तरक्रिया गर्नैपर्ने हुन्छ । यसो गर्दा समस्या र त्यसको सम्बोधनका लागि नीति रणनीति बनाउन नेतृत्वलाई सहज पनि हुन्छ । त्यतिमात्र हैन, महासंघ जस्तो पुरानो र बलियो संस्थाको नेतृत्वमा पुग्नेहरूले कम्तिमा देशका बिभिन्न जिल्लाहरूमा आफ्नो उपस्थिति जनाउन पनि पर्ने हुन्छ ।

**४) उत्तरदायी नेतृत्व निर्माणः**

हजारौ आफ्ना सदस्यहरूबाट निर्वाचित नेतृत्व स्वभाविकरूपमा आफ्ना सबै मतदाताप्रति उत्तरदायी हुनु पर्दछ । यसो हुँदै गर्दा पारदर्शी र उत्तरदायी नेतृत्व स्थापित गर्न पनि मद्दत पुग्ने विश्वास गर्न सकिन्छ ।

**५) दलीय राजनीतिक प्रभाव कमजोरः**

पत्रकार महासंघ दलीय राजनीतिको प्रभावबाट मुक्त हुनै पर्दछ । सीमित संख्याले नेतृत्व चुन्दै गर्दा पर्ने दलीय प्रभावलाई न्युन गर्न पनि सबै सदस्यहरूले नेतृत्व चुन्ने प्रावधान बनाइनु आबश्यक थियो ।

**६) एकै दिन चुनाव, कम तनावः**

महासंघका फरक फरक संरचनामा फरक फरक समयमा निर्वाचन हुँदै गर्दा निर्वाचनको असरले पत्रकारहरूलाई लामो समयसम्म सकारात्मक र नकारात्क प्रभाव पार्ने हुन्छ, जुन स्वभाविक पनि हो । यसरी एकै दिन निर्वाचन हुँदा चुनावी तनाव धेरै समयसम्म रहन पाउँदैन र पत्रकारहरूले चुनावी 'ह्याङ्ग' बाट आफूलाई बाहिर राखेर काम गर्ने अबसर पनि प्राप्त गर्ने विश्वास गर्न सकिन्छ ।

**कसरी हुन्छ त निर्वाचन ?**

संशोधित विधानमा निर्वाचनसम्बन्धी व्यबस्था निम्न बमोजिम रहेको छ :

**निर्वाचन**

**३५. निर्वाचन समिति र कार्यविधिः**

(१) कुनै पनि तहको नेतृत्व चयन निर्विरोध भएको अवस्थामा बाहेक महासंघका प्रत्येक सदस्यले मतदान गर्ने गरी गोप्य मतदानका आधारमा गरिनेछ । सबै कार्यसमितिको निर्वाचन एकै दिन हुने गरी केन्द्रीय समितिले तोक्न सक्नेछ । यसरी मिति तोक्दा मनोनयन दर्ता र मतदानको मितिको फरक बढीमा केन्द्रका लागि १५ दिन, प्रदेशका लागि७ दिन र शाखा, प्रतिष्ठान, एशोसिएटका लागि ३ दिन मात्र हुने छ ।

(२) कुनै पनि तहको नयाँ समितिको निर्वाचनका लागि केन्दीय समितिले तोकेको मितिमा निर्वाचन सम्पन्न गर्न बरिष्ठ पत्रकारको संयोजकत्वमा निर्वाचन समिति गठन गरिनेछ ।

(३) निर्वाचन समितिको काम, कर्तव्य तथा निर्वाचन प्रक्रियाः

(क) निर्वाचन समितिको काम, कर्तव्य र अधिकार तोकिएबमोजिम हुनेछ । समितिले कामलाई सहज बनाउन आफैं कार्यविधि तय गर्न सक्नेछ ।

(ख) निर्वाचन समितिले यस विधानको अधीनमा रही निर्वाचन सम्पन्न गर्नेछ ।

(४) केन्द्रीय समितिको निर्वाचनको हकमा कम्तीमा ३० दिनअघि केन्द्रीय समितिभन्दा बाहिरका विज्ञहरु रहेको निर्वाचन समिति गठन गरिनेछ ।

(५) समितिले तोकेको मितिमा विधिसम्मत र निर्वाचनका आधारभूत सिद्धान्तहरूको परिपालना गरी निर्वाचन सम्पन्न गर्नु निर्वाचन समितिको कर्तव्य हुनेछ ।

(६) निर्वाचन समितिलाई सहयोग गर्नु सम्बन्धित समितिको कर्तव्य हुनेछ ।

(७) हरेक तेस्रो वर्षमा निर्वाचन हुने छ । औचित्य पुष्टि हुनेगरी विशेष अवस्था उत्पन्न भएमा केन्द्रीय समितिले ३ वर्ष पुगेको दिनदेखि पहिलोपटक बढीमा ६ महिनाभित्र निर्वाचनका लागि अर्को दिन तोक्ने छ । यसरी मिति तोक्दा पनि विविध कारणले काबु बाहिरको अवस्था सिर्जना भई निर्वाचन गर्न असम्भव भएमा प्रदेश र जिल्ला अध्यक्षहरू सम्मिलित राष्ट्रिय भेला आयोजना गरी सोही भेलाको निर्णयबाट समितिले गरेका काम कारवाहीबारे आवश्यक निर्णय गर्नुका साथै बढीमा ६ महिनाभित्र निर्वाचन गर्ने गरी मिति तोकिने छ ।

(८) मतगणनाः निर्वाचन सम्पन्न भएलगत्तै सबै तहको मतगणना गर्नुपर्नेछ ।

(९) पुन मतदान : कुनै कारणवस तोकिएको समयमा कुनै शाखा, प्रतिष्ठान वा एशोसिएट संस्थामा मतदान हुन नसकेमा निर्वाचन समितिले २४ घण्टाभित्रै पुनः सूचना जारी गरी मतदान गराउने छ । पुनः मतदानको सूचना जारी गर्दा पनि मतदान हुन नसकेको अवस्थामा ८५ प्रतिशत शाखा, प्रतिष्ठान र एशोसिएट संस्थाहरूको निर्वाचन सम्पन्न भइसकेको अवस्थामा केन्द्र वा प्रदेशको अन्तिम निर्वाचन परिणाम घोषणा गर्न कुनै बाधा पर्ने छैन ।

**को निर्वाचित हुन्छन् त यो निर्वाचनबाट ?**

पत्रकार महासंघले आफूलाई समावेशी बनाउने सन्दर्भमा पनि विधानमा संशोधन गरेको छ । जस अनुसार केन्द्रीय समिति निम्न बमोजिमको हुने छ ।

**केन्द्रीय समितिः**

महासंघको उद्देश्य पूर्तिका लागि महासंघका सबै साधारण सदस्यहरूले आफ्नै शाखामा रहेको मतदान केन्द्रमार्फत गोप्य मतदानबाट देहाय बमोजिमको ४९ सदस्यीय केन्द्रीय समिति निर्वाचित गर्नेछन्ः

(क) अध्यक्ष - १

(ख) वरिष्ठ उपाध्यक्ष -१, उपाध्यक्ष (महिला) १, उपाध्यक्ष(समावेशी) -१

ग) महासचिव - १

(घ) सचिव - १

(ङ) सचिव - १ (महिला)

(च) सचिव - १ (आदिवासी जनजाति)

(छ) सचिव - १ (मधेशी)

(ज) सचिव - १ (दलित)

(झ) सचिव - १ (एसोसिएट)

(ञ) कोषाध्यक्ष - १ सहितका पदाधिकारी १२,

(ट) सदस्य -

भौगोलिक र गैरभौगोलिक प्रत्येक प्रदेशबाट
निर्वाचित २/२ जनाका दरले - २०,
खुल्ला तर्फबाट - ५,
महिला तर्फबाट- ४ (मधेसी १, आदिवासी जनजाति १, खस आर्य १ र दलित १)
दलित मध्येबाट - १ महिलासहित २,
आदिवासी जनजातिमध्येबाट - १ महिलासहित २,
मधेशी मध्येबाट - १ महिलासहित २,
अपाङ्गता भएका व्यक्ति - १,
अल्पसंख्यक - १,
जम्मा सदस्य संख्या ३७ ।

**लेखा समितिः** महासंघको आर्थिक सुशासन र पारदर्शिता अभिवृद्धि गर्न, त्यसका लागि महासंघलाई नीति बनाउन निर्देशन दिन र त्यसको कार्यान्वयन भए नभएको अनुगमन गर्न १ संयोजकसहित ३ सदस्यीय लेखा समिति रहने छ । समितिमा १ जना महिला सदस्य अनिवार्य रहने छ । लेखा समितिको निर्वाचन केन्द्रीय समितिको निर्वाचनसँगै साधारण सदस्यबाट हुने छ ।

**प्रदेश समितिः** प्रदेश समितिमा प्रदेशअन्तर्गतका सबै साधारण सदस्यको प्रत्यक्ष गोप्य मतदानद्वारा अध्यक्ष १, उपाध्यक्ष १, उपाध्यक्ष (महिला) १, महासचिव १, सचिव १, सचिव (समावेशी) १, कोषाध्यक्ष १ गरी सात पदाधिकारी र सदस्यहरु खुला ५, महिला ३, दलित १, आदिवासी जनजाति २, मधेशी २ र अल्पसंख्यक १ जना गरी कुल २१ सदस्य निर्वाचित हुनेछन् ।

त्यसैगरी जिल्ला र प्रतिष्ठान अनि एशोसिएटमा पहिलेदेखिकै अभ्यासअनुसारको नेतृत्व चयन हुने छ ।

पार्षद प्रणाली खारेज भइसकेपछि महासंघको सर्वोच्च निकायका रूपमा राष्ट्रिय परिषद्को व्यबस्था गरिएको छ । सो परिषद्का सन्दर्भमा विधानमा निम्न व्यबस्था गरिएको छ :

(१) राष्ट्रिय परिषद्ः महासंघको सर्वोच्च निकायका रूपमा राष्ट्रिय परिषद् रहने छ । राष्ट्रिय परिषद्को बैठक नै केन्द्रीय साधारणसभा वा महाधिवेशन हुनेछ ।

(२) राष्ट्रिय परिषद्मा केन्द्रीय समितिका पदाधिकारी तथा सदस्यहरू, महासंघका पूर्व केन्द्रीय सभापति एवम् अध्यक्षहरू, केन्द्रीय समितिका सल्लाहकारहरू, निवर्तमान केन्द्रीय समितिका पदाधिकारी तथा सदस्यहरू, प्रदेश समितिका पदाधिकारी, प्रत्येक शाखा तथा संस्थागत सदस्य संस्थाका अध्यक्ष पदेन सदस्य रहनेछन् । यसैगरी जिल्ला शाखा, प्रतिष्ठान शाखा तथा एशोसिएट संस्थाले प्रति ५० जनासम्म साधारण सदस्य रहेकोमा २ (दुई) जना परिषद् सदस्य निर्वाचित गर्नेछन् । ५० भन्दा बढी सदस्य रहेकोमा थप प्रति ५० जनामा थप १ (एक) जनाका दरले परिषद् सदस्य निर्वाचित गर्नुपर्नेछ । यसरी हिसाव गर्दा दशमलवमा आउने सङ्ख्यामा ०.५ भन्दा वढी आएमा थप १ (एक) प्रतिनिधि छानिने छन् । यस प्रकारको निर्वाचन जिल्ला, प्रतिष्ठान एशोसिएट समितिको नयाँ नेतृत्वको निर्वाचन गर्दाकै बखत हुनेछ । यसरी निर्वाचित परिषद् सदस्यमा महिला अनिवार्यसहित राज्यको मूल कानूनले अंगिकार गरेका समावेशी सिद्धान्तका आधारमा विभिन्न समुदायका पत्रकारहरूबाट ५० प्रतिशत र खुल्लाबाट ५० प्रतिशत निर्वाचित हुनुपर्नेछ । समावेशी उम्मेदवार नभएमा परिषदमा खुल्लाबाट निर्वाचित गर्नुपर्नेछ । परिषद् सदस्य बन्न कम्तिमा ७ वर्षदेखि महासंघको अविच्छिन्न सदस्य रहेको हुनुपर्नेछ ।

(ख) केन्द्रीय समितिले विभिन्न पेशागत पत्रकार संगठनका अध्यक्ष तथा प्रतिनिधि, वरिष्ठ पत्रकार तथा सम्पादक, आमसञ्चार तथा सूचना प्रविधि विज्ञ एवम् विभिन्न विधागत क्षेत्रका पत्रकार मध्येबाट बढीमा ३५ जना मनोनित गर्नेछ ।

*(पोखेल नेपाल पत्रकार महासंघको उपाध्यक्ष हुनुहुन्छ ।)*

# प्रेस स्वतन्त्रता, लोकतन्त्र र नागरिक अधिकारको पक्षमा महासंघ



**हजारौं पत्रकारहरूलाई पत्रकारिता पेशाबाट पलायन गराएर जनताको आवाज बन्द गराउने षडयन्त्रविरूद्ध नागरिक संघसंस्था र सरोकारवाला पक्षको समेत ध्यान जानु पर्दछ । अहिले हामीले श्रमजीवी पत्रकारहरूमाथि अन्याय भएको टुलुटुलु हेरिमात्र रह्यौं र बीसौं वर्षभन्दा बढी खारिएको जनशक्ति यो क्षेत्रबाट विस्थापित हुने अवस्था आयो भने भोलि फेरि लोकतन्त्र, नागरिक अधिकारका लागि बोल्ने कसले ?**


रमेश विष्ट
rameshbista2009@gmail.com


नेपाली पत्रकारहरूको छाता संस्था नेपाल पत्रकार महासंघको २६औं महाधिवेशन हुँदैछ । प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता, विधिको शासन र नागरिक अधिकारको पक्षमा आधा शताब्दीभन्दा बढी समयदेखि अविराम संघर्ष गरेको महासंघको गौरवपूर्ण इतिहास छ । राजनीतिक स्वतन्त्रता र अग्रगमनलाई महासंघले सधै आत्मासात गर्दै आएको छ । भविष्यमा पनि महासंघ आफ्ना आधारभूत चरित्र र विशेषताबाट विचलित हुनेछैन ।

कुनै पनि महाधिवेशन विगतको कामको समीक्षा र भविष्यको कार्ययोजना निर्माण गर्ने महत्वपूर्ण थलो हो । निश्चय पनि २६औं महाधिवेशन विगतको कामको समीक्षा र आगामी गोरेटो कोर्नका लागि महत्वपूर्ण सावित हुनेछ । मुलुक यतिबेला गम्भीर राजनीतिक अस्थिरतातर्फ धकेलिएको छ । जननिर्वाचित प्रतिनिधिसभा भंग भएको छ । संसद विघटनको मुद्दा अदालती विषय बनेको छ । दलहरू विभाजित छन् । नागरिक समाज सडकमा छ । प्रेसजगत आफ्ना हक र अधिकार हरण हुने त्रास र चिन्तामा छ । बढ्दो वैदेशिक हस्तक्षेप र बिग्रँदो आन्तरिक राजनीतिका बीच हुन गइरहेको महासंघको महाधिवेशनले विशेष महत्व राख्ने निश्चित छ । महाविशेनसँगैं नेपालको प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको रक्षा र नागरिक अधिकारको लागि महासंघ दरिलो ढंगबाट उभिनुपर्ने आवश्यकता देखिएको छ ।

नेपाल पत्रकार महासंघको २५औं महाधिवेशन सम्पन्न हुँदा मुलुक संविधान कार्यान्वयनको महत्वपूर्ण चरणमा थियो । ६ वटा प्रदेशमा स्थानीय तहको निर्वाचन सम्पन्न भई संघ र प्रदेशको निर्वाचनको तयारी भइरहँदा वर्तमान नेतृत्व निर्वाचित भएको हो । प्रदेश दुईको स्थानीय तहको निर्वाचन हुन बाँकी थियो । मुलुकमा तीनवटै तहको निर्वाचन सम्पन्न भई लामो राजनीतिक संक्रमणकालको अन्त्य र नयाँ राजनीतिक व्यवस्थाको शुरूवात हुँदै गर्दा त्यसलाई सहयोग पुर्‍याउनु नेपाली प्रेसको समेत महत्वपूर्ण दायित्व र जिम्मेवारी अपरिहार्य थियो । गणतन्त्र र संघीयता नेपाली प्रेसको समेत एजेण्डा भएकाले समग्र सञ्चारकर्मीहरूको छाता संस्था हुनुको नाताले महासंघ आफ्नै ढंगले परिचालित भयो ।

एकातर्फ सबै निर्वाचनहरू स्वतन्त्र र निष्पक्ष ढंगबाट सम्पन्न होस् भन्ने सञ्चार क्षेत्रको चाहना थियो भने अर्कोतर्फ सुरक्षित र निर्भयताका साथ समाचार संकलन र सम्प्रेषणको वातावरण निर्माण गर्न महासंघको क्रियाशीलता स्वभाविक थियो । यी दुबै काममा महासंघले आफूलाई केन्द्रीत गऱ्यो ।

निर्वाचनपछिको राजनीतिक परिदृश्य महासंघका लागि निकै पेचिलो र चुनौतिपूर्ण रह्यो । पुराना कानुनहरू विस्थापित गर्दै नयाँ कानुनहहरू निर्माण तीब्र भएकाले कानूनीरूपमा प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको जगेर्ना गर्नु सोचेजस्तो सजिलो भएन र छैन । मुलुकी ऐनलाई विस्थापित गर्दै बनेको मुलुकी फौजदारी संहिता, देवानी संहिता र गोपनीयतासम्बन्धी कानूनले सञ्चार जगतलाई भस्कायो । कुनै पार्टी विशेषको चाहनाभन्दा पनि सबै राजनीतिक दलको सहमतिमा आएको उक्त कानूनमा स्वतन्त्र प्रेसमाथि अंकुश लगाउने थुप्रै प्रावधानहरू राखिए ।

मिडिया काउन्सिल विद्येयक, सूचना प्रविधिसम्बन्धी विधेयकसहितका प्रस्तावित कानुनहरूमा प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतालाई नियन्त्रण गर्न पत्रकारलाई जेल हाल्ने र चर्को जरिवाना गराउने व्यवस्थाका विरूद्ध महासंघले सडक संघर्ष नै गर्न बाध्य भयो । अहिले पनि यी विधेयकहरूको अन्तिम किनारा लागेका छैनन् । संसद विघटन भएकाले विधेयकहरू निर्णय हुन नसकी संसदीय प्रक्रियामा नै छन् ।

महासंघले प्रेसलाई नियन्त्रण गर्ने प्रावधानहरूसहितको कानुन स्वीकार गर्ने प्रश्नै थिएन । महासंघ चरणबद्ध दवाव र आन्दोलनमा ओर्लियो । फलस्वरूप प्रेस स्वतन्त्रता विरोधी प्रावधान पहिचान गरी संशोधनका लागि प्रतिवेदन दिन समिति गठन भयो । समितिले प्रतिवेदन दिएपनि अहिलेसम्म पनि संशोधनको प्रक्रिया सम्पन्न हुन सकेको छैन ।

संविधानअनुसार तीन तहको सरकार निर्माण भएपछि महासंघ र नेपाली मिडियाका सामु कानून निर्माणमा प्रेस स्वतन्त्रताका चुनौती थप बढेर गयो । संघीय संसद, प्रदेश संसद र स्थानीय तहहरूले समेत कानून निर्माण गर्ने भएकोले ती कानुनहरू नेपालको संविधान र प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको विश्वव्यापी मान्यता विपरीत नबनून्भन्नका लागि महासंघको निगरानी र खबरदारी जारी छ । तीनै तहमा प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता विरोधी मनोविज्ञान व्याप्त रहेकाले प्रेसमैत्री कानून निर्माण अहिले पनि महासंघका सामु चुनौती बनेर खडा छ ।

यसै बीचमा पत्रकार महासंघको इतिहासमा पहिलोपटक प्रादेशिक संरचना निर्माण भयो । विधानअनुसार ८ भौगोलिक र २ गैरभौगोलिक प्रदेश समितिको गठनपछि कानून निर्माण सँगसँगै प्रेस स्वतन्त्रताको रक्षा र पत्रकारका क्षमता अभिवृद्धिमा महत्वपूर्ण उपलब्धिहरू हासिल भएका छन् । संघीयताको मर्म र भावनाअनुरूप महासंघ तीन तहको संरचनामा विस्तार हुनु सांगठनिक रूपमा पनि महासंघको उपलब्धि हो । यसले महासंघको क्षमता, पहुँच र प्रभाव फराकिलो बनेको छ ।

**महासंघको चुनौती**

महासंघले अहिले पनि पत्रकारको पेशागत र भौतिक सुरक्षालाई ठूलो चुनौतीको रूपमा सामना गरिरहेको छ । समाचार लेखेकै आधारमा पत्रकारमाथिको कुटपिट, धम्की र स्वनियन्त्रणमा कमी आउन सकेको छैन । महासंघको प्रेस स्वतन्त्रता अनुगमन इकाईको अभिलेखमा रहेका तथ्याले पनि पत्रकारको सुरक्षा चुनौतीलाई पुष्टि गर्छ । संविधानमा नै पूर्ण स्वतन्त्रता उल्लेख गरिएको मुलुकका लागि प्रेस स्वतन्त्रता हननका घटनाहरू शोभनीय विषय किमार्थ हुन सक्दैन ।

प्रेस स्वतन्त्रता हनन गर्नेमा राज्यपक्ष र गैरराज्यपक्ष नै उद्यत रहेको तथ्यहरूले छर्लङ्ग पारेका छन् । प्रेसलाई नियमन गर्ने भनेर कल्पना नै नगरिएको विद्युतीय कारोबार ऐन प्रयोग गर्ने, हिरासतमा राख्ने र अदालतमा मुद्दा दायर गर्ने क्रम विगतमा भन्दा पनि वृद्धि भएको छ । समाचार लेखेको आधारमा कसैले उजुरी गरेर होस् वा पत्रकारले सानातिना कमजोरी गरेर होस् प्रहरीले पक्राउ गरिहाल्ने प्रवृत्ति बढेकाले पत्रकार सत्यतथ्य समाचार सम्प्रषण गर्न नसक्ने अवस्थामा पुगेका छन् । यसले पत्रकारलाई स्वनियन्त्रण हुन बाध्य बनाएको छ भने समग्र प्रेस जगत हतोत्साही हुन पुगेको छ । यसको सबै भन्दा बढी मार अनलाइन मिडियाहरू हुन पुगेका छन् ।

श्रमजीवी पत्रकारहरूले भोगिरहेका पारिश्रमिकसम्बन्धी समस्या महासंघको अर्को चुतौती हो । पत्रकारको सेवासुविधा सुनिश्चित गर्ने श्रमजीवी पत्रकार ऐनको आंशिक कार्यान्वयन समेत हुन नसक्दा पत्रकारहरूको पेशागत अधिकार अन्यौल ग्रस्त हुन पुगेको छ । अहिले पनि न्युनतम पारिश्रमिकको लडाईमा श्रमजीवी पत्रकारहरू संघर्षरत छन् । यो आफैमा अन्यन्त पीडादायी र लज्जाको विषय हो । ठूला र राष्ट्रिय भनिने सञ्चारमाध्यममा समेत न्युनतम पारिश्रमिक समेत लागु हुन सकेको छैन ।

महासंघले ठूला सञ्चारगृह लक्षित अभियान तीब्र पारेको छ । महासंघको दवावले केही सकारात्मक परिर्वतन देखिए पनि सन्तोष गर्ने अवस्था भने निर्माण भइसकेको छैन । विज्ञापन बोर्ड गठन भएपनि समानुपातिक विज्ञापन प्रणाली कार्यान्वयन हुन नसक्दा साना र स्वरोजगारमुलक सञ्चारमाध्यमहरूमा अहिले पनि न्युनतम पारिश्रमिक लागु हुन सकेको छैन ।

बिना कारण जागिरबाट हटाउने, जागिर छाड्दा पनि पारिश्रमिक नपाउने जस्ता समस्या पनि श्रमजिवी पत्रकारहरूले भोग्दै आएका छन् । महासंघले यस्ता समस्यामा आन्दोलन, कानूनी उपचार, दवाव र सहजीकरणलाई प्राथामिकताका साथ अघि बढाएको छ । श्रमजीवी आफैले आफ्ना समस्या लुकाउने प्रवृत्ति पनि देखिने गरेको छ ।

महासंघमा १३ हजार बढीसदस्य आवद्ध छन् । यो विशाल संख्याभित्र श्रमजीवी पत्रकारका अलावा साना/ठूला मिडियाका लगानीकर्ता समेत आवद्ध रहेको यथार्थ हाम्रोसामु छ । सञ्चारमाध्यमका प्राविधिक, स्तम्भकार आदि पनि महासंघको छातामुनि आवद्ध छन् । सदस्यतामा रहेको विविधताले महासंघले प्राथमिकतामा राख्ने विषय समेत कहिलेकाहीँ अन्यौलग्रस्त हुने गर्दछ । महासंघलाई मूलतः कस्ता सदस्यहरूको संस्था बनाउने वा सदस्यको प्रकृति अनुसारका नीति निर्माण तर्जुमा गर्ने भन्ने बहस समेत आवश्यक छ ।

**कोभिड-१९ ले थप संकट**

अनेकौं समस्या र चुनौती भैल्दै अघि बढेको नेपालको प्रेस जगत विश्वव्यापी महामारीका रूपमा आएको कोभिड -१९ ले थप समस्याग्रस्त बन्न पुग्यो । ठूला लगानीका सञ्चारमाध्यम समेत केही समय बन्द हुन पुगे । साना र स्वरोजगारमुलक सञ्चारमाध्यमलाई त थप संकट हुनेनै भयो ।

कोभिड- १९ का कारण ठूलो संख्यामा पत्रकार बेरोजगार हुने र बेतलवी विदामा बस्ने अवस्था सिर्जना भयो । कतिपय सञ्चारमाध्यमले कोभिडलाई बहाना बनाएर पत्रकारहरूमाथि प्रतिशोध साध्ने काम पनि गरे । वर्षौं वर्ष धेरै मुनाफा कमाएका

सञ्चारमाध्यमहरूले कोभिड शुरू भएको केही महिनामा नै धान्न सकिदैन भन्दै लाचारी प्रर्दशन गरे ।

सरकारले पनि कोभिडले थला परेको सञ्चार क्षेत्रका लागि कुनै गम्भीरता प्रकट गरेन । जोखिम र अभावका बीच नेपालका सञ्चारकर्मीहरूले अग्रपङ्क्तिमा रहेर सुसूचित गर्ने दायित्व पूरा गरे । सरकारका कमजोरी औंल्याउने र जनतालाई सचेत पार्ने काममा नेपालका सञ्चारमाध्यमले खेलेको भूमिका गौरव गर्न लायक छ ।

**निर्वाचन प्रणाली**

महासंघको तीन तहको निर्वाचन प्रणाली मध्य शाखा र प्रदेश समितिको निर्वाचन साधारण सदस्यहरूबाट हुने वैधानिक प्रावधान छ । केन्द्रीय समिति १० साधारण सदस्यबाट एक निर्वाचित हुने सभाषदहरूबाट निर्माण हुने व्यवस्थालाई परिवर्तन गरेर पोखरा विधान अधिवेशनबाट तीनै तहको निर्वाचन प्रत्यक्ष मतदानको आधारमा हुने व्यवस्था गरिएको छ ।साथै महासंघको विधानलाई थप समावेशी बनाइएको छ ।

प्रत्यक्ष निर्वाचन प्रणालीमा महासंघलाई रूपान्तरित गरेपछि बृहत लोकतान्त्रिक अभ्यासका साथै महासंघको विविध पक्षमा सकारात्मक प्रभाव परेको छ । यो प्रणाली छ दशकभन्दा लामो महासंघको इतिहासमा कोशेढुङ्गा सावित भएको छ ।

चुन्ने र चुनिने व्यापकतासँगै महासंघको सदस्यता शुद्धीकरणमा समेत सुधार आउने छ । पेशाबाट निस्क्रिय रहेकाहरूको विदाई र पेशामा आएकाहरूको सहज प्रवेशलाई प्रत्यक्ष निर्वाचन प्रणालीले ठूलो मद्दत पुऱ्याउने छ । केन्द्र, प्रदेश र शाखामा सक्षम र जुझारू नेतृत्व चयनलाई समेत प्रत्यक्ष निर्वाचन प्रणालीले ढोका खोल्ने छ ।

महासंघको नीति निर्माण तय गर्ने र प्रतिवेदनहरू पारित गर्न छरितो संरचना निर्माण भएकाले महाधिवेशन र साधारण सभाहरूमा खर्च हुनेठूलो धनराशीको भारबाट महासंघ मुक्त भएको छ ।

महासंघको जिम्मेवारी र दायित्वश्रमजीवी पत्रकार र समग्र सञ्चार क्षेत्रप्रति त छ नै देश र समाजप्रतिको दायित्व पनि उत्तिकै छ । नागरिक अगुवा संस्था हुनुको नाताले महासंघप्रतिको अपेच्छा स्वभाविक छ । त्यसलाई पूरा गर्नु पनि महासंघको कर्तव्य हो । महासंघलाई सबैको साझा र मुलुकको महत्वपूर्णअग्रणी संस्थाका रूपमा क्रियाशील राख्नु अहिलेको चुनौती हो ।

*(विष्ट नेपाल पत्रकार महासंघका केन्द्रीय महासचिव हुनुहुन्छ ।)*

## गतिविधि

# सञ्चार प्रतिष्ठानहरुमा श्रमजीवी पत्रकार सुरक्षाका बारेमा छलफल



नेपाल पत्रकार महासंघ डिजिटल मिडिया समितिले सञ्चारप्रतिष्ठानहरुमा श्रमजीवी पत्रकार सुरक्षाका बारेमा छलफल गरेको छ। नेपाल पत्रकार महासंघमा आयोजित कार्यक्रममा नेपाल पत्रकार महासंघले जारि गर्न लागेको सञ्चार प्रतिष्ठानका श्रमजीवी पत्रकार,कामदार र कर्मचारीका लागि बनाएको सुरक्षा मार्गनिर्देशन मस्यौदामा छलफल भएको हो।

कार्यक्रममा महासंघका सचिव प्रकाश थापाले पत्रकारहरुको भौतिक, मानसिक, कानूनी, पेशागत तथा लैंगिक सुरक्षा सुनिश्चित गर्न पत्रकार सुरक्षा मार्गनिर्देशन आवश्यक भएको बताउनुभयो।

महासंघका केन्द्रीय सदस्य एवम् डिजिटल समितिका संयोजक लेखनाथ न्यौपानेले पत्रकार सुरक्षासंगै डिजिटल सुरक्षा पनि पछिल्लो समय अनिवार्य भएको बताउनुभयो।

अनलाइन पत्रकार संघका अध्यक्ष शिव सत्यालले पत्रकार संगै डिजिटल मिडिया सुरक्षाका चुनैतिहरु दिनप्रतिदिन बढ्दै गएको बताउनुभयो।

महासंघका पूर्व सचिव ध्रुव लम्साल, लोकतान्त्रीक छापामाध्यमका अध्यक्ष दामोदर दवाडी, अनलाई पत्रकार संघका पूर्व अध्यक्ष प्रवेश सुवेदी, महासंघ ललितपुर शाला अध्यक्ष ज्ञानप्रसाद पौडेल लगायतले प्रारम्भिक मस्यौदामाथि सुझाव दिनुभएको थियो।

# श्रमजीवी पत्रकारको ट्रेड युनियन अधिकार प्राप्तिको बाटो



**महासंघको विधान २०६० (पाँचौ संशोधन २०७५) मा उल्लिखित नौ वटा उद्देश्यमध्ये एक हो- "श्रमजीवी पत्रकारहरूको उचित श्रम अभ्यास, सामूहिक सौदाबाजी र पेशा तथा रोजगारीको अधिकारको संरक्षणका लागि पत्रकार महासंघलाई ट्रेड युनियन संस्थाका रूपमा स्थापित गरी ट्रेड युनियन अधिकारको नेतृत्व प्रदान गर्ने ।"**

**रामप्रसाद दाहाल**
dahalram@yahoo.com

नेपालको संविधान र श्रम कानूनहरूले श्रमिकहरूको अधिकारलाई उच्चतम महत्व दिँदै श्रम अधिकारको पक्षपोषण गरेको छ । संविधानको धारा ३४ मा श्रमको हक सुनिश्चित गरिएको छ । संविधान भन्छ- 'प्रत्येक श्रमिकलाई उचित श्रम अभ्यासको हक हुनेछ ।

स्पष्टीकरणः (१) यस धाराको प्रयोजनका लागि "श्रमिक" भन्नाले पारिश्रमिक लिई रोजगारदाताका लागि शारीरिक वा बौद्धिक कार्य गर्ने कामदार वा मजदूर सम्झनु पर्छ । (२) प्रत्येक श्रमिकलाई उचित पारिश्रमिक, सुविधा तथा योगदानमा आधारित सामाजिक सुरक्षाको हक हुनेछ । (३) प्रत्येक श्रमिकलाई कानूनबमोजिम ट्रेड युनियन खोल्ने, त्यसमा सहभागी हुने तथा सामूहिक सौदाबाजी गर्न पाउने हक हुनेछ ।'

उसो त संविधानको सोही प्रावधानलाई कार्यान्वयन गर्न ल्याइएको श्रम ऐन, २०७४ को प्रस्तावनामै भनिएको छ- 'श्रमिकको हक, हित तथा सुविधाको व्यवस्था गर्न, श्रमिक र रोजगारदाताको अधिकार तथा कर्तव्यको स्पष्ट व्यवस्था गरी असल श्रम सम्बन्धको विकास गर्न, श्रम शोषणका सबै अवस्थालाई अन्त्य गरी उत्पादकत्व वृद्धि गर्न श्रमसम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २९६ को उपधारा (१) बमोजिमको व्यवस्थापिका-संसदले यो ऐन बनाएको छ ।'

यी त भए श्रम अधिकारबारे संवैधानिक र कानुनी प्रावधान । हामी श्रमजीवी पत्रकारले २०५१ सालमा पाएको श्रमजीवी पत्रकार ऐनलाई पनि भुल्नु हुँदैन ।

"श्रमजीवी पत्रकारहरूको हक, हित, सुविधा र सुरक्षाको समयोचित व्यवस्था गर्न तथा निजहरूको व्यवसायिक दक्षता प्रवर्द्धन गर्न प्रोत्साहित गरी स्वच्छ पत्रकारिताको विकास गर्न वाञ्छनीय भएकोले" ऐन बनाइएको सो ऐनको प्रस्तावनामै उल्लेख छ । २०४६ को राजनीतिक परिवर्तनसँगै नेपाली पत्रकारिताको व्यवसायिक अभ्यास भएसँगै श्रमजीवी पत्रकारहरूको संख्या बढ्न थाल्यो । तिनको श्रम अधिकारको सम्मानको बहस चर्कियो । परिणामस्वरूप सो ऐन आयो । २०६४ मा ऐन संशोधन भएर न्यूनतम पारिश्रमिक निर्धारण समिति गठन भएपछि न्यूनतम पारिश्रमिक तोक्न थालियो ।

तर बिडम्बना ! यो ऐन र यस अन्तर्गत बनेको नियमावलीले प्रचुर सेवा-सुविधाको व्यवस्था गरे पनि प्राप्तिका हिसाबले श्रमजीवी पत्रकारहरूका लागि सो प्रावधान "हात लाग्यो शून्य" बराबर छ । अधिकांश श्रमजीवी पत्रकार नियुक्ति, तहगत वर्गीकरण, बिदा, ग्रेड वृद्धि, सञ्चय कोष, चाडबाड खर्च, वार्षिक स्वास्थ्य खर्च नपाएको गुनासोको पोको बोकेर हिडिरहेका छन् । जागिर गएपछि पाउनु पर्ने उपदान पाउने पत्रकारलाई भाग्यमानी ठान्नु पर्ने स्थिति छ ।

ऐनबमोजिम पदको बर्गीकरण गर्नुपर्ने, नियुक्ति पत्र नदिई काममा लगाउनु नहुने, खुल्ला प्रतियोगिताबाट पदपूर्ति गर्नुपर्ने, नियुक्तिको जानकारी प्रेस रजिष्टारलाई दिनुपर्ने र त्यस्तो जानकारी प्रेस रजिष्टारले राख्नुपर्ने व्यवस्थाको खिल्ली उडाइएको छ । ६ महिना भन्दा बढी करारमा राख्न नपाइने कानुनी व्यवस्थाको धज्जी उडाइएको छ । ऐन वा नियमको रीत नपुराई कुनै पनि श्रमजीवीको सेवा अन्त्य गर्न नसकिने कानुनी व्यवस्था हँसीमजाकको विषय बनेको छ । निकै चर्चामा रहेको न्यूनतम पारिश्रमिक समेत नपाउने अवस्थामा अरू सुविधाको अपेक्षा टाढाको विषय हो ।कानुनले स्पष्ट तोकेको सेवा-सुविधा नपाएको अवस्थामा बिमा लगायतका अरू विषय त गौण नै हुने भयो ।

उल्लिखित तथ्यहरू काल्पनिक होइनन् । पूर्ण सत्य हुन् । यसलाई बलियो सत्य बनाउन सरकारको मुख्य भूमिका छ भने श्रमजीवी पत्रकार स्वयम्को सहायक भूमिका छ । उसो त श्रमजीवी पत्रकारको नाममा खुलेका संघसंगठनको भूमिका समेत सन्तोषजनक नरहेकोमा दुई मत छैन । संविधान, श्रम ऐन तथा श्रमजीवी पत्रकार ऐनको खुलेआम उल्लंघन हुँदा समेत सरकार निरीह बनेको छ अर्थात ऐन र नियम पालना गर्ने सञ्चार प्रतिष्ठानलाई दण्डित गर्नसक्ने अधिकार बोकेको सरकार उनीहरूलाई कारबाहीको साटो रातो कार्पेट बिच्छ्याएर बसिरहेको छ । यही कारण सञ्चार प्रतिष्ठानका व्यवस्थापक र श्रमजीवी पत्रकारहरूबीच पछिल्लोपटक द्वन्द्व सतहमा आएको छ । सरकार द्वन्द्वलाई टाढाबाट रोचक मानेर टुलुटुलु हेरिरहेको छ ।

**द्वन्द्व किन?**

सरकारले सरकारी सञ्चारमाध्यममै लागू नगरेको ऐन (पूर्ण लागू भएको एउटै सरकारी सञ्चारमाध्यम छैन) निजी सञ्चार संस्थाहरूमा लागू हुने कुरै भएन । तसर्थ "प्रेस स्वतन्त्रताको रक्षा गर्दै स्वच्छ, व्यवसायिक र जिम्मेवार पत्रकारिताको विकासका लागि कार्यरत नेपाली पत्रकारलाई संगठित गरी उनीहरूको पेशागतहकहित र श्रम अधिकारको संरक्षण र सम्वर्द्धन गर्नु वाञ्छनीय भएकाले" भनी विधानको प्रस्तावनामै लेखिएकाले नेपाली पत्रकारहरूको छाता संगठन नेपाल पत्रकार महासंघले श्रमजीवी पत्रकारलाई अन्याय हुँदा टुलुटुलु हेर्न सकेन । महासंघको विधान २०६० (पाँचौ संशोधन २०७५) मा उल्लिखित नौ वटा उद्देश्यमध्ये एक हो– 'श्रमजीवी पत्रकारहरूको उचित श्रम अभ्यास, सामूहिक सौदाबाजी र पेशा तथा रोजगारीको अधिकारको संरक्षणका लागि पत्रकार महासंघलाई ट्रेड युनियन संस्थाका रूपमा स्थापित गरी ट्रेड युनियन अधिकारको नेतृत्व प्रदान गर्ने ।'

'श्रमजीवी पत्रकारहरूको उचित श्रम अभ्यास, सामूहिक सौदाबाजी र पेशा तथा रोजगारीको अधिकारको संरक्षणका लागि ट्रेड युनियन अधिकारको नेतृत्व प्रदान गर्ने' भन्ने विगतको व्यवस्था संशोधन गर्दै महासंघलाई ट्रेड युनियन संस्थाका रूपमा स्थापित गर्ने वैधानिक व्यवस्थाले श्रमजीवी पत्रकारको अधिकार र आन्दोलनले छलाङ हानेको बुझ्न सकिन्छ । महासंघको २०७५ फागुन ९ र १० गते पोखरामा सम्पन्न साधारण सभाले यो प्रावधान स्वीकृत गरेको छ ।

नयाँ प्रावधानले हामीलाई श्रमजीवी पत्रकारको पक्षमा खरो उत्रन निकै बल प्रदान गरेको छ । महासंघको अहिलेको नेतृत्वमा रहेर हामीले श्रमजीवी पत्रकारको न्यूनतम पारिश्रमिक वृद्धिका साथै सो प्राप्तिका लागि कडा नीतिगत प्रवन्ध मिलाउन सक्यौं, त्योसँगै विभिन्न मिडिया हाउसमा पारिश्रमिक नदिने, अन्यायपूर्वक सरूवा गर्ने र निष्काशन गर्नेलगायतका गतिविधिमा कमी ल्याउन हस्तक्षेपकारी भूमिका खेल्दै मिडिया हाउस केन्द्रित आन्दोलनहरू बाक्लो बनायौं । सरकारलाई श्रमजीवी पत्रकार ऐन, २०५१ र नियमावली कार्यान्वयनमा बारम्बार दबाब सिर्जना गरिरहेका छौं । तर, सरकारले हामीलाई त्यति सुनिरहेको छैन । बरू आमसञ्चार सम्बन्धी छाता ऐन ल्याएर श्रमजीवी पत्रकार ऐन खारेज गर्ने सरकारी योजना बन्यो । भलै त्यसविरूद्ध महासंघले केन्द्रीय समितिबाट निर्णय गराएरै कडा आपत्ति जनाइसकेको छ ।

सामान्य अवस्थामा विभिन्न सञ्चारगृहमा महासंघ आन्दोलित भइरहेकै थियो । कोरोना महामारीको लाभ उठाउँदै सञ्चारगृहको व्यवस्थापनले समयमा पारिश्रमिक नदिने, दबाबपूर्ण (बेतलबी) बिदामा राख्ने, सरूवा गर्ने, कम पारिश्रमिक दिनेदेखि निष्काशन गर्नेसम्मका हर्कत गरेपछि महासंघ आक्रामक रूपमा आन्दोलित भएको छ । काठमाडौंको बबरमहलमा यो बीचमाठूलो संख्यामा पत्रकारहरू सडकमा उत्रेर श्रमको पक्षमा ऐक्यवद्धता देखाए । महासंघको इतिहासमा श्रमको पक्षमा सामूहिक रूपमा भएको यो पहिलो सडक प्रदर्शन थियो । त्यसयता विभिन्न सञ्चारगृहबाट निष्काशित पत्रकारको पुनर्बहाली वा कानुनसम्मत सेवा-सुविधासहितको बिदाई, बेतलबी बिदामा राखिएकाहरूलाई काममा फर्काउने, तलब घटाइएकालाई पूर्ण तलब दिलाउने, अन्यायपूर्वक सरूवा गरिएकालाई पूर्ववत् जिम्मेवारीमा फर्काउने, बक्यौता भुक्तानी, नियमित तलब, दशै खर्च उपलब्धलगायतका समस्या समाधानमा महासंघ युद्धस्तरमा खटिएको छ । महासंघको यही आन्दोलनले निष्काशनको सूचीमा राखिएका श्रमजीवी पत्रकारहरूलाई निकाल्ने आँट सञ्चारगृहका व्यवस्थापकहरूले गरेनन्, यसले धेरै श्रमजीवी पत्रकारको रोजगारी सुरक्षामा बल दियो ।

लकडाउनपछि महासंघमा प्राप्त करिब ५ सय ७० वटा श्रमसम्बन्धी समस्यामा कम्तिमा ८० देखि ८५ प्रतिशत समाधान भएको तथ्यांक छ । कतिपय कानुनी प्रक्रियामा पुगेका छन् । कतिपय उजुरीमा कारबाहीस्वरूप बिग हाउसमा महासंघले आन्दोलन गर्न सक्दैन भन्ने विगतको भ्रमलाई तोड्दै धर्ना दिनेदेखि मिडिया सञ्चालकको घर घेराउ गर्नेसम्मका कदम महासंघले अगाडि बढाइरहेको छ । सरकारले ऐन कार्यान्वयन गर्न बल गरिदिएको भए यो द्वन्द्व सिर्जना हुने थिएन । श्रम समस्या समाधानका लागि वार्ता, संवाद, दबाब अर्थात आन्दोलन र कानुनी संघर्ष गर्ने महासंघको नीति रहिआएको छ । योसँगै श्रम समस्यालाई व्यवस्थित रूपमा सम्बोधन गर्न महासंघमा पहिलोपटक श्रम डेस्क स्थापना गरी कार्य अगाडि बढेको छ । हामीलाई श्रम डेस्क स्थापना गरी अगाडि बढ्न देहायका तथ्यहरूले बाध्य बनाएको हो ।

- कोरोना महामारीसँगै पारिश्रमिक कटौती गरिएको, बेतलबी बिदामा राखिएको, अन्यायपूर्वक सरूवा गरिएको, नियमित पारिश्रमिक भुक्तान नगरिएको र निष्काशन गर्ने कार्य गरेको

भनी १२ वटा सञ्चारगृहका संयौं श्रमजीवी पत्रकारहरूले महासंघमा उजुरी दिएको सन्दर्भमा महासंघ आन्दोलित बन्यो ।

- महासंघले आफ्ना करिब दुई हजार सदस्यबीच हालै गरेको देशब्यापी सर्वेक्षण प्रतिवेदनले कोभिड १९ महामारीपछि ४ प्रतिशत पत्रकारले रोजगारी गुमाएको, ६ प्रतिशतलाई बेतलबी बिदामा राखिएको र उनीहरू बेरोजगार बनेको देखायो । योसँगै ९ प्रतिशत श्रमजीवी पत्रकारको तलब कटौती गरिएको र २० प्रतिशतले नियमित पारिश्रमिक नपाएको देखियो । श्रम समस्यासँगै अन्य समस्याका कारण करिव ५० प्रतिशत पत्रकारको जीवनयापन नै कठिन बनेको भयावह तस्बिर आयो ।
- यतिमात्र नभएर श्रमजीवी पत्रकार ऐन र नियमावली अनुरुप सेवा-सुविधा नदिइएको र सरकार आफैले बनाएको कानुन पालना गराउन चुक्दै आएको तितो यथार्थता महासंघले बिर्सनै सकेन ।

हो, यस्ता समस्याबीच कोरोना महामारीसँगै सञ्चार क्षेत्रमा श्रम समस्या झन जटिल बनेको ठम्याई महासंघको छ । यहीकारण आक्रामक आन्दोलनमा महासंघ छ ।

यसरी हेर्दा महासंघ संविधान, श्रम ऐन, श्रमजीवी पत्रकार ऐन तथा नियमावली र आफ्नो विधानको प्रस्तावना, उद्देश्य र निर्णयहरूसँगै व्यवहारमा पनि श्रमजीवी पत्रकारको श्रम मामिलामा धेरै अगाडि बढेको अवस्था छ । बल्ल महासंघ नीति, नेतृत्व र व्यवहारमा श्रमको पक्षमा छलाङ मार्न अग्रसर भएको छ । यो गति यथावत् राख्न सकियो भने महासंघ श्रमजीवी पत्रकारको भरपर्दो संरक्षक संस्था बन्दै जाने देखिन्छ । भलै हाम्रो अभियान मोफसलसम्म विस्तार गर्न बाँकी नै छ । सबै श्रमजीवी पत्रकार गोलबद्ध भई महासंघलाई ट्रेड युनियनका रूपमा विधिवत् दर्ता गराउन बाँकी छ । यसका लागि पूर्वाधार बनिसकेको छ । महासंघलाई कानूनतः ट्रेड युनियन संस्थाका रूपमा स्थापित गरौं, श्रमजीवी पत्रकारको सेवा-सुविधा प्राप्तिमा अझ परिणाममुखी कदमहरू चाल्दै सञ्चार क्षेत्रमा श्रम शोषण हुँदैन भन्ने सन्देश प्रवाह गरौं । यसका लागि सञ्चार उद्योगीहरूलाई पनि तयार पारौं ।

*(दाहाल नेपाल पत्रकार महासंघका सचिव हुनुहुन्छ ।)*

## गतिविधि

# ट्रान्सपरेन्सी इन्टरनेशनल नेपाल-पुनर्निर्माण र पुनर्स्थापना लेखनवृत्तिबाट पत्रकारहरु सम्मानित



नेपाल पत्रकार महासंघसँगको सहकार्यमा ट्रान्सपरेन्सी इन्टरनेशनल नेपालको सहयोगमा भूकम्पबाट अति प्रभावित १४ जिल्लामा भइरहेको पुनर्निर्माण कार्य सम्वन्धमा सत्य तथ्य समाचार सामग्री प्रवाह गरिरहेका पत्रकारहरुलाई सम्मान गरिएको छ ।

कार्यक्रमका प्रमुख अतिथि एवमं राष्ट्रिय सूचना आयोगका प्रमुख आयुक्त महेन्द्रमान गुरुङले पुरस्कृत पत्रकारहरुलाई बधाई दिदै सत्य तथ्य समाचार सम्प्रेशणमा जोड दिन आग्रह गर्नुभयो । सूचनाको हक कार्यान्वयन गर्न पत्रकारिताले महत्वपूर्ण भूमिका खेलेको बताउदै सहजै सूचना पाउन नसके सूचनाको हक सम्बन्धी अधिकार प्रयोग गर्न आग्रह गर्नुभयो ।

नेपाल पत्रकार महासंघका अध्यक्ष गोविन्द आचार्यले भूकम्प पछिको पुनर्निर्माणको अवस्थाबारे सत्य तथ्य समाचार सम्प्रेषण गरी सुसुचित गर्ने उत्कृष्ट १४ जना पत्रकारहरु सम्मानित भएकोमा हार्दिक बधाई दिनुभयो ।

ट्रान्सपरेन्सी इन्टरनेशनल नेपालका कोषाध्यक्ष किरण थापाले यस्ता लेखनवृत्ति सम्मानले पत्रकारहरुलाई हौसला प्रदान गर्ने भन्दै आगामी दिनमा पनि सहकार्य गर्ने बताउनुभयो । प्रेस काउन्सिल नेपालका प्रमुख प्रशासकिय अधिकृत झबिन्द्र भुसालले पत्रकार हरुलाई पत्रकार आचारसंहितामा ध्यान दिन आग्रह गर्नुभयो । नेपाल पत्रकार महासंघमा महासचिव रमेश बिष्टले प्राकृतिक विपत्तिले ठूलो पाठ सिकाएको भन्दै विपदका बेलामा समचार सम्प्रेसण गर्ने सम्बन्धमा तालिमको आवश्यकता रहेको बताउनुभयो ।

ट्रान्सपरेन्सी इन्टरनेशनल नेपालका वरिष्ठ अधिकृत बविता शर्माले पुरस्कार औचित्यकाबारेमा धारणा राख्नुभएको थियो ।

पुरस्कारबाट सम्मानित हुने पत्रकारहरुमा सिन्धुलीबाट राजकुमार कार्की, धादिङबाट नवराज छत्कुली, दोलखाबाट उषा तामाङ्ग, गोरखाबाट भिमलाल श्रेष्ठ, रसुवाबाट अनु कुमारी आचार्य, सिन्धुपाल्चोकबाट दुर्गा आचार्य, नुवाकोटबाट शर्मिला उप्रेती, मकवानपुरबाट सम्झना रिजाल, ओखलढुंगाबाट शिव प्रसाद ढुंगाना, काभ्रेबाट मोतीराम तिमल्सिना, रामेछापबाट जानुका पौडेल , ललितपुरबाट रामहरी कार्की, भक्तपुरबाट सम्झना पौडेल र काठमाडौंबाट विद्या राई हुनुहुन्छ ।

# नेपाली पत्रकारिता र सामाजिक समावेशीकरण



**राजनीतिक आन्दोलन या मुद्दाले प्राप्त गर्ने जनसमर्थनका लागि पत्रकारिता वा सञ्चारमाध्यम एउटा सशक्त, प्रभावकारी र अनिवार्य साधन मात्र हो । सञ्चारमाध्यममा जसको पहुँच बढी छ, उसैको मुद्दाले प्रभाव बढाउने यथार्थ पनि त्यत्तिकै सत्य हो । त्यसैले राजनीतिक समावेशीकरणको अभियानसँगै सञ्चारमाध्यमहरूमा समावेशीकरणको मुद्दा पनि सम्बोधन हुनु आजको आवश्यकता मात्र होइन, अनिवार्य शर्त पनि हो ।**


**शीतलप्रसाद महतो**
shitalmahato@gmail.com


**विषय प्रवेशः**

स्वतन्त्र प्रेस लोकतन्त्रको आधारस्तम्भ हो । लोकतान्त्रिकरणको प्रक्रियालाई निरन्तर गतिशील र प्रभावकारी बनाउने हो भने स्वतन्त्र प्रेस बलियो हुनै पर्दछ । सार्वभौम नागरिकमा निहित विचार तथा अभिव्यक्ति स्वतन्त्रता र सूचनाको हकको प्रयोग गर्ने साधनका रूपमा विकसित भएको स्वतन्त्र प्रेसलाई नागरिक सशक्तीकरणको एउटा प्रमुख आधारको रूपमा लिने गरिन्छ । अहिले आम नेपालीको चाहना संघीय समावेशी लोकतन्त्रको सुनिश्चितता नै हो । जसबाट समृद्ध, समावेशी र लोकतान्त्रिक नयाँ नेपालको निर्माण हुने अपेक्षा राखिएको छ । त्यसैले लोकतन्त्रलाई समावेशी बनाउँदै सुदृढीकरण गर्न सञ्चारकर्मीहरूले नेपाली समाजका विविधताभित्र समानता र सम्मानको भाव जगाउँदै आपसमा सद्भावपूर्ण सम्वाद वा अन्तरक्रियाको माध्यम बन्न सक्नुपर्दछ । समावेशी लोकतन्त्रको माग सँगसँगै पत्रकारिता क्षेत्रमा पनि समावेशीकरणको सवाल निकै गम्भीर रूपमा उठ्न थालेको छ । तर अझै पनि महिला, दलित, जनजाति, मधेसी र पिछडिएका समुदायहरूलाई पत्रकारिता क्षेत्रले आकर्षित गर्न सकेको छैन ।

“आवाजविहीनहरूको आवाज” नारासहित पत्रकारिता गर्ने अगुवाहरूका लागि सामाजिक समावेशीकरणको मुद्दा केही बर्ष अघिसम्म खासै चिन्ताको बिषय बनेको थिएन । नेपाली सञ्चारमाध्यमका प्रायःजसो सबै समाचारकक्षहरूमा विशेषगरी महिला, दलित, जनजाति, मधेसी, अल्पसंख्यक र पिछडिएका समुदायजस्ता बहुसंख्यक नेपालीहरूको समानुपातिक प्रतिनिधित्व नहुनुलाई उनीहरूले विशेष महत्व समेत दिएका थिएनन् । पत्रकारितामा जातजाति, धर्म, वर्ग र सम्प्रदायजस्ता कुराहरू गौण हुन्छन् भन्ने सिद्धान्तको रट लगाउँदै उनीहरूले समाचारकक्षहरूमा त्यस्ता बहुसंख्यक नेपालीको प्रतिनिधित्वको अभावलाई स्वभाविकरूपमा नै लिने गर्दथे । तर ऐतिहासिक जनआन्दोलन २०४६ को परिवर्तनलाई टेकेर मुलुकमा उठेको बहुलवादका अभियानहरूको असर जब नेपाली पत्रकारिता क्षेत्रमा पऱ्यो, अनि समाचारकक्षहरूमा हराइरहेका त्यस्ता बहुसंख्यक नेपालीहरूको

समावेशीकरणका कुरा उठ्न थाले ।

**समावेशी दृष्टिकोण**

न्याय, समानता, समावेशी र सामाजिक मुद्दाहरूको उठान र पहिचान बनाउने क्रममा नेपाली सञ्चारमाध्यमहरूले अग्रेणी भूमिका निर्वाह गर्नसक्ने भएकाले यस क्षेत्रमा सबै वर्ग र समुदायको समानुपातिक प्रतिनिधित्व हुनुपर्ने आवाज सबै क्षेत्रबाट उठ्न थालेको छ । पछिल्लो समय सामाजिक समावेशीकरणको मुद्दाहरूमा कार्यक्रम चलाउनु, अनुसन्धान गर्नु वा समाचार लेख्नु भनेको सामाजिक सेवा गर्नु सरह हो भन्ने सोच सम्पादकीय नीति निर्मातामा देखिएको छ । सामाजिक विभेद अन्त्यको आवाज उठाउनु त प्रेसको सबैभन्दा प्रमुख सामाजिक दायित्व हो । तर शिक्षाको अभाव, भाषिक भेदभाव, सामाजिक र साँस्कृतिक विभेदजस्ता कारणले महिला, दलित, जनजाति, मधेसी, अल्पसंख्यक र पिछडिएका समुदायजस्ता बहुसंख्यक नेपालीलाई नेपालको मूलधार पत्रकारितामा स्थापित हुन त्यति सजिलो छैन ।

व्यवसायिक र सामाजिक दृष्टिकोणका हिसावले उनीहरूका लागि मैत्रीपूर्ण पत्रकारिताको विकास हुन सकेको छैन । नेपालका विविध समुदायहरूमा सूचनाको आवश्यकता र सञ्चारका साधनहरूको उपयोग गर्ने क्षमता फरक फरक छन् । पिछडिएका ती वर्ग र समुदायको सहभागिता बढाउनका लागि संस्थागत रूपमा नियमहरूको तर्जुमा र तिनको पूर्ण प्रतिवद्धता एवं इमान्दारिताका साथ कार्यान्वयन गर्नुपर्दछ । यसका साथै ती अल्पसंख्यक र पिछडिएको समुदायलाई पत्रकारिता क्षेत्रमा समानुपातिक समावेशी गराउनका लागि राष्ट्रको सञ्चार नीति, यस सम्बन्धी भएका कानून र योजनादेखि पेशागत संघसंस्था र सञ्चारमाध्यमहरूसम्म विशेष अभियान नै चलाउनु पर्दछ । उनीहरूलाई कुनै विभेद भएको खण्डमा त्यसको सुनुवाई हुने नीति र प्रक्रिया पनि सार्वजनिक गरिनु पर्दछ ।

वास्तवमा सामाजिक समावेशीकरण एउटा राजनीतिक मुद्दा हो । राजनीतिक आन्दोलन या मुद्दाले प्राप्त गर्ने जनसमर्थनका लागि पत्रकारिता वा सञ्चारमाध्यम एउटा सशक्त, प्रभावकारी र अनिवार्य साधन मात्र हो । सञ्चारमाध्यममा जसको पहुँच बढी छ, उसैको मुद्दाले प्रभाव बढाउने यथार्थ पनि त्यत्तिकै सत्य हो । त्यसैले राजनीतिक समावेशीकरणको अभियानसँगै सञ्चारमाध्यमहरूमा समावेशीकरणको मुद्दा पनि सम्बोधन हुनु आजको आवश्यकता मात्र होइन, अनिवार्य शर्त पनि हो । यसका लागि अल्पसंख्यक तथा पिछडिएका वर्ग एवं समुदायको क्षमता अभिवृद्धि, अवसरमा प्राथमिकता, विशेष प्रोत्साहनजस्ता कार्यक्रमद्वारा सशक्तीकरण तथा समावेशीकरण गराउन सकिन्छ ।

व्यवसायिक पत्रकार समाज (Society of professional journalists) र अमेरिकी सम्पादक समाज (American society of newspaper Editors (ASNE ) ले सन् १९९४ मा अमेरिकी सञ्चारमाध्यमहरू विभेदकारी रहेको निष्कर्ष निकाल्दै अमेरिकी सञ्चारमाध्यमका समाचारकक्षहरूमा समावेशीकरणको प्रत्याभूतिका लागि आव्हान गरेका थिए । जसको फलस्वरूप सन् २००० सम्ममा सबै सञ्चारमाध्यमहरूले आफ्नो सम्पादकीय कर्मचारीहरू (Journalists) को संख्या त्यो क्षेत्रको अल्पसंख्यक जातीय संख्याहरूको प्रतिशतको आधारमा पुऱ्याउने प्रतिवद्धता व्यक्त पनि गरे । त्यसको ठीक १० वर्षपछि सन् २००४ मा अमेरिकी सञ्चारमाध्यमहरूले अल्पसंख्यक समुदायका पत्रकारहरूको संख्या समानुपातिक रूपमा विकास गर्न सक्षम भएको/नभएको समीक्षा गरे तर त्यो लक्ष्य पूरा गर्न नसकेको यथार्थ उनीहरूसमक्ष आइपुग्यो । लक्ष्य प्राप्त गर्ने प्रतिवद्धताले मात्र पुग्दो रहेनछ । यसका लागि ठोस कार्यक्रम र त्यसको प्रभावकारी कार्यान्वयन नै चाहिन्छ । अहिले अमेरिकी पत्रकारितामा ज्यादै महत्वपूर्ण बिट मानिने ह्वाइट हाउस रिपोर्टिङमा अल्पसंख्यक समुदायका पत्रकारहरूको संख्या बढ्दै गएको देखिन्छ । ASNE ले सन् २०२५ सम्ममा अमेरिकी जनसंख्यामा अल्पसंख्यक जनजातिहरूको उपस्थिति ३० प्रतिशत रहेको सरह नै विविधताको लक्ष्य हासिल गर्ने दिशामा कार्यरत रहेको छ । त्यस्तै, कुल जनसंख्याको ६ दशमलव ७ प्रतिशत अल्पसंख्यक भएको संयुक्त अधिराज्यमा बीबीसीले ८ प्रतिशत अल्पसंख्यक जनजातिलाई भर्ना गराई त्यसको विषयवस्तुमा प्रतिनिधित्व गराउने लक्ष्य लिएको छ ।

सञ्चारमा समावेशीरण भन्नाले यस क्षेत्रमा लगानी गर्नेदेखि समाचार सम्प्रेषण, प्रसारण, समाचार स्रोत, सम्पादकीय जनशक्तिलगायत सबै पक्षमा जातजाति, लिङ्ग, वर्ग, तह र अवस्थाका विषय र व्यक्तिहरूको सहभागिता भन्ने बुझिन्छ । पत्रकारिताले समाज, व्यक्ति, अर्थ, नीति, राजनीति, धर्म, संस्कार, संस्कृति, विगत र वर्तमानदेखि राष्ट्रिय अन्तर्राष्ट्रिय सबै पक्षलाई समेटेको हुन्छ । त्यसैले पत्रकारिता सबैको साझा भावना समेट्ने कर्म क्षेत्र पनि हो । सञ्चार क्षेत्रले सबैको विचार, भावना, सोच, अभिव्यक्ति र प्रस्तुतिलाई समेट्ने हुँदा सबै वर्गको सकारात्मक सोचबाट नै यस क्षेत्रको विकास, विस्तार र उन्नयन सम्भव छ ।

**सञ्चारमाध्यम र समावेशीकरण**

नेपाल पनि बहुभाषिक, बहुजातीय, बहुधार्मिक र बहुसाँस्कृतिक विविधता भएको मुलुक हो । गरिबी, अशिक्षा, चेतनाको कमी, भौगोलिक विषमता, भाषिक भेदभाव र सामाजिक तथा साँस्कृतिक विभेद जस्ता कारणले गर्दा महिला, दलित, जनजाति र मधेसी लगायतका अल्पसंख्यक तथा पिछडिएका बहुसंख्यक नेपालीले सूचना र सञ्चारको विकासबाट पाखा परेका छन् । उनीहरूले पत्रकारिताको उपयोगिता, यसको भूमिका र शक्तिबारे अनभिज्ञ छन् भने पत्रकारितालाई आफ्नो हितका लागि उपयोग गर्न सकिन्छ भन्ने कुरा समेत उनीहरूलाई थाहा छैन । फलस्वरूप ती समुदाय र वर्गका बहुसंख्यक नेपालीहरू राष्ट्रको मूलधारको पत्रकारिता वा सञ्चारमाध्यममा स्थापित हुन सकेका छैनन् । त्यसैले आम नेपालीले चाहना गरेको समृद्ध, समावेशी र लोकतान्त्रिक नयाँ नेपालको निर्माण गर्ने हो भन्ने नेपाली पत्रकारिता क्षेत्रले पनि नेपाली समाजका विविधताभित्र समानता, सम्मान र सह अस्तित्वलाई स्वीकार गर्दै सामाजिक समावेशीकरणलाई सिद्धान्त र ओठें भक्तिमा मात्र सीमित नराखी साँच्चिकै रूपमा व्यवहारमा उतार्नुपर्ने आजको आवश्यकता र समयको माग पनि हो ।

हुन पनि हो, सबल, समृद्ध, समावेशी र लोकतान्त्रिक नयाँ नेपालको निर्माण गर्ने हो भन्ने सामाजिक समावेशीकरणको विकल्प अहिले देखिएको छैन । राष्ट्रिय जीवनका प्रत्येक क्षेत्र र तहमा यो प्रतिनिधित्व हुनुपर्दछ । तर यसको गति भने राजनीतिक प्रक्रियाको स्वरूप र तीव्रतामा निर्भर गर्दछ । समग्रमा नेपालमा रहेका सूचना र सञ्चारको जुनसुकै माध्यमलाई हेर्ने हो भने पत्रकार हरूको समानुपातिक सहभागिता पाइँदैन । नेपाली पत्रकारिताको सञ्चालन, प्रकाशन र प्रसारणको सम्पादकीय स्वामित्वमा पुरुषकै बाहुल्यता रहेको पाइन्छ । सरकारी स्वामित्वका सञ्चारमाध्यममा पनि पत्रकारको सम्पादकीय विषय र सम्पादक, सम्प्रेषित समाचार हरूमा समानुपातिक समावेशीको अवस्था छैन । निजी क्षेत्रका

सञ्चारमाध्यमलाई समावेशी बनाउन सञ्चारको स्वामित्वमा जनजाति, दलित, महिला, मधेसी, अल्पसंख्यक र पिछडिएका समुदायका व्यक्तिहरू आउनुपर्दछ । यसका लागि सरकारले मिडियामा लगानी गर्ने उचित वातावरण सिर्जना गराउनुपर्दछ ।

समाजमा विद्यमान सबै वर्ग र समुदायको भावना, पीडा, विचार, व्यवहार र मुद्दाहरूको अग्रगामी चित्रण र समानुपातिक प्रस्तुतिका लागि सञ्चारमाध्यमको जनशक्ति संरचनाले महत्वपूर्ण भूमिका निर्वाह गरेको हुन्छ । राष्ट्रिय स्रोतहरूको न्यायोचित ढङ्गले पुनर्वितरण गरी अल्पसंख्यक, पिछडिएका र आवाज खोसिएकाहरूको सशक्तीकरणका लागि उनीहरूको आवाज र मुद्दालाई पत्रकारिताले प्राथमिकताको विषयवस्तुको रूपमा उपस्थित गराउनै पर्दछ । विशेषगरी सञ्चारमाध्यमले महिला, दलित, जनजाति र मधेसी लगायत पिछडिएका वर्ग र समुदायका मुद्दाहरूलाई राष्ट्रिय मुद्दाको रूपमा प्राथमिकताका साथ उठाउने गरेको पाइँदैन । उनीहरूलाई पनि राष्ट्रको मूलप्रवाहमा समावेश गराउनुपर्दछ भन्ने मान्यता र विश्वासका साथ नेपालका मूलधारका सञ्चारमाध्यममा समाचारहरू सम्प्रेषित हुन सकिराखेको छैन । सम्प्रेषित भए पनि अत्यन्त कम र त्यो पनि प्राथमिकताका साथ हुन सकेको छैन । नेपाल विभिन्न भाषिक, जातीय, धार्मिक र साँस्कृतिक विविधताको साझा फूलवारी हो । त्यसैले राष्ट्रिय मूलधारमा समेटिन नसकेका ती सबै वर्ग र समुदायको आवाज बाहिर ल्याउन उनीहरूलाई समानुपातिक सहभागिताको आधारमा सञ्चारमाध्यमको जनशक्ति संरचनामा ल्याउनुपर्दछ ।

**सञ्चारमा सामाजिक समूह**

राष्ट्रिय जनसंख्या र नेपालको मूलधार पत्रकारिताको जनशक्तिमा महिला, दलित, जनजाति र मधेसीलगायत पिछडिएका वर्ग र समुदायको उपस्थितिबीच देखिएको असमानताले सामाजिक समावेशीकरणको अवस्थालाई प्रष्टाइएको छ । राष्ट्रिय जनसंख्याको करिब ३० प्रतिशत अंश ओगटने खस, बाहुन, क्षेत्री र ठकुरीको उपस्थिति यहाँका मूलधारका सञ्चारमाध्यको समाचार संकलन र सम्पादन समूहका कर्मचारी जनशक्तिमा झण्डै ७५ प्रतिशत रहेको अनुमान छ । आधाभन्दा बढी जनसंख्या ओगटेका महिलाहरूको उपस्थिति ३ प्रतिशत भन्दा पनि कम देखिन्छ । करिब ३१ प्रतिशत जनसंख्या ओगटेका मधेसीहरूको उपस्थिति झण्डै ४ प्रतिशत रहेको छ भने कुल जनसंख्याको करिब १२ प्रतिशत अंश ओगट्ने दलितहरूको उपस्थिति पनि कमजोर नै रहेको छ ।

समाजका विभिन्न वर्ग, लिङ्ग, धर्म र जातका व्यक्तिहरूको समानुपातिक प्रतिनिधित्व भएको पत्रकारिता नै समावेशी लोकतान्त्रिक समाजका लागि सहयोगी हुन्छ । बहुभाषिक, बहुजातीय, बहुधार्मिक र बहुसाँस्कृतिक नेपाली समाजको विविधतायुक्त विशेषतालाई स्वीकार गर्दै ती समुदाय र वर्गको प्रतिबिम्ब नेपाली पत्रकारितामा उतारिनुपर्दछ । यसका लागि विशेषगरी नेपालका मूलधारका सञ्चारमाध्यमले महिला, दलित, जनजाति र मधेसीको प्रतिनिधित्व प्रतिशतलाई कम्तिमा उनीहरूको जनसंख्याको प्रतिशतको हाराहरीमा पुराउने लक्ष्य र स्पष्ट मार्गचित्रका साथ अगाडि बढ्न सक्नुपर्दछ । यसरी नेपाली पत्रकारितामा वर्गीय, जातीय, लैङ्गिकरूपमा समान प्रतिनिधित्व हुन नसक्नुको मूल कारण निम्नलिखित छन् ।

- राष्ट्रिय राजनीतिको प्रभाव
- शिक्षा र चेतनाको अभाव
- पत्रकारिताप्रति सकारात्मक सोचको कमी
- पत्रकारिता पेशाबाट आर्थिक समस्या समाधान हुन नसक्नु
- पेशागत सुरक्षा प्राप्त हुन नसक्नु
- सञ्चार स्वामित्व उच्च वर्गमा निहित हुनु
- भाषिक सहजता नहुनु
- महिला, दलित, मधेसी र अल्पसंख्यक मैत्री पत्रकारिता विकास हुन नसक्नु आदि

**समावेशी सञ्चारमाध्यम कसरी बनाउने ?**

न्यायसङ्गत, समावेशी र सामाजिक मुद्दाहरूको उठान र पहिचान बनाउने क्रममा नेपाली पत्रकारिता क्षेत्रले महत्वपूर्ण र अग्रणी भूमिका निर्वाह गर्न सक्दछ भन्ने कुरामा कसैको विमति छैन् । तर नेपालका विभिन्न जातजाति, वर्ग र समुदायले नेपाली पत्रकारिता क्षेत्रले नै आफ्ना मुद्दालाई विशेष प्राथमिकतामा नराखेको र प्राथमिकतामा परेका कतिपय मुद्दाहरूमा पूर्वाग्रही भएको आरोप लगाउने पनि गरेका छन् । यी आरोप कतिको सत्य र तथ्यसङ्गत रहेका छन् । यसका लागि नेपाली सञ्चारमाध्यमद्वारा सम्प्रेषित वा प्रकाशित गरेका सामग्रीहरूलाई अध्ययन, अनुसन्धान र विश्लेषण गर्नुपर्ने हुन्छ । जे भए पनि सामाजिक, आर्थिक, राजनीतिक, भौगोलिक र शैक्षिक लगायतका कारणले महिला, दलित, जनजाति र मधेसी समुदाय अन्य सामाजिक समूहको तुलनामा निकै पछाडि परेका छन् । राष्ट्रिय मूल प्रवाहमा उनीहरूको समानुपातिक समावेशी हुनसकेका छैन । राष्ट्रिय मूलधारको सञ्चारमाध्यमको जनशक्ति विश्लेषण गर्दा पनि यिनै कारणले ती वर्ग र समुदायको प्रतिनिधित्व समानुपातिकरूपमा हुन नसकेको देखिन्छ । यसका लागि विशेषगरी मूलधारका सञ्चारमाध्यमले निर्वाह गर्नुपर्ने भूमिका सम्बन्धी सुझावलाई बुदागत रूपमा प्रस्तुत गरिएको छ ।

- सञ्चारगृहलाई पूर्णतः यस्ता वर्ग र समुदायमैत्री संस्थाको रूपमा विकास गर्नुपर्दछ ।
- सञ्चारकर्मी भर्ना गर्दा लैङ्गिक सन्तुलन कायम राख्न विशेष ध्यान दिनुपर्दछ ।
- सञ्चारगृहमा प्रवेश गरेका त्यस्ता वर्ग र समुदायका व्यक्तिहरूलाई उचित सुविधा, सहुलियत र सम्मान दिनुपर्दछ ।
- विशेषगरी सम्पादकीय टोलीमा यो वर्ग र समुदायको प्रतिनिधित्वलाई सुनिश्चित गर्नुपर्दछ । आदि ।

**अन्त्यमा,**


समाज, राष्ट्र र राजनीतिक व्यवस्थाको लोकतान्त्रीकरणका लागि नियमितरूपमा जनताको परिवर्तन र समृद्धिको चाहनालाई प्रतिनिधित्व गर्ने काम स्वतन्त्र र आत्मनिर्भर मिडियाले नै गर्ने हुनाले समावेशीकरणको जनचाहनालाई लक्ष्यसम्म पुऱ्याउने काममा सञ्चारमाध्यमको भूमिका सबैभन्दा अग्रणी हुन्छ । त्यस्तै सञ्चारमाध्यमले लोकतान्त्रिक शिक्षा र संस्कृतिको माध्यमको रूपमा भूमिका खेल्छ । राजनीतिक मुद्दाहरूको उठान र निर्क्यौलमा पनि महत्पूर्ण प्रभाव पार्ने हुँदा यसमा सबै पक्षको प्रतिनिधित्व हुने गरी समावेशीकरणको संस्कृतिलाई व्यवहारमा उतार्नु आवश्यक छ । यसका लागि राज्यले अवलम्वन गर्नुपर्ने समावेशी सम्बन्धी नीतिगत र कानुनी व्यवस्था तथा कार्यक्रमसहित सञ्चारमाध्यमहरूलाई लक्षित गरी समाचार कक्षको संरचना, समाचार छनौटको विविधता, समावेशी आचारसंहिता, साँस्कृतिक विविधताको प्रतिनिधित्व, सामाजिक समावेशीकरण समूहको बिट तथा उनीहरूको स्रोत एवं विश्लेषकहरूका व्यवस्थातर्फ हरेक माध्यमलाई प्रशिक्षित र प्रोत्साहित गर्न सक्नुपर्दछ ।

सञ्चारमाध्यममा समावेशीकरणको प्रत्याभूति गर्ने दायित्वतर्फ राज्य, सञ्चारजगत र यसका सचेत उपभोक्ताहरू तीनै पक्षको भूमिका अहम् रहेको छ । सञ्चारमाध्यममा समावेशीकरणका लागि सरकारको नीतिगत तथा कार्यगत भूमिका, मिडिया क्षेत्रका संघसंस्थाको प्रतिनिधित्व र कार्यक्रमिक भूमिका र मिडियाहरूको सम्पादकीय भूमिका अलग अलग छन् । यी तीनै पक्षको प्रतिबद्धता र अर्थपूर्ण प्रयास नभई समावेशी पत्रकारिता संस्कृति हुर्काउन सक्दैन ।

*(महतो नेपाल पत्रकार महासंघका सचिव हुनुहुन्छ ।)*

## गतिविधि

# सन् २०२० मा प्रेस स्वतन्त्रताको अवस्था



विश्व महामारीका रुपमा फैलिएको कोरोना भाइरस (कोभिड-१९) का कारण श्रमजीवी नेपाली पत्रकारहरुले ठुलो समस्या भोग्नु परेको छ। कोरोना भाइरस संक्रमणको बाहानामा ठूला भनिएका सञ्चारगृहबाट नै पत्रकारलाई सेवाबाट बञ्चित गर्ने, नियमित सेवा सुविधा उपलब्ध नगराउने, बेतलबी बिदामा राख्ने जस्ता कार्यले श्रमजीवी पत्रकार तथा तिनमा आश्रीत परिवारले आर्थिक समस्या झेल्नुपर्यो ।

कोरोन भाइरसको संक्रमणबाट ७ जना नेपाली पत्रकारको ज्यान गएको छ भने ५१३ जना पत्रकार कोरोना भाइरसबाट संक्रमण भइ ४७० जना सक्रमण मुक्त भएका छन् ।

यस्तै संघीय सरकार र प्रदेश सरकारले सञ्चार सम्बन्धी कानुन निर्माण गर्दा सरोकारवालासंगको छलफल विना नै निर्माण भइरहे । सरकारले संसद समक्ष पुर्‍याएका सार्वजनिक सेवा प्रसारण सम्वन्धी विद्येयक, सूचना प्रविधि विद्येयक, मिडिया काउन्सिल विद्येयकसहित संचार सम्वन्धी विभिन्न विद्येयकमा प्रेस स्वतन्त्रता विरोधी धेरै दफाहरु रहेका छन् ।

नेपाल पत्रकार महासंघको प्रेस स्वतन्त्रता अनुगमन इकाइमा गरिएको अभिलेख अनुसार सन् २०२० जानवरी १ देखि २०२० डिसेम्वर ३१सम्मको यो एक बर्षको अवधिमा ५२ वटा प्रेस स्वतन्त्रता हननका घटनाहरु अभिलेख गरिएको छ। गत बर्ष अर्थात सन् २०१९ मा प्रेस स्वतन्त्रता हननका ५० वटा घटना अभिलेख गरिएको थियो ।

यो एकबर्षको अवधिमा सबैभन्दा धेरै ३२ वटा घटना पत्रकारमाथि दुर्व्यवहार तथा धम्कीका रहेका छन् । त्यस्तै, ९ वटा घटना पत्रकारमाथि आक्रमणका छन् भने ५ वटा घटना पत्रकार गिरफ्तारीका छन् । यस्तै, ४ वटा घटना कब्जा तथा अवरोधका रहेका छन् भने २ वटा घटना पेशागत असुरक्षाका अभिलेख भएका छन् ।

| क्र.स. | घटना प्रकृति | संख्या |
|---|---|---|
| १ | मृत्यु/हत्या | ० |
| २ | बेपत्ता | ० |
| ३ | गिरफ्तारी | ५ |
| ४ | कब्जा/अवरोध | ४ |
| ५ | आक्रमण | ९ |
| ६ | लैङ्गिक हिंसा | ० |
| ७ | दुर्व्यवहार/धम्की | ३२ |
| ८ | विस्थापन | ० |
| ९ | पेशागत असुरक्षा | २ |
| १० | नीतिगत बन्देज | ० |
| | **कुल घटना** | **५२** |

# नेपाल पत्रकार महासंघमा महिला पत्रकारहरूको अवस्था



**महिलाहरूको संख्यामा बृद्धि भए पनि राज्यको ३३ प्रतिशत सहभागिताको नियमलाई नेपाल पत्रकार महासंघले पूर्णता दिन अझै सकेको छैन । यसका लागि हासिल भएका उपलब्धिमा टेकेर थप संघर्षको आवश्यकता देखिन्छ ।**

**लक्ष्मी पुन**
laxmipunntv@gmail.com

नेपाली पत्रकारिता जगत विभिन्न मोड हुँदै यहाँसम्म आइपुगेको छ । कुनै पनि क्षेत्र महिला बिना कल्पना गर्न सकिँदैन । पत्रकारिता क्षेत्रमा महिला पत्रकारहरूको दखल शून्यबाट बिस्तारै बढ्दै छ । उनीहरू आफ्नो सक्रियता, मेहनत, सिर्जनशीलता र प्रस्तुतिले बेग्लै पहिचान बनाउन सफल भएका छन् । पाठकहरू महिला पत्रकारहरूले तयार पारेको सामग्रीमाथि बढी विश्वास गरेको पनि भेटिन्छ । बिहान उठेर रेडियो, टेलिभिजन, अनलाइन र पत्रपत्रिकाहरूको पाना पल्टाउँदा उनीहरूको सक्रिय उपस्थितिको भान हुन्छ । नेपाल पत्रकार महासंघका पूर्वअध्यक्ष हरिहर विरहीले आफ्नो कार्यकालमा चीन भ्रमणका लागि महिला पत्रकार हरूको पाँच जनाको लिस्ट बनाउन कठिन भएको एउटा छलफलका क्रममा जानकारी गराउनु भएको थियो ।

**इतिहास**

नेपाली पत्रकारिताको इतिहास हेर्दा केही साहसी तथा अग्रज महिला पत्रकारहरूले पारिवारिक अड्चन, सामाजिक टीकाटिप्पणी र घरायसी बन्धन तोडदै आफ्नो नाम अग्रपंक्तिमा लेखाउन सफल भएका छन् । पत्रकारिता त्यसै पनि कठिन विषय हो । जबसम्म कुनै व्यक्तिमा यस क्षेत्रप्रति तीब्र इच्छा, लगाव र प्रतिबद्धता हुँदैन तबसम्म निरन्तरता र अपेक्षित प्रतिफल आउन सक्दैन । पत्रकारितालाई राज्यको चौथो अङ्ग त्यसै भनिएको होइन । यसको निष्ठा र गरिमा जोगाउन पनि त्यति सहज छैन । नेपाली पत्रकारिताका शुरूवाती दिनहरु खोज्दै जाँदा निकै कष्ट तथा संघर्षपूर्ण थिए । कर्णालीका दूरदराजका जिल्लाहरूमा त आजको मितिसम्म पनि प्रेस मसिन पुगेको छैन । सञ्चार न पुगेको ठाउँ अन्धकारमा हुन्छ र अधिकारको कुनै कुरा हुँदैन । १९५५ मा नेपाली भूमिमा पहिलोपटक मोतिराम भट्टद्वारा "सुधासागर" नामक मासिक पत्रिका प्रकाशित भएको थियो । महिलाको नेतृत्वमा पहिलो पत्रिका "महिला" भने २००८ मा मात्र प्रकाशित भएको थियो । साधना प्रधानले सो पत्रिका कामाक्षादेवीसँग मिलेर प्रकाशन गर्नुभएको थियो । स्मरण रहोस् प्रधान २००४ मा पहिलोपटक प्रवेशिका परीक्षा दिने ४ जना महिलामध्यको एक हुन् । नेपालमा प्रजातन्त्रको स्थापनापश्चात पत्रकारिता जगतले

फड्को हानेको हो । महिलाहरू पनि यस क्षेत्रमा बिस्तारै आकर्षित हुन थाले । २०४७ को संविधानले जनतालाई सुसूचित हुने र प्रेस स्वतन्त्रताको प्रत्याभूत गरेपछि, आम सञ्चारमाध्यमहरूको निकै विकास भयो । कुनै पनि देशमा राजनीतिक परिवर्तन र प्रेस स्वतन्त्रता सँगसँगै अघि बढ्नु स्वभाविक हो । तर २०५० पछि मात्र नेपाली पत्रकारिताले व्यवसायिक छलाङ हानेको हो । राज्यद्वारा सञ्चालित रेडियो नेपाल नेपालको पहिलो रेडियो हो । तर निजी तथा सामुदायिक एफएम रेडियोको शुरूवातसँगै महिला पत्रकारहरूको संख्या बढ्ने क्रमले गति लियो । तसर्थ, नेपालमा रेडियोको युगलाई महिला पत्रकारहरूको युग भन्न अनुचित न होला ! शुरूवाती जग भने सरकारी सञ्चारमाध्यम नै हुन् । त्यसमा पहुँच भने सीमित व्यक्तिहरूको मात्रै रह्यो ।

**चुनौतीहरू**

महिलाहरूमाथि पुरूषप्रधान समाजमा दोहोरो उत्पीडन हुन्छ । समाजले पनि महिलाहरू घरबाट बाहिर निस्केको खासै रूचाउँदैन । महिलाहरूले नै चुलोचौको र नानीहरू स्याहार्नु पर्छ भन्ने पैतृक सोंच हावी भएकोले महिलाहरू घरबाट बाहिर निस्कन सहज हुँदैन । निस्किहाले पनि घर र कार्यालय सँगसँगै मिलाउनु पर्छ । त्यसैले परिवारबाट साथ न पाए, पेशालाई निरन्तरता दिन निकै कठिन बन्दछ । श्रीमान र श्रीमती दुबै पत्रकारिता क्षेत्रमा भए पनि महिलाले दोहोरो जिम्मेवारी निर्वाह गर्नै परेको छ । मानिसको सोचमा खासै फरक आएको पाइँदैन । महिला पत्रकारहरूलाई व्यवसायिक बन्दै आगाडि बढ्न अनेक बाधा अड्चनहरूको सामना गर्नु पर्छ । त्यसैले, कतिपय महिला पत्रकारहरू बिहेपश्चात पेशा परिवर्तन गर्न बाध्य हुन्छन् । जसमा तल उल्लिखित कतिपय चुनौतीहरु उनीहरूले सामना गर्नु परेको छ ।

» घर परिवारबाट साथ र सहयोग प्राप्त न हुनु ।
» महिला पत्रकारहरूको हकमा नीतिगत कुराहरूको अभाव ।
» कामको जिम्मेवारीमा लैङ्गिक विभेद ।
» समयमा पारिश्रमिक तथा अन्य सुविधा न पाउनु ।
» समान कामको समान ज्याला न पाउनु ।
» कार्यक्षेत्रमा पुरूष सहकर्मीहरू र हाकिमबाट यौन हिंसा तथा दुर्व्यवहार ।
» फिल्डमा जाने क्रममा चारित्रिक रूपमा टीका टिप्पणी हुनु ।
» कार्यालयस्थल तथा समाचार कक्ष महिलामैत्री न हुनु ।
» रात्रिकालीन सेवामा खट्ने क्रममा पिक एण्ड ड्रपको व्यवस्था न हुनु ।
» यस क्षेत्रमा काम गर्ने निश्चित वा निर्धारित समय फेरबदल भइरहनु लगायत ।

**महासंघमा सहभागिता**

नेपाल पत्रकार महासंघको स्थापना भएयता केन्द्रदेखि जिल्लासम्म महिलाको उपस्थिति सन्तोषजनक देखिँदैन । संस्थापन समिति महिलारहितनै थियो । अभिलेख अनुसार, बल्ल ७ वर्षपछि २०१९ मा पशुपतिदेव पाण्डे सभापति हुँदा शशिकला शर्मा पहिलोपटक मनोनीत हुनु भएको थियो । २०५२ मा हरिहर विरही सभापति हुँदा, पहिलोपटक पदाधिकारीमा राधा बुढाथोकी उपसभापति निर्वाचित हुनुभएको थियो । उहाँकै नेतृत्वमा पहिलोपटक पोखरामा पहिलो महिला पत्रकार राष्ट्रिय सम्मेलन भएको हो । यसैगरी २०५४ मा किशोर नेपाल सभापति हुँदा जसुदा प्रधान र शोभा गौतम मनोनीत हुनु भएको थियो ।

२०५६ मा सुरेश आचार्यको कार्यकालमा वरिष्ट पत्रकार रमा सिंह मनोनीत हुनु भएको थियो । २०५९ मा तारानाथ दाहालको नेतृत्वमा निर्मला शर्मा केन्द्रीय सदस्य निर्वाचित भएपछि पहिलोपटक महिला समितिमा निर्मला आचार्य, हरिकला अधिकारी, यसोदा तिम्सिना, गंगा बराल, कोमल ओली, शुभेच्छा बिन्दु, तारा रावल र अनुराधा पौडेलसमावेश हुनुभएको थियो । २०६२ मा विष्णु निष्ठुरीको सभापतित्वमा दुर्गा कार्की मनोनीत हुनुभयो । यसैगरी, २०६५ मा धर्मेन्द्र झा सभापति रहँदा यशोदा तिम्सिना महिला सदस्यमा निर्वाचित हुनु भएको थियो भने गौरी कठायत मनोनीत हुनुभयो । पछि उहाँको प्लेन दुर्घटनामा मृत्यु भयो । यसै कार्यसमितिले नेपालगञ्जमा गरेको विधान संशोधन सभाले पहिलोपटक ३ जना महिला केन्द्रीय सदस्य पदको व्यवस्था गरेको थियो । शिव गाउँलेको अध्यक्षतामा यसोदा तिम्सिना उपाध्यक्ष निर्वाचित हुनु भयो । साथै दुर्गा भण्डारी, संगीता खड्का, शान्ता बस्नेत र दलित सदस्यमा निशा विश्वकर्मा आउनुभयो । यसरी पहिलोपटक महिला संख्या ५ पुग्यो । यशोदा तिम्सिनाले दोस्रो राष्ट्रिय सम्मेलन आयोजना गर्नुभयो ।

२०७१ मा महेन्द्र विष्टको कार्यसमितिमा अनिता बिन्दु समावेशी उपाध्यक्ष निर्वाचित हुनुभयो । केन्द्रीय सचिवमा संगीता खड्का, सदस्यमा पवन वर्षा शाह, सुषमा पौडेल, सरिता ढकाल र लेखा सदस्य रञ्जना आत्रेय रहनुभएको थियो । अनिता बिन्दुले यसरी क्रमशः तेस्रो राष्ट्रिय महिला पत्रकार सम्मेलन आयोजना गर्नुभयो । २०७४ मा निर्वाचित बहालवाला अध्यक्षगोविन्द आचार्य रहेको हालको केन्द्रीय कार्यसमितिमा पंक्तिकारको नेतृत्वमा रहेको केन्द्रीय महिला समितिमा पाँच जना सदस्यहरु रहेका छन् । केन्द्रीय सदस्यहरू सिर्जना अर्याल, जानुका बराल, श्वेता सिन्हा र मधु शाही सो समितिमा हुनुहुन्छ । केन्द्रीय लेखा समिति सदस्यमा मीरा राजभण्डारी हुनुहुन्छ । विगतमा केन्द्रीय सदस्यहरूका लागि ४ वटा महिला पद रहेका थिए । हाम्रो कार्यकालमा पोखरामा सम्पन्न साधारण सभाबाट एक जना महिला उपाध्यक्ष र थप एक जना केन्द्रीय सदस्य ल्याउन सफल भएका छौं । त्यसैगरी, ४९ कुल संख्यामा ३ जना समावेशी पदलाई महिलामा परिणत गरियो । जसमा दलित, जनजाति र मधेसी रहेका छन । तसर्थ, अब ४ जनाको संख्याबाट महिला पद ५ वटा थपेर ९ बनाइयो । यो विगतको महिला संख्यामा ५० प्रतिशतले बढाइएको छ । २०७४ को निर्वाचनमा नेपाल पत्रकार महासंघकै इतिहासमा पहिलोपटक अध्यक्ष पदका लागि महिला उम्मेदवारी पनि परेको छ । भावना प्रसाई "विद्रोही"ले गोविन्द आचार्य र उजिर मगरसँगै अध्यक्ष पदका लागि चुनाव लड्नु भयो । यद्यपि उहाँ सफल हुनु भएन । समावेशी बाहेक खुल्ला पदमा पनि महिला पत्रकारहरूलाई उम्मेदवार बनाए यो संख्या थप बढ्न सक्छ । गोविन्द आचार्यकै पालामा पहिलोपटक प्रत्यक्ष निर्वाचन प्रणालीमा जानुका साथै संघीय संरचनाअनुसार प्रदेश कमिटीहरू निर्माण भए । जसअन्तर्गत जिल्ला तथा प्रदेशमा अनिवार्य महिला उपाध्यक्ष र सदस्यको व्यवस्थाले महिलाहरूको नेतृत्व विकास भएको छ । कुल १३ हजार २ सय ६३ साधारण सदस्यहरूमा महिलाहरूको संख्या २ हजार ४ सय १४ रहेको छ । बिस्तारै महिलाहरूको संख्यामा बृद्धि भए पनि राज्यको ३३ प्रतिशत सहभागिताको नियमलाई नेपाल पत्रकार महासंघले पूर्णता दिन अझै सकेको छैन । यसका लागि हासिल भएका उपलब्धिमा टेकेर थप संघर्षको आवश्यकता देखिन्छ ।

**गतिविधि**

नेपाल पत्रकार महासंघको धुलिखेलमा भएको दोस्रो पूर्ण बैठकबाट महिला समिति गठन भएयता, धेरै कार्यक्रमहरु सम्पन्न भएका छन् । २०७५ माघ, १६ र १७ मा चितवनको पटीहानीमा भएको महिला पत्रकारहरुको चौथो राष्ट्रिय सम्मेलन, महिला समितिले हालसम्म आयोजना गरेका कार्यक्रमहरुमध्ये सबैभन्दा रणनैतिक महत्वको रहेको छ । सोही सम्मेलनबाट हामीले पटिहानी घोषणापत्र जारी गर्दै, एक जना महिला उपाध्यक्षको माग गरेका थियौं । साथै राज्यका हरेक संरचनामा भएझैं ३३ प्रतिशतको पनि माग गरेका थियौं । तर उपाध्यक्षसहित ५ वटा पद मात्र हासिल गर्न सफल भयौँ । देशैभरिका भौगोलिक प्रदेश, एसोसिएट, कर्पोरेट, उपत्यका प्रदेशबाट उल्लेख्य उपस्थिति रहेको थियो । सो सम्मेलनमा करिब ४०० महिला पत्रकारहरुको प्रतिनिधिमुलक उपस्थिति थियो । पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल "प्रचण्ड"ले सो सम्मेलन उदघाटन गर्नुभएको हो । हामीले गत वर्षको ११० औं अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस साँस्कृतिक कार्यक्रम आयोजना गर्दै सम्पन्न गर्यौं । अलि भिन्न तरिकाले आयोजना भएको सो कार्यक्रममा २५ वर्ष पत्रकारिता क्षेत्रमा योगदान गरेका ३५ जना वरिष्ठ महिला पत्रकारहरूलाई सम्मानित गरेका थियौँ । सोही अवसरमा विभिन्न ३ वटा विधा– नृत्य, कविता र गजलमा महिला पत्रकारबीच प्रतियोगिता गराएर पुरस्कृत गरियो । २०७४ को ८ मार्चमा भने विभिन्न राजनीतिक दल आबद्ध महिला सांसद तथा नेतृहरूबीच अन्तर्क्रिया कार्यक्रम आयोजना गरेका थियौँ । हामीले महिला पत्रकारहरूबीच अन्तरघुलन तथा स्वास्थ्यका लागि फुटबल आयोजना पनि गरेका थियौँ । विभिन्न सञ्चारमाध्यममा आबद्ध करिब ८० जना महिला पत्रकारहरू एन्फा मैदानमा उत्रेका थिए । सो खेल पूर्व खेलकुद मन्त्री जगतबहादुर विश्वकर्माले उद्घाटन गर्नुभएको थियो । साथै लेखरचना प्रतियोगिता, सगरमाथा आरोहण गर्ने महिला पत्रकारहरूलाई शुभकामना आदानप्रदान कार्यक्रम, सूचनाको हक सम्बन्धी विभिन्न कार्यक्रम, अन्तर्क्रिया तथा गोष्ठीहरू आयोजना भएका छन् । यसैगरी, बेलाबखत समितिमा रहेका महिला पत्रकार हरूले विभिन्न सञ्चारमाध्यममा पारिश्रमिक न पाउने पत्रकारहरुका लागि संघर्षका कार्यक्रमहरूमा पनि सहभागिता जनाएका छन् । काठमाडौं बाहिरबाट आउने महिला पत्रकारहरुका लागि पुरानो भवनमै आवासको व्यवस्था पनि गरिएको छ ।

**निष्कर्ष**

महिला पत्रकारहरुको पत्रकारिता पेशामा निरन्तरता तथा सक्रियताका लागि राज्यको मुख्य भूमिका रहन्छ । विभिन्न सरोकारवाला संघसंगठनहरूसँग मिलेर नीतिगत निर्णय, उनीहरुको वृत्तिविकासका लागि तालिमका लागि बजेटको व्यवस्था लगायतका कार्यमा ध्यान दिन आवश्यक छ । अहिलेसम्म पनि नेपाली पत्रकार जगतले आफूलाई लैङ्गिकमैत्री पत्रकारिताका रुपमा स्थापित गर्न सकेको छैन । महिलामैत्री सञ्चारगृहहरुको अभावमा महिला पत्रकार हरुको गुणात्मक विकास पनि हुन सकेको छैन । संख्या बढे पनि सम्पादक तह वा समाचार कक्षको निर्णय लिने स्थानमा महिला पत्रकारहरूको न्यून उपस्थिति रहेको छ । महिला पत्रकारहरुको सशक्तीकरणसँगै समाजमा व्याप्त रहेको भ्रष्टाचारको समस्या न्यून हुनुका साथै यस पेशातर्फको विश्वसनीयता थप बढ्ने छ । यसरी लैङ्गिकमैत्री समाचार कक्षले लैङ्गिकमैत्री तथा निष्पक्ष समाचार पनि उत्पादन गर्ने छन् । राज्यको चौथो अंगनै विभेदकारी भयो भने स्वस्थ र समृद्ध समाजको कल्पना पनि गर्न सकिँदैन । त्यसैले महिला पत्रकारहरूको सशक्तीकरण आजको प्राथमिकता र आवश्यकता पनि हो । थप उपलब्धिका लागि सबै महिला पत्रकार हरूले आवाज बुलन्द पारौँ !

*(पुन नेपाल पत्रकार महासंघका सचिव हुनुहुन्छ ।)*

## गतिविधि

# रोजगारी गुमाएका पत्रकारलाई सहयोग गर्न आग्रह

नेपाल पत्रकार महासंघले कोरोना महामारीका कारण जागिर गुमाएका र वेतलवी विदामा रहेका श्रमजीवि पत्रकार हरुलाई लेखनवृत्तिसहित वैकल्पिक व्यवस्था गर्न सरकारसँग माग गरेको छ।

अर्थमन्त्रालयमा मन्त्री विष्णु पौडेललाई सुझाव पत्र बुझाउँदै महासंघले श्रमजीवि पत्रकार ऐन र नियमावली कार्यान्वयन गर्ने सञ्चार माध्यमलाई सहुलियतपूर्ण ऋण उपलब्ध गराउन समेत माग गरेको छ । सञ्चार गृहहरुलाई पत्रकारको पारिश्रमिक भुक्तानी र सञ्चार माध्यमको सञ्चालनका लागि आवश्यक परेमा सहुलियत पूर्ण ऋण व्यवस्था गर्नुपर्ने र ऐन कार्यान्वनयन नगर्ने सञ्चारगृहलाई सरकारका तर्फबाट उपलब्ध हुँदै आएका सुविधा, सहुलियत र विज्ञापन उपलब्ध नगरउन पनि आग्रह गरेको छ । सुझावपत्र बुझ्दै अर्थमन्त्री पौडेलले महासंघले दिएको सबै सुझावहरु उचित रहेकाले कार्यान्वयनका लागि मन्त्रालको टीम र अन्य सरोकारवालाहरुसँग छलफल गर्ने बताउनुभयो। महासंघले दिएका सुझाव सजाउने चिज नभएको उल्लेख गर्दै उहाँले सबै सुझावहरु एकैपटक लागु गर्न सक्ने अवस्था नभएपनि वर्गिकरण गरी तत्कालिन र दिर्घकालिन रुपमा कार्यान्वयनमा लैजाने प्रतिवद्धता जनाउनुभयो।

महासंघले दुर्घटना विमालाई थप विस्तार गरी स्वास्थ्य विमा र जीवनविमाको व्यवस्था गर्न पनि अग्रह गरेको छ । महासंघमा सदस्यता नविकरण भएसँगै स्वतः विमा हुने व्यवस्था गर्न पनि महासंघले आग्रह गरेको छ । यसैगरी सरकारी अस्पताल र स्वास्थ्यसंस्थाबाट उपलब्ध गराइने भनिएको ५० प्रतिशत छुट लगायतका पूर्व निर्णहरु पनि कार्यान्वयन गर्न महासंघले आग्रह गरेको छ। पत्रकार कल्याण कोषबाट यहि आर्थिक वर्षदेखि लागु हुनेगरी जेष्ठ पत्रकार जीजिकोपार्जन भत्ता वितरण गर्न पनि महासंघले आग्रह गरेको छ। विज्ञापन ऐनमा भएको व्यवस्था अनुसार तत्काल सबै प्रकारका सञ्चार माध्यमले पाउने गरी समानुपातिक विज्ञापन प्रणाली लागु गर्नुपर्ने र स्थानीय विज्ञापनमा स्थानीय सञ्चार माध्यमलाई प्रतिमिकता दिनपनि महासंघले आग्रह गरेको छ।

# आर्थिक पारदर्शिता र सुशासनको अभ्यास



**जिल्ला जिल्लाबाट प्रतिनिधिलाई काठमाडौं ल्याउने नाममा चन्दा संकलन गरिने रकम पनि करोड नाघ्ने गरेको अुमान लगाउन सकिन्छ । पत्रकारहरूको अधिवेशन धेरै खर्चिलो बन्दै गएपछि उक्त विषय आलोचित थियो । अब प्रत्यक्ष निर्वाचन जिल्ला जिल्लामै हुने भएपछि केन्द्रीय प्रतिनिधिलाई काठमाडौं ल्याउने नाममा चन्दा उठाउने र ठूलो धनराशी खर्चिने काम रोकिने छ ।**

**राजेश मिश्र**
rajesh.reporter@gmail.com

संघलाई लिएर प्रश्न उठ्ने विभिन्न विषयहरू मध्येको एउटा आर्थिक पाटो पनि हो । महासंघको स्रोत के हो ? यो कसरी चल्छ ? साथै, आर्थिक क्रियाकलापको पारदर्शिता जस्ता विषयमा चासोहरू प्रकट हुने गरेको पाइन्छ । महासंघ देशभित्र र बाहिर समेत नाम/प्रतिष्ठा कमाएको संस्था हो । आर्थिक पाटोमा अनियमितता लिएर उठ्नसक्ने कुनैपनि शंकास्पद प्रश्नले महासंघको कायम इतिहासलाई क्षति पुऱ्याउँछ । २५औं महाधिवेशनबाट २०७४ भदौ ५ गते निर्वाचित भएको यो कार्यसमितिको हरेक सदस्य त्यसप्रति सचेत भएर काम गरेका छन् । विधानतः आर्थिक क्रियाकलापको अलि बढी जिम्मेवारी कोषाध्यक्षको हुने नै भयो । विगतका कार्यसमितिले थालेका राम्रा प्रयास, केन्द्रीय कार्यसमितिको बैठक, साधारणसभा, अध्यक्षहरूको भेलासहित विभिन्न सभा सम्मेलनबाट निरन्तर प्राप्त सुझावहरूलाई समेत ध्यानमा राखेर महासंघको आर्थिक कारोवार र लेखा प्रणालीलाई अभ्यासमा ल्याइएको छ ।

महासंघको आम्दानी र खर्चलाई पारदर्शी बनाएर आर्थिक कामको पनि सामूहिक जिम्मेवारीको अभ्यास थालिएको छ । पारदर्शिता भन्ने विषय बोली र अक्षरमा मात्रै होइन, त्यसलाई व्यवहारमा अवलम्वन गर्न सकिने तरिकाहरू अपनाइएको छ । पारदर्शिताको मूल विषय नै हो- निर्णयदेखि कार्यान्वयनको प्रक्रियासम्ममा धेरै मानिसको सहभागिता । त्यसपछि निर्णय र कार्यान्वयनको प्रक्रियामा सहभागी हुन नसकेका व्यक्तिलाई त्यसको सही समयमा जानकारी । पत्रकारको मात्रै होइन, सिंगो नागरिक जगतकै अगुवा संस्थाको रूपमा स्थापित महासंघ आर्थिकरूपमा भने जेनतेन नै सञ्चालित छ । बाहिरबाट भनिए वा अनुमान लगाइएजस्तो- आम्दानी महासंघको छैन ।

**आम्दानीका स्रोत**ः

१) **सदस्यता शुल्क**ः महासंघ जस्तो संस्था चल्नुपर्ने नै हो सदस्यता शुल्कबाट । १३ हजार सदस्य रहेको संस्थाले स्रोतकै लागि अन्यत्र मुख नताकी आत्मनिर्भर हुनुपर्ने हो । तर, सदस्यता शुल्कबाट केन्द्रीय समितिले पाउने रकम कर्मचारीको तलबकै लागि अपुग हुन्छ । महासंघको विधानले २०७४ बैशाखदेखि लागू हुनेगरी

सदस्यता शुल्क वार्षिक एक हजार रूपैयाँ तोकेको छ । सामान्य हिसाबलेपनि १३ हजार सदस्यबाट वार्षिक रूपमा उठ्ने शुल्क १ करोड ३० लाख रूपैयाँ हो । उक्त राशीबाट महासंघ सञ्चालन हुन नसक्ने होइन ।

तर, विधानले प्रतिव्यक्ति उठ्ने एक हजार शुल्कको आधा हिस्सा अर्थात पाँच सय रूपैयाँ केन्द्रीय पत्रकार कल्याण कोषमा राख्नुपर्ने भनेको छ । बाँकी पाँचसयको आधा हिस्सा अर्थात २ सय ५० रूपैयाँ सम्बन्धित शाखामा तथा बाँकी रहेको २ सय ५० रूपैयाँको आधा १ सय २५ रूपैयाँ प्रदेश समितिले तथा त्यति नै रकम केन्द्रीय कार्यालयले पाउने विधानको व्यवस्था छ । विधानको उक्त व्यवस्थाअनुसार महासंघको कार्यालय सञ्चालनदेखि कार्यक्रमहरू गर्नका लागि प्रत्येक सदस्यबाट प्राप्त हुने १ सय २५ रूपैयाँ खर्च गर्न पाउने हो । नियमितरूपमा संकलन हुने हो भने १३ हजार सदस्यबाट १ सय २५ का दरले महासंघ केन्द्रले खर्च गर्न पाउने रकम १६ लाख २५ हजार हो ।

केन्द्रमा रहेका १० जना कर्मचारीको वार्षिक तलबमा २८ लाख १० हजार ८ सय ६० रूपैयाँको खर्च छ । केन्द्रीय समिति बैठक तथा कार्यालय सञ्चालनका नियमित खर्चमा मितव्ययिता अपनाउँदा पनि वार्षिक रूपमा हुने नियमित खर्च २० लाख हाराहारी पुग्छ । विभिन्न भेला, साधारणसभा र महाधिवेशनमा हुने ठूलो धनराशीको खर्चको बोझ महासंघको नियमित वार्षिक खर्चभन्दा दोब्बर/तेब्बरले बढी हुन्छ । महासंघको नियमित खर्चपनि सदस्यता शुल्कबाट सम्भव नभइरहेको अवस्थामा पत्रकारलाई क्षमता अभिवृद्धि वा पेसागत सुरक्षा लगायतका विषयमा कार्यक्रम चलाउन अन्यत्र निर्भरताको विकल्प भएन ।

जसका कारण महासंघको आर्थिक निर्भरता सरकार तथा दातृ निकायबाट हटाउन मुश्किल पर्दै गएको छ । कुल आम्दानीको आन्तरिक आम्दानीको प्रतिशत उल्लेख हुन नसक्नु महासंघको आर्थिक पाटो ठूलो चुनौती हो ।

२) **सरकारी स्रोतः** सदस्यता शुल्कबाटै नहुने भएपछि महासंघले विगतदेखि नै सरकारबाट पनि सहयोग माग्दै आएको छ । सञ्चार मन्त्रालयले वार्षिकरूपमा १५ लाख रूपैयाँ अनुदान दिँदै आएको छ । त्यसले कर्मचारीको तलब दिन केही सजिलो बनाउने गर्छ । तर, आ.व २०७५/७६ बाट उक्त अनुदान रकम रोकिएको छ । यो कार्यसमिति निर्वाचित भएर आएपछि आ.व २०७४/७५ मा मन्त्रालयबाट पहिलेभन्दा घटेर १० लाख रूपैयाँ प्राप्त गरेको थियो । गत आ.व. मा भने सशर्त अनुदान अर्थात तोकिएका कार्यक्रम सञ्चालन गर्नुपर्ने गरी २० लाख रूपैयाँ महासंघले प्राप्त गरेको थियो । पत्रकारहरूको संस्थाले सरकारसँग अनुदान माग्ने विषय नै आलोचित बन्दै आएको छ । सरकारमाथिको निर्भरता घटाउनुपर्ने बेलामा प्रदेश र स्थानीय तहका महासंघका शाखाहरू भने नराम्ररी स्रोतको नाममा सरकारी चंगुलमा पर्दै गएको देखिन्छ । यस विषयमा महासंघका हरेक तहका संरचनाले राम्ररी समीक्षा गर्नुपर्ने देखिन्छ । प्राप्त स्रोतको सही ढंगले परिचालन हुन नसक्दा पनि जिल्ला तहबाट भएका काममाथि उठेका प्रश्नले पनि सिंगो महासंघ आलाचित हुने अवस्था बनेको छ ।

शिक्षा विभाग, महिला तथा बालबालिका मन्त्रालय लगायतका सरकारी निकायसँगको सहकार्यमा पुरस्कार वितरण लगायतका कार्यक्रम महासंघले गरेको छ । त्यस्तै, सूचना आयोग र निर्वाचन आयोगसँगको सहकार्यमा कार्यक्रमहरू सञ्चालन भएका छन् ।

३) **दातृ निकायको सहयोगः** लोकतन्त्र, प्रेस स्वतन्त्रता, पत्रकारको क्षमता अभिवृद्धि, पत्रकारको पेसागत सुरक्षा र संस्थागत क्षमता विकास लगायतका विषयमा काम गर्न महासंघले बेलाबेला अल्पकालीन वा केही वर्षका लागि भनेर अन्तर्राष्ट्रिय/राष्ट्रिय गैरसरकारी संस्थासँग पनि सहकार्य गर्ने गरेको छ । अहिलेपनि यूएसएड एफएचआईको र इन्टरनेसनल एलर्टसँगको सहकार्यमा स्थानीय, प्रदेश र केन्द्र सरकारले बनाउने मिडिया पोलिसी र कानुनका विषयमा छलफल, अन्तर्क्रिया लगायतकका कार्यक्रमहरू गरिँदैं आइएको छ । त्यस्तै, अन्तर्राष्ट्रिय पत्रकार महासंघ, युनेस्को, आईएमस, एनडिआई लगायतका संस्थाहरूसँगको सहकार्यमा तोकिएका निश्चित केही कार्यक्रमहरू गरिएको छ ।

४) **अन्य स्रोतः** महासंघको सबैभन्दा सहयोगी र भरपर्दो स्रोत यसका शाखा र प्रदेश समितिहरू बनेका छन् । केन्द्रीय समितिले गर्नुपर्ने साधारणसभा, भेला, बैठक सञ्चालनको आयोजनामा शाखा र प्रदेश समितिले खेलेको भूमिकाले नै महासंघका कार्यक्रमहरू सफल भएका छन् । दुई वर्ष अगाडि पोखरामा सम्पन्न साधारणसभाको सम्पूर्ण व्यवस्थापन कास्की शाखाले गरेको थियो । देशैभरबाट आएका १ हजार प्रतिनिधि र पत्रकारहरूको आवास, खानादेखि हल व्यवस्थापन लगायतका शीर्षकमा ५१ लाख खर्च भएको थियो । त्यसमा रजिष्ट्रेसन शुल्कबाट उठेको ७ लाख १८ हजार र केन्द्री समितिबाट पठाइएको ५ लाख गरी १२ लाख १८ हजार मात्रै केन्द्रको योगदान थियो । उक्त साधारणसभाका लागि सरकारले दिने प्रतिवद्धता व्यक्त गरेको १५ लाख रूपैयाँ पछि नदिएपछि आर्थिक स्रोतको सम्पूर्ण व्यवस्थापन पोखरा शाखाकै जिम्मेवारीमा पर्न गयो । त्यस्तै, जिल्ला अध्यक्षहरूको भेला प्रदेश १ समितिले, महिला भेला चितवन शाखाले, दलित भेला पाल्पा शाखाले आयोजना गरिदिएर महासंघ केन्द्रीय समितिलाई सहयोग पुऱ्याएको छ । केन्द्रीय समितिको बैठकलाई काभ्रे, धनुषा, रूपन्देही/कपिलवस्तु, नवलपरासी, गोरखा र सिन्धुपाल्चोक शाखाले संयोजन गरिदिएको छ । यसवाहेक, विभिन्न कार्यक्रमहरूबाट प्राप्त गर्ने पारिश्रमिक लगायतका आम्दानीबाट महासंघका पदाधिकारी, सदस्य, पूर्व पदाधिकारी, विज्ञ तथा कर्मचारी समेतले गरिदिने सहयोग पनि महत्वपूर्ण भएको छ ।

अब चर्चा गरौं, खर्चको प्रणाली, सुशासन र पारदर्शिताको । विभिन्न स्रोतबाट प्राप्त आम्दानीको उचित कार्यमा खर्च त्योपनि आवश्यकता र औचित्य पुष्टि भएका आधारमा मात्रै गरिएको छ । आम्दानीको स्रोत समिति र धेरैजसो बजेट तोकिएका निश्चित कार्यक्रममा मात्रै खर्च गर्नुपर्ने बाध्यकारी अवस्थाका कारण कडाईका साथ मितव्ययितामा अपनाइएको छ । १ हजारभन्दा बढीको कुनैपनि खर्चको भुक्तानी चेकबाट गर्ने विधि अपनाइएको छ । सामान खरीदमा महासंघको आर्थिक कार्यविधिले तोकेको सम्पूर्ण प्रक्रिया पूरा गरिएको छ । ५० हजारमाथिको कुनैपनि खरीदमा प्रतिस्पर्धाको विधि अपनाइएको छ । काठमाडौं बाहिर हुने कार्यक्रमहरूमा पनि होटललाई वा अन्य भुक्तानीहरू सिधै सम्बन्धितको खातामा पुग्नेगरी




मात्रै भुक्तानीको थालनी गरिएको छ । नगद कारोवार रोकिएपछि त्यसले आर्थिक सुशासनमा बल पुऱ्याएको छ । त्यस्तै, महासंघका पदाधिकारी वा सदस्यको नाममा कुनै प्रकारको पेश्की निकालिएको छैन । कार्यक्रम सञ्चालनका लागि बाहिर जाँदा नगद बोकेर जाने अभ्यासको अन्त्य गरी कार्यक्रम सकेर आएपछि बिल अनुसारको भुक्तानी सम्बन्धित होटल, स्टेशनरी वा ट्राभेल एजेन्सीलाई दिने गरिएको छ । व्यक्तिलाई भुक्तानी गर्दा पनि एकाउन्टपेयी चेकलाई नै प्राथमिकता दिइएको छ । कुनैपनि पदाधिकारी, सदस्य वा कर्मचारीलाई महासंघको काममा काठमाडौं बाहिर पठाउँदा अनिवार्य रूपमा त्यसको पूर्व स्वीकृति र त्यसमा लाग्ने खर्चको अनुमान गरी भ्रमण आदेश लिनुपर्ने व्यवस्था गरिएको छ ।

सामान्य दैनिक कार्यालय सञ्चालनको प्रयोजन बाहेक कुनैपनि शीर्षकमा खर्च गर्नुपूर्व कम्तीमा अध्यक्ष, महासचिव,कोषाध्यक्ष, सम्बन्धित कार्यक्रम हेर्ने अधिकृत र लेखा अधिकृतको सामूहिक छलफलको अभ्यास थालिएको छ । त्यसलाई आवश्यकताअनुसार निर्णय पनि गर्ने गरिएको छ । प्रायः महिना दिनमा वा त्योभन्दा पनि कम अवधिमा बसिरहनेपदाधिकारी, उपलब्ध केन्द्रीय कार्यसमितिको बैठकमा पनि आर्थिक पाटोमा छलफल गरिन्छ । त्यस बाहेक अनिवार्यरूपमा केन्द्रीय समितिको पूर्ण बैठकमा अघिल्लो बैठकयताका सम्पूर्ण आम्दानी र खर्चको विस्तृत विवरण लिखितरूपमै पेस गर्ने तथा त्यसमाथि छलफल गर्ने गरिएको छ । लेखा समिति वा लेखा परीक्षकले दिने गरेको सुझाव र परामर्शलाई प्राथमिकताका साथ कार्यान्वयनमा ल्याउने कोशिश गरिएको छ । प्रत्येक केन्द्रीय समिति बैठकमा पेस गरिएको आम्दानी र खर्चको विस्तृत विवरणलाई महासंघको वेबसाइटमा नियमितरूपमा राख्ने गरिएको छ । लेखा परीक्षकले दिएको प्रतिवेदन पनि वेबसाइटमा उपलब्ध रहन्छ । त्यसले महासंघको आर्थिक पक्षबारे जानकारी राख्न चाहने सदस्व वा जोकोहीलाई पनि सजिलो मात्रै बनाइदिएको छैन, महासंघको आर्थिक कारोवारमा संलग्न कर्मचारी, पदाधिकारी वा सदस्यलाई थप जिम्मेवार बनाएको छ ।

महासंघका अध्यक्षसहितका पदाधिकारी वा सदस्यहरू सम्पूर्णरूपमा स्वयंसेवी ढंगले काम गरेका हुन्छन् । जिम्मेवारीकै हिसाबलेमहासंघकै काममा धेरै बढी समय दिनुपर्ने पदाधिकारीहरूको उल्टो आफ्नै पकेटको रकम महासंघका लागि खर्च गर्नु परेको हुन्छ । महासंघको सांगठनिक जीवनमा अत्यन्तै महत्वपूर्ण मानिने सधारणसभा यतिबेला देशैभरका शाखा र प्रदेश समितिहरूको सम्पन्न भएर अहिले कन्द्रीय साधारणसभा गरिरहेका छौं । यहाँ पनि देशैभरका प्रतिनिधिहरू माझ केन्द्रीय समितिको आय/व्ययमाथि छलफल गरिनु, लिखित डुकुमेन्ट बांडिनु आर्थिक पारदिर्शताका लागि विगतदेखि थालिएको राम्रो काममध्येको हो ।

महासंघ यसपटकदेखि प्रत्यक्ष निर्वाचन प्रणालीमा प्रवेश गर्दैछ । अर्थात २५औं महाधिवेशनसम्म कायम रहेको १० जनाको प्रतिनिधित्व गर्दै एकजना पार्षदले केन्द्रीय समितिका लागि मतदान गर्ने प्रणाली हटेको छ । अब सम्पूर्ण साधारण सदस्यले केन्द्रीय समितिको पदाधिकारी र सदस्य चुन्नका लागि मतदान गर्नेछन् । निर्वाचन प्रणालीमा गरिएको यो सुधारले महासंघ थप लोकतान्त्रिक मात्रै भएको छैन, यस विधिले कतिपय आर्थिक विकृतिलाई पनि सुधार गर्नेछन् । महासंघलाई आर्थिकरूपमा सबल बनाउन पनि मद्दत पुऱ्याउने निश्चित छ । विगतमा काठामाडौंमा हुने महाधिवेशनमा मतदाताका रूपमा आउने हजार बढी प्रतिनिधिलई खुवाउने र वसाउनेदेखि अन्य व्यवस्थानको खर्च करोड पुग्न थालेको थियो । २५औ महाधिवेशनमा महासंघको खाताबाट १ करोड र २४औं महाधिवेशनमा ८० लाख रूपैयाँ खर्च भएको छ । जिल्ला जिल्लाबाट प्रतिनिधिलाई काठमाडौं ल्याउने नाममा चन्दा संकलन गरिने रकम पनि करोड नाघ्ने गरेको अुमान लगाउन सकिन्छ । पत्रकारहरूको अधिवेशन धेरै खर्चिलो बन्दै गएपछि उक्त विषय आलोचित थियो । अब प्रत्यक्ष निर्वाचन जिल्ला जिल्लामै हुने भएपछि केन्द्रीय प्रतिनिधिलाई काठमाडौं ल्याउने नाममा चन्दा उठाउने र ठूलो धनराशी खर्चिने काम रोकिने छ । त्यस्तै, केन्द्रीय सभाका लागि प्रतिनिधिको संख्या विगतको भन्दा एक चौथाईमा झरेपछि त्यसको व्यवस्थापनका नाममा महासंघको खाताबाट हुने खर्चपनि त्यही अनुपातमा घट्ने निश्चित छ । त्यसले महासंघको आर्थिक पक्षलाई समेत आगामी दिनमा सबल बनाउँदै लग्ने विश्वास गरिएको छ ।

*(मिश्र नेपाल पत्रकार महासंघका कोषाध्यक्ष हुनुहुन्छ ।)*

# फेरिएको नेपाली राजनीति : पत्रकार दास बन्ने कि शत्रु ?



**पत्रकारमा राजनीतिक आस्था हुनु सामान्य कुरा हो । तर, पत्रकारितामा राजनीतिक आस्था आउनु गलत कुरा हो । पछिल्लो समय राजनीतिक दलको मुखपत्रकोरूपमा धेरै मिडिया सञ्चालनमा रहेका छन् । कतिपय मिडिया त राजनीतिक दलकोमात्र नभएर गुट र व्यक्तिको लगानीमा सञ्चालन भएका पाइएको छ ।**

**रोशन पुरी**
purirosan@gmail.com

नेपालमा संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनापछि पनि नेपाली पत्रकारमाथि विभिन्न प्रकारका हमला कायम छ । पछिल्लो समय नेपाली पत्रकारहरूको छाता संगठन नेपाल पत्रकार महासंघप्रति प्रहार जारी छ । सरकारले नेपालको संविधानमाथि प्रहार गरेर आफूमा नभएको अधिकार प्रयोग गर्दै प्रतिनिधिसभा विघटन गरिएको भन्दै महासंघले विज्ञप्ति निकालेपछि 'महासंघले राजनीति गर्‍यो' भनेर आलोचना गरिएको छ । महासंघको आलोचना गर्ने धेरै व्यक्तिहरू सत्ताको रसमा डुबेर 'फोटोसफ पत्रकारिता' गरिरहेका छन् । ती व्यक्तिहरूबाटै बनाइएका समाचारहरूमासमाचारका लागि आवश्यक पर्ने आधारभूत कुराको पालना नगरिएको भन्दै प्रेस काउन्सिल नेपालमा दर्जनौँ उजुरी छन् । केहीले भने नेपाल पत्रकार महासंघको स्थापना, उद्देश्य र त्यसपछि भएका राजनीतिक आन्दोलनको पृष्ठभूमि नै नबुझेरै आलोचना गरेको पाइएको छ ।

वि.सं. २०१२ साल चैत १६ गते गठन भएको नेपाल पत्रकार संघको निरन्तरता अर्थात अविच्छिन्न उत्तराधिकारी संस्था महासंघ हो । २०५३ सालमा संघलाई महासंघमा रूपान्तरण गरिएको थियो । महासंघको स्थापनाकालदेखिका केही महत्वपूर्ण उद्देश्यहरू छन्, जसलाई अहिले पनि महासंघले आफ्नो पहिलो प्राथमिकतामा राख्ने गरेको छ । नेपाली पत्रकारलाई संगठितरूपमा व्यवसायिक नेतृत्व प्रदान गर्ने तथा पत्रकारका हक अधिकार प्रवर्द्धन तथा संरक्षण गर्ने कुरा पहिलो प्राथमिकतामा पर्छ । त्यस्तै स्वतन्त्र प्रेसको विश्वव्यापी मर्म, मान्यता, आचरण र आदर्शलाई परिपालन गर्ने, विचार तथा अभिव्यक्ति स्वतन्त्रताको पक्षमा क्रियाशील रहने, श्रमजीवी पत्रकारको पक्षमा काम गर्न ट्रेड युनियन अधिकारको नेतृत्व गर्ने, प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको रक्षा र प्रवर्द्धनका लागि क्रियाशील रहने महासंघको पहिलो प्राथमिकतामा परेका उद्देश्यहरू हुन् ।

विश्वका धेरै देशमा पत्रकारका छाता संस्थाको उद्देश्य ट्रेड युनियन अधिकारमा मात्रै सीमित रहेको छ । महासंघको उद्देश्य प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको रक्षा र प्रवर्द्धन पनि भएकाले मुलुकमा राज्यका तर्फबाट वा विभिन्न समयमा गैरसरकारी पक्षबाटसमेत हुने प्रेस तथा

अभिव्यक्ति स्वतन्त्राविरोधी क्रियाकलापमा महासंघको चासो हुनु स्वभाविक हो । पछिल्लो राजनीतिक घटनाक्रमपछि पनि महासंघका विषयमा प्रश्न उठाउने प्रयास गरिएकै छ । नेपाली प्रेसको गौरबपूर्ण इतिहासको अध्ययन नगरेरै गरिएका त्यस्ता टिका टिप्पणीमा ध्यान केन्द्रित गर्नु सान्दर्भिक नहोला । तर, सस्तो लोकप्रियताका लागि गरिने यस्ता आलोचनाले प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता विरोधी शक्तिलाई फाइदा पुग्ने भएकाले यहाँ यसबारेमा चर्चा गर्न खोजिएको हो । फेरि पनि यहाँ दोहोर्‍याउन आवश्यक छ, 'आलोचना केही स्वस्थ मनोभावले गरिएका छन्, केही राजनीतिक स्वार्थपूर्तिको माध्यम' बनेका छन् ।

नेपालमा २०४६ सालको राजनीतिक परिवर्तन वा २०६२/०६३ को व्यवस्था परिवर्तनका लागि भएको आन्दोलनमा नेपाल पत्रकार महासंघको भूमिका स्मरण गर्न आवश्यक छ । नेपालका धेरै राजनीतिक दलले गणतन्त्रको माग गर्न नसकेको बेलामा गणतन्त्र स्थापना हुनुपर्छ भनेर वकालत गर्ने महासंघ पहिलो नागरिक संस्था हो । प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता, विधिको शासन र पेशागत सुरक्षामा महासंघको चासो हुनु वा सरोकार हुन्छ । विगतदेखि नै सत्तामा नपुगेसम्म प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको वकालत गर्ने र सत्तामा पुगेपछि सबैभन्दा पहिले यही विषयमाथि प्रहार गर्ने नेपाली राजनीतिक दलका नेताहरूको परम्पराजस्तै बनेको छ । अहिले पनि सरकारले नेपालको संविधानको प्रतिकूल निर्णय गरेर प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतालाई जुनसुकै समयमा नियन्त्रण गर्ने उद्देश्य राखेको प्रष्ट भइसकेको छ । बोलेकै र लेखेकै आधारमा पक्राउ गर्ने क्रम सुरु भइसकेको छ । राज्य संयन्त्रबाट जारी हुन थालेको अनलाइन कार्यविधिले पनि नेपाली प्रेसलाई नियन्त्रण गर्न खोजेको प्रष्ट छ । यसविरूद्ध पनि महासंघले पटकपटक सरकारको ध्यानाकर्षण गराइसकेको छ ।

राज्यले नेपाली पत्रकारलाई जहिल्यै पनि आफ्नो स्वार्थ अनुकूलमात्रै काम गरोस भन्ने चाहन्छ । तर, नेपाली पत्रकारले राज्यलाई खबरदारी गर्ने आफ्नो महत्वपूर्ण जिम्मेवारी निर्वाह गर्दै आइरहेका छन् । सरकारका लागि पछिल्लो समय स्तुतिगानमात्रै गाउने खालका पत्रकार चाहिएको छ, आलोचनात्मक वा सरकारका कमजोरी लेख्ने पत्रकारलाई विभिन्न प्रकारका आरोप लगाउने गरिएकै छ । अहिलेको सरकार त उदाहरणमात्र हो, विगतदेखि नै सरकारले नेपाली पत्रकारलाई दास बनाउने प्रयास गरिरहेको छ । आफ्नो अनुकूल नलेख्ने पत्रकार राज्यका लागि शत्रु नै बन्ने गरेका छन् । पत्रकार दास बन्ने कि शत्रु ? यो प्रश्नको उत्तर खोजेरमात्रै महासंघको गौरवपूर्ण इतिहासको सही मूल्याङ्कन हुन्छ । महासंघमा आवद्ध पत्रकार सरकारको दास बन्न तयार छैनन्, हुँदैनन् । दास बन्नुभन्दा नेपाली पत्रकारहरू शत्रु नै बन्न तयार छन् भन्ने सन्देश महासंघले दिएको छ । नागरिक अगुवा संगठन पनि भएकाले महासंघले आम नागरिकका राजनीतिक अधिकारका विषयमा सरोकार राख्ने गरेको छ ।

**राजनीतिक घटनाक्रमसँगै सेल्फसेन्सरसीप बढ्दो**

सेल्फसेन्सरसीपको अर्थ आफूले आफैलाई नियन्त्रण गर्ने भन्ने लाग्छ । पत्रकारितामा सेल्फसेन्सरसीपको अर्थ विभिन्न दवावले गर्दा लेखिने अर्थात तयार पारिने समाचार आफै जाँच्ने वा काँटछाँट गर्नुपर्ने बाध्यता हो । यस्तो सेन्सरसीप सामाजिक सञ्जालसँगै अनलाइन, रेडियो, टेलिभिजन, पत्रिका, युट्युबलगायतमा भइरहेको छ । नेपाली पत्रकारितामा सेल्फसेन्सरसीपको प्रयोग ७८ प्रतिशत भएको कुरा महासंघले यसअघि गरेको अध्ययनमा देखिएको थियो । पछिल्लो राजनीतिक घटनाक्रमले नेपाली पत्रकारले आफूले आस्था राख्ने राजनीतिक दलको समाचार सत्यतथ्य, यथार्थ लेख्न नसक्ने समस्या देखिएको छ । समाचारहरू प्रचार सामग्री भन्दा धेरै तल पुगेर 'फोटोसप'मा झरेका छन् । सरकारको समर्थन र विरोधमा स्तुतिगान नै समाचार बन्ने गरेका छन् । केहीलेआफू आवद्ध राजनीतिक दलको प्रचारप्रसार गर्ने तरिकाले समाचार सामग्री बनाएका छन् भने केहीले आफू आवद्ध राजनीतिक दलको पक्षमा विज्ञापन समाचार बनाएका छन् ।

पत्रकारले यसरी दलको पक्षपोषण गर्ने र अर्को पक्षको आलोचना गर्ने काम बाध्यात्मक अवस्थामा भइरहेको छ । दलभित्रको आन्तरिक लोकतन्त्र तथा संकुचित दलीय सोचले पत्रकारलाई आफू आवद्ध दलको प्रचारप्रसार गर्न बाध्यता बनेको छ । समाचार र अभिव्यक्तिका आधारमा सम्बन्धित राजनीतिक दलले पत्रकारको मूल्याङ्कन गर्ने परिपाटी नै अहिलेको प्रमुख समस्या हो । अहिले पत्रकारले समाचार लेख्दा आफू आवद्ध राजनीतिक दलले के भन्ला वा अर्को राजनीतिक दलले कस्तो प्रतिक्रिया देला, अवसरबाट बञ्चित गरिन्छ वा भविष्यमा आफूलाई समस्यामा पो पारिन्छ कि भनेर सेल्फसेन्सर गर्नुपर्ने अवस्था आइपुगेको छ । सरकारी संयन्त्रको डर, समाचार वा विचारले प्रभावित पार्ने व्यक्तिको डर, विज्ञापनदाताको डर, लगानीकर्ताको डर, कुनै विचार समूहको डरले पत्रकार सेल्फसेन्सरसीमा परेको छ । नेपाली पत्रकारिताको ठूलो चुनौती मध्यको एक सेल्फसेन्सरसीप बनेको छ । केहीले सेल्फ सेन्सरसीपकै कारण जागिरबाट विदा हुनु परेको छ, राजनीतिक ध्रुबीकरणसँगै केही अनलाइनका सम्पादक नै परिवर्तन भएका तथ्य महासंघमा आइपुगेका छन् ।

पत्रकारमा राजनीतिक आस्था हुनु सामान्य कुरा हो । तर, पत्रकारितामा राजनीतिक आस्था आउनु गलत कुरा हो । पछिल्लो समय राजनीतिक दलको मुखपत्रकोरूपमा धेरै मिडिया सञ्चालनमा रहेका छन् । कतिपय मिडिया त राजनीतिक दलकोमात्र नभएर गुट र व्यक्तिको लगानीमा सञ्चालन भएका पाइएको छ । यसले पत्रकारलाई राजनीतिक दलको कारिन्दा वा कार्यकर्ताकोरूपमा परिवर्तन गर्दै गइरहेको छ । गलतलाई सत्य र सत्यलाई गलत समाचार बनाउन पत्रकार संलग्न भइरहेका छन् । समाचारका लागि आवश्यक आधारभूत कुराको पालना गर्ने र समाचार ब्यालेन्सको सिद्धान्तलाई अंगीकार गरेर समाचार लेख्दा पनि यी समस्याहरू धेरै हदसम्म समाधान हुन्छन् । तर, राजनीतिक दल र नेताहरूले आफू निकट पत्रकारको राम्रो मूल्याङ्कनको आधार सत्य नभएर आफ्नो पक्षमा समाचार आएको विषयलाई बनाउने समस्या बढ्न थालेको छ । यो कुराले पत्रकारप्रति आम नागरिकको विश्वास घट्दो क्रममा छ । महासंघमात्र होइन, नेपाली प्रेसकै लागि ठूलो चुनौतीको विषय अहिले यही कुरा बनिरहेको छ ।

*(पुरी नेपाल पत्रकार महासंघको लेखा समितिका संयोजक हुनुहुन्छ ।)*

# प्रतिष्ठानमा श्रमजीवीका कथा-व्यथा र तिता-मिठा अनुभव



**प्रतिष्ठानमा कार्यरत श्रमजीवी पत्रकारको अवस्था र अनुभवले अब राज्यले सञ्चारमाध्यमको अनुमति दिँदा बजार, जनसंख्या, भौगोलिकता सबै पक्षलाई ध्यान दिइएन भने दिगो हुन कठिन देखिन्छ । आगामी दिनमा क्षमताअनुसार मात्र मिडिया खोल्न दिइनुपर्छ ।**

**यम विरही**
birahiabc@yahoo.com

अनेक खालका अप्ठ्यारा र चुनौतीको सामना गर्दै मिडिया प्रतिष्ठानमा कार्यरत श्रमजीवी पत्रकारले प्रेश स्वतन्त्रको पक्षमा डटेर व्यावसायिक धर्म निर्वाह गर्नुपरिरहेको तितो यथार्थ जगजाहेर नै छ । पेशा व्यवसायका लागि कार्यक्षेत्रमा खटिने पत्रकारको सेवा, सुरक्षा, व्यवसायिकता, न्यूनतम अधिकारमाथि खासगरी पछिल्ला दिनमा ठूलो चुनौती खडा भयो । प्रतिष्ठानमा कार्यरत श्रमजीवी पत्रकारको अवस्था नै दयनीय बन्दै गएको स्थितिमा प्रेस स्वतन्त्रता, अभिव्यक्ति स्वतन्त्रता, सूचनाको हक र मानवअधिकारको रक्षा जस्ता सबालमा कसरी खरो ढंगले काम गर्ने भन्ने प्रश्नहरू स्वभाविक छन् ।

अधिकांश मिडिया हाउस सञ्चालकहरू कर्तव्यविमुख हुँदा श्रमजीवी पत्रकारको जीवनस्तर र आर्थिक अवस्था नाजुक बन्दै गयो । ठूलो संख्यामा बेरोजगारीका कारण पत्रकार मानसिक तनाव र चिन्तामा रहनु परेको यथार्थ लुकाउन सकिने बिषय होइन । विशेषगरी कोरोनाकालपछिको जटिल परिस्थतिमा महिनौंसम्म पारिश्रमिक नदिएर जबर्जस्ती निकालामा पर्ने श्रमजीवीले अनेक कष्ट र प्रताडना खेप्नुपर्ने अवस्था रहयो । वास्तवमा श्रमजीवी पत्रकारको भौतिक र आर्थिक अबस्थाका कारण निर्बाध रूपले काम गर्ने वातावरण भएन ।

पेशागत सुरक्षाको बिषय गम्भीर बनेर गयो । केहीलाई छाडेर अधिकांश मिडिया हाउसमा श्रमजीवी पत्रकार ऐन, २०५१ र नियमावलीले तोकेका न्यूनतम मापदण्ड पालनाको त कुरै छाडौं खाईपाईं आएको श्रमको मूल्यसमेत प्राप्त गर्न नसकेर अनेक प्रताडना खेप्नुपर्‍यो । जसका कारण अहिले पनि श्रमजीवी पत्रकारको अवस्था जटिल मोडमा पुगेको छ । प्रतिष्ठानमा कार्यरत ठूलो संख्याका श्रमजीवी पत्रकार कोरोना कहरको बहुध्रुबीय मारमा परे । आफ्ना दर्द र पीडा लुकाएर जटिल अबस्थामा श्रमजीवी पत्रकारले मुलुक र समाजप्रतिको आफ्नो दायित्व निर्बाह गर्न अग्रमोर्चामा उभिएर काम गर्नुपर्ने बाध्यता रहयो ।

यस्तो अबस्थामा पनि आफुमा भएको न्यूनतम् स्रोत, साधन तथा सीपको भरपुर उपयोग गरी यथार्थ सूचना संप्रेषणमा अहोरात्र

आफ्नो कर्तव्य निर्बाहमा डट्ने श्रमजीवी पत्रकारलाई सलाम छ । ठूला मिडिया हाउसले नै लकडाउनको एकाध महिनामै खुट्टा कमाएको अबस्थामा श्रमजीवी पत्रकारहरूले संकटको बेला के गर्ने, कहाँ जाने, कसरी जीविकोपार्जन गर्ने भन्ने समस्यामै रूमल्लिनु पर्‍यो । लकडाउन अवधि तलव, सुविधा र पारिश्रमिक कटौती गर्ने र श्रमजीवीलाई निष्कासन गर्ने ठूलो अवसर बन्यो । मुलुकमा २०७६ चैतदेखि लकडाउन शुरू भएयता महिनौंसम्म पारिश्रमिक नपाएको स्थितिमा अन्य कानुनी सुविधा त परैको कुरा भयो ।

एकातिर धेरै मिडियामा कोरोना महामारीका सन्दर्भमा सरकारले लागू गरेको लकडाउन (२०७६ चैत ११ गते ) भन्दा अघिदेखि नै श्रमजीवीले पारिश्रमिक नपाएको अबस्था विद्यमान थियो ।

**महासंघका तर्फबाट प्रतिष्ठानमा कार्यरत पत्रकारको अबस्थाबारे समय समयमा अनुगमनका कामहरू भए । अनुगमनबाट श्रमजीवी पत्रकारको भौतिक र आर्थिक अबस्था नाजुक रहेको, तोकिएको पारिश्रमिक, सुविधामा समस्या देखिएको अबस्था छ । जसका कारण खुलारूपले काम गर्ने वातावरण रहेन । सञ्चार संस्थाबाट श्रमजीवी पत्रकार ऐन, २०५१ ले तोकेका न्यूनतम मापदण्डको पालना नभएको अवस्थासमेत देखियो । लकडाउनको अवधिमा केही मिडिया हाउसले ज्यालादारी जस्तै कार्यालयमा गएको दिनको मात्र पारिश्रमिक दिएका छन् । व्यवस्थापनको तजविजीमा तलब कट्टा गरिएको अबस्था छ ।**

लकडाउनपछि त झन् न्यूनतम् २५ देखि ५० प्रतिशतसम्म काटेर तलब थाप्नुपर्ने विवशता देखियो । जसका कारण पत्रकार बेरोजगार भई बिस्थापनको स्थितिसमेत देखियो । कतिपय सञ्चारसंस्थामै जबर्जस्ती बेतलवी बिदामा राखियो ।

कोरोनाका बेला घरमै बसेर काम गर्नुपरेका कारण डाटा, टेलिफोन सम्पर्क जस्ता अतिरिक्त खर्चसमेत व्यहोर्नुपर्‍यो । लामो समयसम्म पारिश्रमिक रोकिएका कारण दैनिक खर्च, औषधि उपचार, कोठाभाडा तिर्न समस्या देखियो । अर्कातर्फ कोरोना जोखिमका बीच रिपोर्टिङमा खटिने पत्रकारको स्वास्थ्य सुरक्षाको समस्यासमेत रह्यो । अधिकांश सञ्चार संस्थाले पत्रकारको कोरोना विमासमेत नगरेको अबस्था छ ।

केही मिडिया हाउसले दिनगन्तीका हिसाबले दैनिक ज्यालादारी जस्तै पारिश्रमिक दिए । तलबमा एकतर्फी, तजबिजी र मनपरी ढंगले कट्टा गर्दा न्यून वैतनिक श्रमजीवीले झन चर्को मार खेप्नुपर्‍यो । महिनौंसम्म पारिश्रमिक नपाउने पत्रकारको अबस्था जर्जर त छँदै थियो, बन्द भएका मिडियामा कार्यरत पत्रकारले आफ्नो भविष्यलाई लिएर थप मानसिक तनाब झेल्नुपरेको अर्को वास्ताविकता छ । थप जागिरबाट विस्थापन हुँदासमेत लामो समयको पारिश्रमिक, भत्ता, सुविधा नपाउने अर्को पीडा खेप्नुपरेको छ ।

केही मिडिया हाउसले प्रदान गरेको न्यूनतम् तलबसमेत केहीले पाउने, केहीले नपाउने अबस्थासमेत देखियो । यसले समान हैसियतका श्रमजीवीका बीच पनि चरम विभेद देखाउँछ । कतिपय लामो समयदेखि कार्यरत पत्रकारलाई जबर्जस्ती बिदामा बस्न लगाइएका कारण विस्थापनको स्थिति उत्पन्न भयो । प्रतिष्ठानहरूमा यस्तो दुविधा, संशय र अन्यौलको स्थिति रह्यो ।

केही मिडिया हाउसमा पत्रकार एकतर्फी आन्तरिक सरूवाको मारमासमेत परेका छन् । पत्रकारको कानुनी अवस्था, अनुभव र निरन्तरतामा प्रश्न उठेको छ । भाषा, प्राविधिक, कार्यक्रम उत्पादक, प्रस्तोता, डिजाइनर, क्यामरापर्सन गरी ठूलो संख्यामा जबर्जस्ती विदामा बस्न लगाइएको मात्र होइन, उनीहरूको पारिश्रमिक पनि रोकियो । थोरै जनशक्ति बढी समय काम गर्नुपरेका कारण ओभरलोडको अबस्था देखियो ।

सञ्चार प्रतिष्ठानले समयमा पारिश्रमिक नदिने, दिए पनि न्यूनतम् पनि नदिने, समयमा नदिने कारण एक पत्रकार एक भन्दा बढी मिडियामा संलग्न हुनुपर्ने बाध्यता देखियो । मिडिया हाउसबाट सेवा, शर्त, सुविधाका लागि श्रमजीवी पत्रकार ऐन र नियमावलीले तोकेका मापदण्ड समेत पूरा गरेको देखिएन । विस्थापित हुनुपरेका पत्रकारका आश्रित परिबारलाईसमेत मानसिक तनाबको अबस्था झेल्नु परेको अवस्था छ । मिडिया प्रतिष्ठानमा पत्रकारका लागि कानुन, नियमावली र मापदण्ड कुनै चिजले काम नगरेको अबस्था देखियो ।

पहिले कम्तिमा पनि पत्रकारलाई नियुक्तिपत्र दिलाउनका लागि महासंघले दबाब दिने काम गर्‍यो । यो कार्यमा आंशिक सफलता मिले पनि धेरै काम हुन अझै बाँकी छ । नियुक्तिपत्र हातमा भएका पत्रकारको पनि कतिपयको पारिश्रमिक उल्लेख नभएको, मुल ऐनभन्दा सञ्चार संस्थाको विनियमबमोजिम चलेको, ऐनले निर्देशित गरेअनुरूप हुनुपर्नेमा निर्देशिकाका भरमा चलेको अबस्था देखियो । कामको सिलसिलामा हुनसक्ने सम्भावित दुर्घटना, बिरामीको सम्बन्धमा उपचार तथा दुर्घटना बिमाको सुनिश्चित छैन ।

ऐनको व्यवस्था उल्लेख नगरी सञ्चार प्रतिष्ठानको विनियमबमोजिम भन्दै पत्रकारलाई नियुक्तिपत्र दिने गरिएको छ । केही प्रतिष्ठानले सूचना विभागबाट जारी गरिने प्रेस प्रतिनिधि प्रमाणपत्र नवीकरण र प्रेस पास प्राप्त गर्ने प्रयोजनका लागि मात्र नियुक्ति तथा सिफारिस दिने अवस्था रहेको छ । कतिपयमा व्यवस्थापन पक्षले नियुक्तिपत्र दिएर न्यूनतम पारिश्रमिक दिनुको सट्टा पत्रकारलाई नै विज्ञापन खोज्न लगाउने, त्यस बापतको कमिशन दिएर त्यसैलाई पारिश्रमिक दिएको ठान्ने प्रवृत्तिसमेत देखियो । स्ट्रिङ्गरका हकमा नियुक्तिको प्रक्रिया र मापदण्ड तय नभएको देखियो । अब पनि न्यूनतम पनि पारिश्रमिक दिन नसक्ने हो भने सञ्चार संस्थाको औचित्यमाथि नै गम्भीर समीक्षा हुनु जरूरी देखिएको छ । छापा सञ्चारमाध्यम र टेलिभिजनको भन्दा अनलाइनहरूको अवस्था केही सुविधायुक्त र सहज रहेको वास्तविकता भने अर्कातर्फ छ ।

रोजीरोटी खोसिएका पत्रकारको भविष्य अन्धकारमा पर्न नदिन महासंघले दर्जन भन्दा बढी मिडिया हाउसमा कालो ब्यानर टाँगेर चरणबद्ध आन्दोलन गर्नुपऱ्यो । एउटै मिडिया हाउसलाई पटकपटक पत्र काटेर अल्टिमेटम दिनुपऱ्यो । श्रमजीवीको हित रक्षाका खातिर श्रम अदालत, श्रम कार्यालय, सूचना विभागदेखि मिडिया हाउससम्म दौडधुपको भिन्नै कथाव्यथा छ । त्यो दुःख, दर्दको अर्को पहाड छ । दबाबका लागि मालिकसँग वार्ता, संवाद, छलफल, पत्राचार, घेराउ सँगसँगै बलजफ्ती विस्थापनमा परेका पत्रकारको हकमा कानुनी उपचारमा जानुपर्ने अबस्था आयो । श्रमजीवी पत्रकारहरूको हकहित र अधिकार रक्षाका लागि नयाँ नेतृत्व आइसकेपछि धुलिखेलमा बसेको पहिलो केन्द्रीय समिति बैठकले श्रमजीवी पत्रकार हित प्रवर्द्धन समिति गठन गरी निरन्तर खबरदारी र दबाबका लागि काम भई नै रहे ।

श्रमजीवी पत्रकार कल्याण कोष स्थापनाका लागि महासंघ सर्वोच्च अदालत जानुपर्यो । महासंघले दायर गरेको रिटमा महासंघको पक्षमा आदेश जारी भएको छ । तीन बर्षे अवधिमा महासंघमा पत्रकारहरूको पेशागत हकहित र सुरक्षाका बिषयमा ठूलो संख्यामा पर्न आए । जसको सम्बोधनका लागि महासंघले सम्बन्धित सञ्चारगृहसँग पत्राचार, वार्ता गर्ने र त्यसबाट सम्भव नभए आन्दोलन मार्फत समस्या समाधान गर्ने काम गऱ्यो ।

यस अवधिमा महासंघको कानूनी सहायता डेस्कले १ सय भन्दा बढी पत्रकारहरूका तर्फबाट विभिन्न न्यायालय वा अर्धन्यायिक निकायहरूमा निःशुल्क मुद्दा दर्ता र बहस गरी उनीहरूको अधिकार रक्षाका लागि काम गऱ्यो । जसमध्ये ७० वटा मुद्दामा श्रमजीवी पत्रकारहरू आफ्नो अधिकार प्राप्त गर्न सफल भए । अनेक समस्या र अन्यौलका बीच पनि महासंघको पहल र सुझावका आधारमा यस अवधिमा श्रमजीवी पत्रकारको न्यूनतम पारिश्रमिक बृद्धि गर्न सकियो ।

कोभिड – १९ महामारीका बेला समस्यामा परेका पत्रकार (विशेषगरी प्रतिष्ठानमा आबद्ध) ले ५७० भन्दा बढी लिखित तथा मौखिक उजुरी दिए । ती उजुरीमा सम्बन्धित सञ्चारगृहसँग वार्ता तथा संवादको माध्यमबाट ५३० भन्दा बढी मुद्दाहरूलाई सहमतिमा टुंग्याउन महासंघ सफल भयो । महासंघको संघर्षको परिणाम थुप्रै श्रमजिवी पत्रकार कार्यथलोमा फर्केर पूर्ववत् अबस्थामा काम गरिरहेको अबस्था यतिबेला छ । कतिपय अवस्थामा महासंघले आन्दोलनका माध्यमले पनि यस्ता विषयवस्तु टुंग्याएको थियो । केहीमा कानूनी उपचारका लागि अझै पहल जारी छ ।

महासंघका तर्फबाट प्रतिष्ठानमा कार्यरत पत्रकारको अबस्थाबारे समय समयमा अनुगमनका कामहरू भए । अनुगमनबाट श्रमजीवी पत्रकारको भौतिक र आर्थिक अबस्था नाजुक रहेको, तोकिएको पारिश्रमिक, सुविधामा समस्या देखिएको अबस्था छ । जसका कारण खुलारूपले काम गर्ने वातावरण रहेन । सञ्चार संस्थाबाट श्रमजीवी पत्रकार ऐन, २०५१ ले तोकेका न्यूनतम मापदण्डको पालना नभएको अवस्थासमेत देखियो । लकडाउनको अवधिमा केही मिडिया हाउसले ज्यालादारी जस्तै कार्यालयमा गएको दिनको मात्र पारिश्रमिक दिएका छन् । व्यवस्थापनको तजविजीमा तलब कट्टा गरिएको अबस्था छ । तलब कट्टा गरेका कारण न्यून वैतनिक श्रमजीवी चर्को मारमा परेका छन् ।

श्रमजीवी पत्रकारसम्बन्धी नियमावली, २०५३ को नियम १४ ले श्रमजीवी पत्रकारले काम गरेको अवधिको बाह्र दिनको एक दिनको दरले घर विदा पाउने भने पनि अधिकांश मिडिया हाउसमा यसको पालना भएको देखिएन । घर विदामा बसे पनि पूरा तलब पाउने नियमको व्यवस्था छ । यस्तै नियम ३४ मा व्यवस्थापकले प्रत्येक श्रमजीवी पत्रकारको बिमाको व्यवस्था गर्नुपर्ने अनिबार्य गरे पनि कोरोना महामारीका बेलासमेत अधिकांश मिडिया हाउसमा कुनै बिमा गरेको स्थिति देखिएन ।

नियम ३५ ले अवकाश पाउने श्रमजीवी पत्रकारलाई निजले सेवा गरेको प्रत्येक वर्षको निमित्त नियममा तोकिए बमोजिमको उपदान सरहको सुविधा दिने भनिए पनि यस अवधिमा अवकाश दिइएका पत्रकारको हकमा यो लागू भएको देखिएन । कुनै श्रमजीवी पत्रकारले पाँच बर्ष भन्दा कम अवधि पत्रिका व्यवस्थापनमा सेवा गरेको भए निजले पाँच बर्ष सेवा गरेको मानी सोही अनुपातमा सुविधा दिनुपर्ने नियमको व्यवस्था छ ।

यता नियम ३६ ले व्यवस्थापकबाट श्रमजीवी पत्रकारलाई कार्यालय समयबाहेक बढी समय काममा लगाएमा एक दिनको पारिश्रमिकको रकमलाई दामासाहीले हिसाब गरी जति समय बढी काममा लगाइएको छ सोही आधारमा थप सुविधा दिनुपर्ने व्यवस्था गरेको छ । तर पत्रकारले बढी समय खटिएबापत सुविधा पाएका छैनन् । बरू उल्टै भएको सुविधासमेत काटिएको अबस्था देखियो ।

पत्रिका व्यवस्थापनमा काम गर्ने श्रमजीवी पत्रकारको हक, हित र सुरक्षाका लागि व्यवस्थापकले कल्याणकारी कोष खडा गर्नुपर्ने बाध्यात्मक कानुनी व्यवस्था छ । यो अबस्था अहिलेसम्म कार्यान्वयन भएको छैन । नियमावलीअनुसार व्यवस्थापनमा प्रत्येक वर्ष नाफा भएको रकमको पाँच प्रतिशतको दरले हुने रकम व्यवस्थापकले त्यस्तो कल्याणकारी कोषमा जम्मा गर्नुपर्ने हुन्छ । विदा, पारिश्रमिक, सुविधा, कार्य समयमा भद्रगोल र लथालिङ्ग अबस्था छ ।

ठूला मिडिया हाउसबाट विस्थापनमा परेका पत्रकारको दिगो समाधानको बिषय एकातिर छ भने साना र स्वरोजगारमूलक मिडियाका वास्तविक कठिनाई बुझेर सोहीअनुरूप वैज्ञानिक र व्यवहारिक समाधानका लागि सहजीकरण गर्नुपर्ने अबस्था छ । यसका लागि आगामी दिनमा सञ्चार संस्थालाई फरक ढंगले वर्गीकृत गरेर समस्याको समाधान खोजी गर्नु श्रेयस्कर हुन्छ । तत्कालका लागि विस्थापित एवम् बेरोजगार भई अति जटील अबस्थामा गुज्रेका वास्तविक श्रमजीवी पत्रकारको पहिचान गरी अन्तरिम राहतको व्यवस्था गर्नुपर्ने अबस्था देखिएको छ ।

तर ऐन कार्यान्वयनका बिषयमा शहरी, ठूला र स्थानीय तहका सञ्चारगृहको मापदण्ड फरक हुनु आवश्यक छ । स्थानीय न्यून लगानीका सञ्चारमाध्यमले श्रमजीवी पत्रकार ऐन अनुसारको तलब दिनसक्ने अबस्था देखिँदैन । पाँचजना भन्दा कम पत्रकार रहेका साना तथा स्वरोजगारमूलक मिडिया, पाँच भन्दा बढी पत्रकार र कामदार रहेका मध्यम खालका मिडिया, ठूला लगानीका मिडिया र सरकारीमा विभाजन गरेर समस्याको खोजी गर्न उपयुक्त देखिन्छ ।

प्रतिष्ठानमा कार्यरत श्रमजीवी पत्रकारको अबस्था र अनुभवले अब राज्यले सञ्चारमाध्यमको अनुमति दिँदा बजार, जनसंख्या, भौगोलिकता सबै पक्षलाई ध्यान दिइएन भने दिगो हुन कठिन देखिन्छ । आगामी दिनमा क्षमताअनुसार मात्र मिडिया खोल्न दिइनुपर्छ । मिडियाको सही ढंगले व्यवस्थापन नहुने हो भने एकातिर श्रमजीवी पत्रकार र कामदारको भविष्य अनिश्चित हुने अर्कातर्फ मिडिया हाउस नै बन्द हुने अबस्था हुने छ ।

*(विरही महासंघका केन्द्रीय सदस्य हुनुहुन्छ ।)*

# पत्रकार महासंघको आन्दोलन र श्रमको मुद्दा



**अरूका पीडा सुन्ने या लेख्ने पत्रकारले वर्तमानमा आफ्ना पीडा खुलेर भन्न वा सुनाउन सक्ने उपयुक्त स्पष्ट न्याय दिने भरपर्दो निकाय भेटाएका छैनन् । सुनाउँदा वा सार्वजनिक गर्दा एकातिर व्यक्तिगत प्रतिष्ठामा आँच आउने डर छ भने अर्कातिर काम गरिरहेको सञ्चारगृहबाट अपमानित हुनुपर्ने चुनौती पनि सँगसँगै छ ।**

जन्मदेव जैसी
janmadev@gmail.com

नेपाली पत्रकारिताको व्यवसायिक अभ्यास सुरू भएसँगै यो क्षेत्रमा ठूलो संख्यामा श्रमजीवीहरु संलग्न रहँदै आएका छन् । पछिल्लो दशकमा सञ्चार प्रतिष्ठानहरूको संख्यात्मक विकाससँगै यही पेसामा संलग्न भएर बाँच्ने श्रमजीवीको सङ्ख्या पनि बढेकै छ । तिनै श्रमजीवीहरूको पेशागत रक्षार्थ एवं सामाजिक सुरक्षाका लागि २०५१ सालमा श्रमजीवी पत्रकारसम्बन्धी कानुन बनेपनि अधिकांश प्रतिष्ठित सञ्चार प्रतिष्ठानहरूले कानुनी प्रावधानअनुरूपको न्यूनतम पारिश्रमिक तथा सेवा/सुविधा दिएका छैनन् । २०६४ मा ऐन संशोधन भएर न्यूनतम पारिश्रमिक निर्धारण समितिमार्फत पारिश्रमिक तोक्न थालेको दशक नाघ्यो, तोकेअनुरूप (स्केलबमोजिम) न पारिश्रमिक दिएका छन् न त ६ महिना परीक्षणकाल पूरा गरेकोलाई स्थायी नियुक्तिपत्र नै दिएका छन् । कानूनले तोकेअनुसारका बिदा, सञ्चय कोषजस्ता सुविधाबारे त श्रमजीवीहरू नै माग्ने आँट गर्दैनन् । तर सरकार ऐन कार्यान्वयन नगर्ने प्रतिष्ठानलाई कारवाही गर्न त सक्दैन नै, उल्टै त्यस्ता मिडियामालिकहरूलाई सत्तास्वार्थका लागि संरक्षण गर्छ । प्रेस स्वतन्त्रताको ग्यारेण्टी तथा रक्षाका लागि पत्रकारहरू लड्ने तर त्यसको आर्थिक, राजनीतिक र सामाजिक उपयोग भने सीमित मिडियामालिकहरूले गर्ने अनि 'पत्रकारहरू सडकछाप भइरहने' स्थितिको अन्त्य कहिले हुने ? यो गम्भीर सवाल हाम्रासामु छ ।

ठूला र प्रतिष्ठित भनिएका सञ्चार प्रतिष्ठानमा काम गर्ने आम श्रमजीवीहरूको अवस्था सन्तोषजनक छैन । अधिकांश श्रमजीवीले नियुक्तिपत्र पाएका छैनन् । ऐनबमोजिम नियुक्तिपत्र नदिई काममा लगाउन नहुने, खुल्ला प्रतियोगिताबाट पदपूर्ति गर्नुपर्ने, नियुक्तिको जानकारी प्रेस रजिष्टारलाई दिनुपर्ने र त्यस्तो जानकारी प्रेस रजिष्टारले राख्नुपर्ने व्यवस्था कानुनमा मात्रै सीमित छन् । नियुक्तिपत्र दिइएकामध्ये पनि अधिकांश करारमा नियुक्त छन् । एकपटक करारमा नियुक्ति दिएपछि करार नवीकरण नगराई निरन्तर काम गराइरहेका छन् । सूचना विभागबाट प्रेस प्रतिनिधि प्रमाणपत्र लिनका लागि नियुक्तिपत्रको व्यवस्था अनिवार्य गरिए पनि श्रमजीवी पत्रकारलाई दिइएको

नियुक्तिपत्रको प्रयोजन त्यही प्रमाणपत्र लिनमा मात्र सीमित भएको छ । श्रमजीवीहरु मौखिक समझदारीका आधारमा काम गर्न बाध्य छन् ।

यो स्थिति त छँदैथियो, गत वर्षको फागुनदेखि कोरोना भाइरस (कोभिड–१९) को संक्रमण र लकडाउन शुरू भएपछि धेरै श्रमजीवीहरूले पेशाबाट हात धुनुपर्यो । अझ त २ दशक यतादेखि राम्रै मुनाफा कमाएका सञ्चारगृहहरूले 'संस्था घाटामा गयो' भन्दै कोरोनाको बहानामा पत्रकारहरूलाई निष्कासन गरे, जबर्जस्ती घरविदामा राखे, तलव ५० प्रतिशतभन्दा कम दिए र केही सहायक प्रकाशनहरू पनि बन्द गरे । पत्रकार महासंघ आफैले देशव्यापी गरेको सर्वेक्षणअनुरूप १० प्रतिशत पत्रकारहरू बेरोजगार हुन पुगे । करिव दर्जन मिडिया हाउसहरूले निष्काशन गर्ने, केन्द्र र जिल्लामा काम गर्ने पत्रकारहरूलाई तलव नदिने आफूखुसी बेतलबी बिदाको आतंक मच्चाएर पीडित श्रमजीवीलाई त्रसित बनाउँदै विभागीय प्रमुखहरूले पत्रकार, कामदार र कर्मचारीलाई छानीछानी 'माथिको आदेश' भन्दै 'बेतलबी' बिदामा बस्न जारी गरेको लिखित र मौखिक उर्दीपछि पत्रकार महासंघमा पेशागत सुरक्षाका लागि निवेदनको चाङ लाग्न थाल्यो । महासंघको पटक–पटकको केन्द्रीय समिति र विभागीय समिति (श्रमजीवी हित प्रवर्द्धन समिति)को बैठकको निर्णयपश्चात गत असार ३ गते हप्तादिनको अल्टिमेटमपत्रसहित दर्जन मिडिया हाउसहरूमा आन्दोलनको कार्यतालिका घोषणा भयो । असार १९ गते बबरमहलमा श्रमजीवीको पेशागत रक्षाका लागि भन्दै बृहत प्रदर्शन गरेर थालिएको आन्दोलन मिडिया हाउस केन्द्रीत धर्ना, घेराउ, प्रदर्शनदेखि सडकमै अनसन, सूचनाविभागमा धर्नादेखि बालुवाटार घेराउसम्मका दबाबमूलक कार्यक्रमहरू भए । महासंघले श्रमका मामलामा बिलकुलै मौलिक र ऐतिहासिक आन्दोलन थालेर श्रमजीवीका पेशागत रक्षाका लागि अभिभावकीय भूमिका निर्वाह गर्‍यो ।

**आन्दोलन किन ?**

व्यवसायिक र प्रतिष्ठित करिव एक दर्जन सञ्चार संस्थाहरूले ऐन/नियमविरूद्ध 'बेतलबी' बस्न दबाब दिने, न्यूनतम र खाइपाई आएको तलब कटौती गर्ने, जबर्जस्ती निष्काशन गर्ने, समाचार कक्षमा काम गर्ने वातावरण नदिनेजस्ता ऐन विरोधी काम यही कोभिड–१९कै बेला भयो । महासंघमा पत्रकारहरूका यिनै समस्या लिएर निवेदनहरू आए ।

ऐन वा नियमको रीत नपुर्‍याई कुनै पनि श्रमजीवीको सेवाको अन्त्य गर्न नसकिने कानुनी व्यवस्थाको उपहास गरियो । दरबन्दी कटौतीसम्बन्धमा गरिएका विभिन्न कानुनी व्यवस्थाहरूको प्रयोग भएन । कोरोना संक्रमणको प्रभाव उच्च हुँदा पनि ती सञ्चार प्रतिष्ठानहरु निरन्तर सञ्चालन भइरहे, तरपनि तोकिएको र खाइपाई आएको पारिश्रमिक पनि श्रमजीवीले पाएनन् ।

श्रमजीवीहरूको पेशागत असुरक्षाको कुरा त कानुन कार्यान्वयन नै नभएको अवस्थाले प्रष्ट पारेकै छ । यसबाहेक उनीहरूको भौतिक र सामाजिक सुरक्षाको अवस्था पनि नाजुक छ । दुर्घटनामा परेर मृत्यु भएमा वा अरु कुनै कारणले उनीहरु मानसिक वा शारीरिक रूपमा अशक्त हुन पुगेमा आफू र आफ्नो परिवारको जीवनयापनका लागि कुनै व्यवस्था छैन । स्वास्थ्यका कारणले यस पेसामा सक्रिय हुन नसक्ने भएपछि त्यस्ता पत्रकारको जीवनवृत्तिको कुनै व्यवस्था गरिएको पाइँदैन । अधिकांश श्रमजीवीहरूको हालसम्म दुर्घटना वीमा र जीवन वीमा समेत गरिएको छैन ।

श्रमजीवी पत्रकारको हक, हित र सुरक्षाको लागि कल्याणकारी कोष खडा गर्नुपर्ने कर्तव्यबाट व्यवस्थापन उदासीन रहेजस्तै नियम बनाएर श्रमजीवीहरूको उपदान, सञ्चय कोष, औषधि उपचार खर्च तथा अन्य सुविधाको व्यवस्था गर्नुपर्ने कर्तव्यबाट सरकार पछिएकैछ । आफूले सञ्चालन गरेको सञ्चारमाध्यम कुनै कारणले बन्द गर्न चाहेमा सो कुराको सूचना प्रेस रजिष्टार र सम्बन्धित श्रमजीवी पत्रकारहरूलाई तीन महिना अगावै दिनुपर्ने व्यवस्था व्यवस्थापकहरूले पालना गरेका छैनन् । यी सबै मुद्दा बोकेर गत असार १९ गतेदेखि महासंघ बाध्य भएर आन्दोलनमा होमियो । चरणवद्ध आन्दोलनको परिणामस्वरूप अधिकांश मिडिया हाउसहरूमा श्रमजीवीका पक्षमा सहमति भयो र केहीमा अहिले पनि दवाव र संवाद जारी छ ।

काम गरिरहेको सञ्चारगृहबाट पारिश्रमिक नपाउनु, बेतलवी विदामा राखिनु, कामबाट निकालिनु र आफ्नो आवाजको सुनुवाइ नहुनु विडम्बना नै बन्यो । श्रमजीवीले अहिलेसम्म गरेको परिश्रम र आम्दानीको कुनै मूल्यांकन नगरी तीन महिनाको महामारीलाई देखाएर वेतनबाट बञ्चित गर्नु आफैमा दुःखद कुरा हो ।

अरूका पीडा सुन्ने या लेख्ने पत्रकारले वर्तमानमा आफ्ना पीडा खुलेर भन्न वा सुनाउन सक्ने उपयुक्त स्पष्ट न्याय दिने भरपर्दो निकाय भेटाएका छैनन् । सुनाउँदा वा सार्वजनिक गर्दा एकातिर व्यक्तिगत प्रतिष्ठामा आँच आउने डर छ भने अर्कातिर काम गरिरहेको सञ्चारगृहबाट अपमानित हुनुपर्ने चुनौती पनि सँगसँगै छ ।

उल्लिखित डरकाबीचमा रहेर पत्रकारले आफ्नो पीडा लुकाई सार्वजनिक कार्यक्रममा सहभागी हुनु यतिवेलाको बाध्यता हो । यही बाध्यताका बीचमा पत्रकारहरूको छाता संगठन पत्रकार महासंघमा पुगेर गुनासो वा उजुरी गर्नु बाध्यता भएको छ । अधिकांश उजुरी लिखित भन्दा पनि मौखिक छन् । महासंघले १९ असारबाट आन्दोलन थाल्नु अघिल्लो दिन पूर्वअध्यक्षहरूसँग भएको छलफलमा १२ वटा सञ्चारसंस्थाबाट पत्रकारहरु निकालिएका, बेतलबी बिदामा राखिएका तथा तलब कटौतीमा परेका जानकारी दिइएको थियो ।

सामान्य अवस्थामा पनि पत्रकारिता क्षेत्रसँग आम नागरिकका अपेक्षा हुन्छन् । तर, अहिलेको कोरोना महामारी जति अप्ठेरो परिस्थितिमा आम नागरिकले पत्रकारिता क्षेत्रसँग थप भूमिका अपेक्षा गरेका हुन्छन् । त्यसैले पनि पत्रकारहरु आफ्नो भूमिका थप सशक्त बनाउने बाध्यतामा छन् । एकातिर कोरोना माहामारीको त्रास छ, अर्कोतिर भोको पेटले सूचना या जानकारी खोजेर समाचार बनाउनु पर्ने बाध्यताले पत्रकारहरु दोहोरो दबाबमा छन् । एकातिर आफू कार्यरत सञ्चारसंस्थाले दिने पारिश्रमिकबाट न्यूनतम आवश्यकता पूर्ति हुन नसकिरहेको दर्दनाक अवस्था, अर्कातिर नागरिकका लागि सूचना दिने दायित्वबाट पन्छिन नसक्ने बाध्यता । यस्तो अवस्थामा समाचार बनाइरहँदा स्रोतको बचाउ गर्दै नागरिकलाई सुसूचित गर्नु पत्रकारको धर्म हो । बेलाबखत यसरी काम गरिरहँदा समाचारसँग सम्वन्धित निकायले दिने प्रताडना झनै भयावह हुने गर्छन् । पत्रकारका अनुभवहरूले भन्छन्, उनीहरूले भौतिक आक्रमणसम्मको धम्की खेप्नुपर्छ । ज्यान जोखिममा छ भन्ने थाहा पाइपाई काम गर्नुपर्ने अवस्था छ । यो समस्याबाट काठमाडौँमा कार्यरत भन्दा मोफसलका पत्रकार बढी पीडित छन् ।

सूचना तथा प्रसारण विभागको तथ्यांकअनुसार ७ हजार ७ सय ६७ छापा, १ हजार १ सय २७ रेडियो, २ सय २ टेलिभिजन र अनलाइनको संख्या १ हजार ८ सय ४५ छ । उल्लिखित सञ्चारगृहमा काम गर्ने पत्रकारको संख्या ३० हजारको हाराहारीमा

रहेको अनुमान गर्न सकिन्छ । सूचना विभागबाट प्रेस पास लिएकाको संख्या २७ हजार ४ सय ५० छ । यो संख्याले स्पष्ट गर्छ कि नेपालको मिडिया जगत उत्पादनमूलक उद्योगभन्दा ठूलो छ । तर, यहाँ काम गर्ने पत्रकारहरूको अवस्था कस्तो छ भनेर अहिलेसम्म वास्तविक रूपमा अध्ययन हुन सकेको छैन । बेलावखत गरिएका अध्ययन पनि सतही मात्र छन् । त्यसले के झल्काउँछ भने नेपालको पत्रकारितामा अझै व्यवसायिक र पेसागत सुरक्षाको ग्यारेण्टी छैन । यदि हुँदो हो त तीन महिने कोरोना महामारीकालमा पत्रकारहरु पेसाबाट निकालिनु र बेतलवी बनाइनु पर्ने थिएन । किनभने कम्तिमा ठूला भनिएका मिडियाले अहिले मुनाफा आर्जन गर्न सकेनन् होला तर पत्रिकाका पाना कोरोना कहरका खबरले भरिनुभन्दा अघिसम्म त्यो ठाउँमा प्रशस्त विज्ञापन छापिएकै हुन्थे ।

दुःखद नै भन्नुपर्छ, काठमाडौंमा पत्रकारहरूले दिउँसै बत्ती बालेर सांकेतिक रूपमा उज्यालोको खोजी गर्नुपर्ने स्थिति पैदा भयो । अहिलेको अवस्था रहिरहँदा पत्रकारिता अध्ययन गरेर पत्रकारितालाई पेसा वा व्यवसाय बनाउने नयाँ पुस्ताले कसरी हेर्दो हो ? यो अहम् प्रश्न हो । अतः यसको हल दबाब, संवाद र कानुनी बाटोलाई पनि सँगसँगै लिएर श्रमको मामलामा महासंघले स्थापित गरेको मान्यतामा टेक्दै निरन्तर अभियान थाल्नुको विकल्प छैन ।

*(जैसी महासंघका केन्द्रीय सदस्य हुनुहुन्छ ।)*

## गतिविधि

# पत्रकारिता क्षेत्रमा रहेका समस्या समाधान गर्न मन्त्रालय तयार : सञ्चारमन्त्री

नेपाल पत्रकार महासंघले सञ्चार क्षेत्रमा रहेका नितिगत समस्या तथा पत्रकारले भोगिरहेका समस्याका बारेमा सूचना तथा सञ्चार प्रविधि मन्त्री पार्वत गुरुङलाई अवगत गराएको छ ।

महासंघमा भएको अन्तर्क्रिया कार्यक्रममा सूचना तथा सञ्चार प्रविधि मन्त्री गुरुङले पत्रकारिता क्षेत्रमा रहेका समस्या समाधान गर्न मन्त्रालय तयार रहेको बताउनुभयो । उहाँले सञ्चार क्षेत्रसंग सम्बन्धित निति निर्माण गर्दा नेपाल पत्रकार महासंघ लगायत सरोकारवालासंग छलफल र सुझावका आधारमा निर्माण गरिने बताउनुभयो । मन्त्री गुरुङले मन्त्रालयले पत्रकार दुर्घटना बीमा, जेष्ठ पत्रकार सम्मान वृत्ति लगायत श्रमजीवी पत्रकारको हितमा देखिनेगरि काम गर्न लागेको बताउनुभयो ।

नेपाल पत्रकार महासंघका अध्यक्ष गोविन्द आचार्यले महासंघको पृष्ठभूमिबारे मन्त्री गुरुङलाई संक्षिप्त जानकारी गराउनुभयो । उहाँले तिनै तहबाट बन्ने सञ्चार सम्बन्धी ऐन, कानुन प्रेस मैत्री बनाउन ध्यानाकर्षण गराउनुभयो । अध्यक्ष आचार्यले कोरोना भाइरस महामारिका कारण पत्रकारिता क्षेत्रमा परेको प्रभावलाई सम्बोधन गर्न, श्रमजीवी पत्रकार ऐनको पूर्ण कार्यान्वयन गर्न, पत्रकार दुर्घटना बीमालाई स्वास्थ्य बीमामा रुपान्तरण गर्न मन्त्री गुरुङको ध्यानाकर्षण गराउनुभयो ।



प्रेस काउन्सिलका कार्यवाहक अध्यक्ष गोपाल बुढाथोकीले कोरोनाबाट प्रभावित थोरै संख्यामा भएपनि पत्रकारलाई विभिन्न शिर्षक मार्फत राहत दिन लागेको बताउनुभयो ।

महासंघका सल्लाहकार तिर्थ कोइरालाले सञ्चार क्षेत्रमा लगानी पारदर्शी हुनुपर्ने भन्दै सञ्चारमाध्यम स्थापना हुदै कम्तिमा दुई बर्षसम्म चल्ने आर्थिक सुनिश्चितता हुनुपर्ने बताउनुभयो । प्रेस संगठनका संयोजक महेश्वर दाहालले कोरोनाको बहानामा श्रमजीवी पत्रकार र कर्मचारीलाई तलब नदिने, सञ्चारगृहबाट निष्काशन गर्ने कार्य भइरहेको भन्दै त्यसतर्फ सरकारको ध्यान जान आवश्यक रहेको बताउनुभयो ।

नेपाल प्रेस यूनियनका उपाध्यक्ष इश्वरीप्रसाद ओझाले जिल्ला हुलाकमार्फत केन्द्रबाट दिइदै आएको पत्रकारिता क्षेत्रको सबै सेवाहरु विस्तार गर्नुपर्ने बताउनुभयो । उहाँले सञ्चार सम्बन्धी कानून बनाउदा सरोकारवालाको छलफलगरि निर्माण गर्न आग्रह गर्नुभयो । सञ्चारिका समुहकी अध्यक्ष नितु पण्डितले उपत्यका बाहिरबाट राष्ट्रिय सञ्चारमाध्यममा काम गर्न पत्रकारले नियमित पारिश्रमिक नपाएको गुनासो आएको बताउदै त्यसतर्फ ध्यान दिन आग्रह गर्नुभयो ।

आदिबासी जनजाति पत्रकार महासंघका महासचिव मनोज घर्तीले सञ्चार क्षेत्रमा समावेशिता नभएको बन्दै संविधानको मर्म अनुसार समावेशीकरण हुनुपर्ने धारणा राख्नुभयो । वरिष्ठ पत्रकार हरि लम्सालले ३० बर्ष निरन्तर क्रियाशिल पत्रकार र ६० बर्ष पुगेका पत्रकारको जीवन निर्वाह गर्नका लागि सरकारले विशेष योजना ल्याउनुपर्ने बताउनुभयो ।

# पत्रकार : आफ्ना अधिकारमा चुप, अरूलाई हौस्याउने !



**कुनैपनि संस्था सञ्चालकको दायित्व कम्तिमा राज्यले भने अनुसारका सेवा सुविधा, नियुक्तिपत्र दिनै पर्ने होइन र ? अझ अरूका कमिकमजोरी खोतल्ने अनि कानून विपरित केही भएको छ कि भनेर खबरदारी गर्ने क्षेत्रमा त यो झनै पालना हुनुपर्ने हो नि । आफैंले विधि नमानेपछि अरूलाई विधिको शासनकोबारेमा प्रश्न उठाउन कति जायज होला ?**

**लक्ष्मण कार्की**
lokpriyalaxman@gmail.com

नेपालमा कोभिड १९ को कारण र बहानामा धेरै पत्रकारको रोजीरोटी गुम्यो । एकातिर कोभिड कहरले कक्रक्क पारेको समयमा आफूले बर्षौं बिताएका सञ्चार संस्थाले गरेका अनौठा अनौठा निर्णय र बहानाबाजी देखियो, भोगियो । सबैभन्दा ठूलो, बलियो, आपत्विपद्मा गतिलो ओत दिने ठानिएका संस्थाले यसरी लत्तो छोडे कि, मानौं उनीहरू अब उठ्नै नसक्ने गरि भासिदैंछन्, कम्पनीको सर्वश्व नासिंदैछ । जसले गर्दा एकातिर कोभिडको कहर र अर्कातिर सञ्चालकको प्रहारले पत्रकारको दोहोरो चपेटामा च्यापिए ।

मिडिया कम्पनीले कोभिडको बहानामा आफ्ना प्रकाशन नै बन्द गरि पत्रकारलाई कामविहिन बनाउनेसम्मका निर्णय गरे । दशकौंदेखि करोड होइन अरबमा आर्थिक अनि अमूल्य सामाजिक कमाइ गरेका संस्थाले पनि बर्षौंदेखि परिवारकै सदस्य रहेका पत्रकारलाई बिल्लिबाँठ बनाउँदै प्रकाशन बन्द गर्ने निर्णय गर्दा पत्रकारहरू मुख अमिलो बनाएर बाटो लाग्नुको बिकल्प रहेन । पत्रकारलाई केही महिनाको पारिश्रमिकमा सकिने केही लाखलाई उनीहरूले आफ्नो ख्याती तथा समाजप्रतिको दायित्वभन्दा कता हो कता ठूलो ठाने ।

यस्तोबेला जागिर गुमाउनुपर्दा उनीहरू कहाँ जालान् ? के खालान् ? भन्नेबारेको सोच त टाढाको कुरा सञ्चारमाध्यमको भूमिका अझ बढेको बेला प्रकाशन बन्दको निर्णय न त जायज थियो न त जिम्मेवार नै । तर त्यसो भइछोड्यो ।

ठूला सबैजसो सञ्चार संस्थामा कोभिडकालको शुरूमै धेरै पत्रकारलाई विदामा बस्न भनियो । जुन, घुमाउरो पाराले उनीहरूलाई कामबाट निकालिएको थियो । कतिपय पत्रकारसंग आफू यो संस्थामा काम गर्छु भन्ने नियुक्तिपत्र थिएन । कति बिडम्बनापूर्ण !

कुनैपनि संस्था सञ्चालकको दायित्व कम्तिमा राज्यले भने अनुसारका सेवा सुविधा, नियुक्तिपत्र दिनै पर्ने होइन र ? अझ अरूका कमिकमजोरी खोतल्ने अनि कानून विपरित केही भएको छ कि भनेर खबरदारी गर्ने क्षेत्रमा त यो झनै पालना हुनुपर्ने हो नि । आफैंले विधि नमानेपछि अरूलाई विधिको शासनकोबारेमा प्रश्न उठाउन कति जायज होला ?

कोभिडकै बहानामा एक अखबारले ३ दर्जनभन्दा बढी मासिक तलबका पत्रकारलाई स्ट्रिन्जर अर्थात् समाचार छापिएको आधारमा पैसा पाउने शर्तको जागिरमा झाऱ्यो । पत्रिका ८ पेजमात्र छापिन्छ । बिचका दुई पेजमा लेख रचना र सम्पादकीय, अन्तिम पेज मनोरन्जन, पहिलो पेजमा राजनीति र केन्द्रकै समाचार, बाँकी २ र ७ नम्बर पेजमा विज्ञापन छापेर बचेको ठाउँमा जिल्लाका कतिसमाचार अटाउन् ? अनि समाचार छापिएको आधारमा कति पैसा पाउन् पत्रकारले ? अर्को, अखबारमा पत्रकारले पारिश्रमिक पाउनका लागि आमरण अनसन बस्नुपरेको अस्ति भर्खरै हो ।

कैयौं सञ्चार संस्थाबाट पत्रकारले काम गरेको रकम पाउन बर्षौं लागेको छ । कतिपयले होस् न त भनेर माया मार्नुपरेको छ । मेहनतको मूल्य किन छोड्ने भन्नेहरूले उजुरी गर्नुपरेको छ, मुद्दा लड्नुपरेको छ ।

कोभिड शुरू भएको दोश्रो महिनामै, देशकै ठूलो सञ्जाल भएको दाबी गर्ने रेडियोहरूमा सर्वाधिक कारोबार गर्ने र कर बुझाउने रेडियोले कागजमा सहिछाप गराएरै पत्रकार र कर्मचारीको तलब कटौती गऱ्यो । कारण कोभिड भनिए पनि विज्ञापन घटेकै थिएन । नयाँ–नयाँ सूचना, जानकारी, विज्ञापन र कार्यक्रम थपिइरहेका थिए । हुँदाहुँदा विहान ५ बजे पुग्नुपर्ने पत्रकार र प्राविधिकलाई ल्याउने र राती ९ बजेसम्म काम गर्नुपर्नेलाई पुऱ्याउने (जुन काम बर्षौंदेखि भइरहेको थियो) काम रोक्यो । गाडी पार्किङमा राखेर पनि, चालक भएर पनि पत्रकारलाई आफै व्यवस्था गरेर आउन भनियो, मानवीयताको एक पित्को पनि नराखी यसो भन्दै गर्दा न लाज देखिन्थ्यो न त संकोच नै....।

देशकै सबैभन्दा धेरै विक्रि हुने, सबैभन्दा लोकप्रिय, सबैभन्दा विश्वासिलो, सबै प्रदेशबाट प्रकाशित हुने, अनेकौ फुँदा र फुर्का जोडिएका मिडिया कम्पनीका सञ्चारकर्मी राज्यले तोकेको न्यूनतम पारिश्रमिक पनि नपाएर सूचना विभागको परिचयपत्र लिनबाट बञ्चित छन् ।

लज्जा स्वयम् लजाउनेगरिको अवस्था छ हाम्रो मिडिया उद्योगमा । त्यसमा पनि ठूला, बरिष्ठ, पूराना, ब्यावसायिक र मीठा मीठा नारा बोकेका सञ्चार संस्थाले यसलाई कहिल्यै ठूलो कुरा मानेनन् । दशकौंदेखि नाफा कमाइरहेका सञ्चार संस्थाले आपतकालिन कोष बनाउन आवश्यक ठानेनन् ।

पत्रकारले लेखेका समाचारले कयौं गलत काम हुन पाएका छैनन् । भइसकेका काम रोकिएका पनि छन् । दोषीलाई कारबाही भएको छ । तर, आफू न्यूनतम पारिश्रमिक नपाइने, नियुक्तिपत्र नपाइने अवस्था खेपेर हामी पत्रकार अरूलाई अन्यायविरूद्ध बोल्न, आवाज उठाउन, पछि नहट्न, हेपाई नखान हौस्याइरहेका छौं ।

**दोष पत्रकारको पनि**

पत्रकारिताको कखराकालीन समयमै एउटा खुब मीठो नारा सुन्न पढ्न पाइन्छ । पत्रकारिता'आवाजविहीनहरूको आवाज' अर्थात् 'भोइस अफ दी भोइसलेस' हो । अनि पत्रकार आवाजविहीनहरूको आवाज निकाल्न र सुनाउन सहयोग गर्ने व्यक्ति । सुन्दा कस्तो मिठो तर भोग्नुपर्दा उस्तै नमिठो छ यो नारा ।

हामी पत्रकार के यति धेरै निरीह छौं कि, हामी नियुक्तिपत्र पनि माग्न सक्दैनौं ? अनि हाम्रा लिडर अर्थात सम्पादक कम्तिमा न्यूनतम पारिश्रमिक त हुनुपऱ्यो भनेर पनि अडान लिन सक्दैनन् ? सम्पादक भनेको सञ्चालकले भनेका जुनसुकै कुरा कार्यान्वयन गर्ने वा जे भन्छन् हो हो भनेर मुन्टो हल्लाउने व्यक्ति मात्र हो र ? कम्तिमा न्यूजरूममा आधारभूत कुरा नै लागू भएको छैन भने नियुक्ति–पत्र न्यूनतम पारिश्रमिक, 'अड आवर' मा काम गर्नुपर्नेलाई यातायातको साधनको व्यवस्था हुनुपर्ने कुरा कुनै एक पत्रकारका लागि मात्र होइन सम्बन्धित संस्थाकै लागि फाइदाजनक कुरा होइन र ?

तर यो कोभिड कालले पत्रकारले अलिकति मात्र चुनौती दिन सक्ने हो भने, जे गर्छन् गरून भनेर लुरूक्क पर्नुको साटो अलिकति आवाज उठाउने हो भने गलत र पुर्वाग्रही निर्णय फिर्ता हुने रहेछ भन्ने शिक्षा पनि दिएको छ । पुर्वाग्रही भएर गरिएका सरूवा बदर हुनु काटिएको पारिश्रमिक फिर्ता हुनु, बाँकी पारिश्रमिक दिन बाध्य हुनुजस्ता उदाहरणले यही देखाउँछन् ।

उदाहरणको लागि नियुक्तिपत्र नभइ, कम्तिमा न्यूनतम पारिश्रमिक नभइ काम गर्दैनौ भनेर सबै पत्रकारले सामुहिक रूपमा एकैमुख हुने हो भने यो आधारभूत कुरा पुरा नगरेर धर छ र ? तर हामी यत्ति गर्न पनि सकिरहेका छैनौं । यसमा सम्पादकहरूको भूमिका पनि हुनुपर्ने जस्तो भएको छैन । अर्को व्यक्ति सम्पादक भएका बेला यसो गरे भै गयो नि भनेर तरिका पनि सिकाइरहेका सम्पादकहरू पनि आफू त्यो ठाउँमा पुगेपछि त्यहि काम गर्न सकिरहेका छैनन् ।

पत्रकारले कम्तिमा श्रमजिवी पत्रकार सम्बन्धि ऐन र निमायवली पढ्न र त्यसअनुसारको व्यवस्था आफू कार्यरत संस्थामा माग गर्न जरूरी छ । आफ्नै लागि राज्यले बनाएको कानून पनि नहेर्ने र त्यसको पालनाका लागि पहलकदमी नगर्ने हो भने पत्रकार महासंघ वा अरू कुनै संस्थाले मेरो लागि काम गरिदिएन भनेर गुनासो गरेर मात्र पुग्दैन कि शायद !

**पत्रकार महासंघको भूमिका**

देशभरिका पत्रकारहरूको छाता संगठन हुनुका नाताले नेपाल पत्रकार महासंघसँग पनि धेरै नै आशा छन्, हुनुपनि पर्छ नै । कतिपय अवस्थामा महासंघप्रति आक्रोस पनि उस्तै चर्को हुने गरेको छ ।

पत्रकार महासंघको आगामी कार्यदिशाबारे सुझाव आश गरेको स्टाटसमा केही प्रतिक्रिया थिए– 'महासंघ खारेज गरौं ।' परिपक्व पत्रकारहरूले नै भनेकाले यो लहडमात्र होला भन्ने लागेन । जिस्केर भनेको हो कि भन्ने ठान्नलाई कमेन्टको अन्तिममा स्माइलीपनि थिएनन् । केही साथीसंग फोनमा र केहीसंग च्याटमा पनि यसबारेमा कुराकानी भयो ।

पत्रकार महासंघ विज्ञप्तिमात्र जारी गर्ने निकाय हो र ? भन्नेबारेमा धेरै नै कुरा उठ्ने गरेका छन् । मैले नै पनि पटकपटक लेखेबोलेको छु । पत्रकारिताको शुरूवाती दिनमा घरिघरि त मलाई पनि 'महासंघ खारेज गर्द हुन्छ' भन्नै पनि लाग्थ्यो । तर, महासंघको केन्द्रिय समितिमा एक कार्यकाल बिताउँदा मलाई महासंघका सिमितिताका बारेमा पनि थाहा भयो ।

सिमितता थियो भनेर पन्छिन मिल्दैन तर आफै सरकारी निकाय नहुनु, सानोतिनो दबाबलाई सम्बन्धित पक्षले खास महत्व नदिनु, पत्रकारहरू स्वयम्ले कार्यरत संस्थामा आफूविरूद्ध भएका विभेदपूर्ण अवस्थाबारे नबोल्नु, राजनीति गरेको भन्ने आरोप लाग्नु जस्ता दर्जनौं कारणले महासंघलाई प्रभावकारी रूपमा काम गर्न अवरोध सिर्जना गरिरहेको छ ।

श्रमजिवी पत्रकारलाई जागिरबाट विस्थापित गरिदा वा तलब रोकिंदा महासंघले पटकपटक गरेको आन्दोलन, विरोध, धर्ना, अनसन, चेतावनी र वार्ताबाट धेरै ठाउँको समस्या समाधान भएका

हुन् । तर यी पर्याप्त छैनन् । श्रमजिवी पत्रकारको सहयोग र सहकार्यमा महासंघले यो क्षेत्रको सुधारका लागि थप कामहरू गर्नुपर्नेछ ।

**महामारीको सिकाइ**

सरूवा रोग विशेषज्ञ डा. शेरबहादुर पुन भन्नुहुन्छ– 'हरेक महामारी सिकाइको अवसर हो । तर त्यसबाट सिक्ने नसिक्ने चाहिँ हाम्रो कुरा हो ।' यो महामारी र यसको बहानामा नेपाली पत्रकारले भोग्नुपरका यी दुःखहरूले धेरै कुरा सिकाएको छ । आपतकालिन् कोष बनाउन कति जरूरी रहेछ ? भन्ने कुरा सिकाएको छ । आपत्‌विपद्‌का बेला कसरी काम गर्नुपर्ने रहेछ के के कुरामा ध्यान दिनुपर्ने रहेछ ? भन्ने कुरा सिकाएको छ । हामी पत्रकारले आफ्ना अधिकारबारे आफू नबोलेसम्म कोही नबोल्ने रहेछ, कम्तिमा आधार भूत कानूनको पालनाको कुरा अरू क्षेत्रमा जस्तै आफ्नो कम्पनीभित्र पनि उठाउनुपर्ने रहेछ भन्ने कुरा सिकाएको छ । मिडिया कम्पनीले पनि लगानी र जनशक्ति व्यवस्थापनका हिसाबले धेरै कुरा सिकेका होलान् । सञ्चारकर्मी र सञ्चालकबीच जति सुमधुर र हार्दिकतापूर्ण सम्बन्ध भयो त्यही संस्थाको उन्नती तिब्र हुने हो । पत्रकार वा न्यूजरूपमा गरिएको लगानीको मूख्य प्रतिफल त सम्बन्धित संस्थाले नै पाउने न हो ।

आशा गरौँ कोभिडकालको सिकाइले हामी पत्रकारलाई आफ्ना अधिकारबारे बोल्न र सँधै सहन होइन, जायज कुरामा मुख खोल्न सघाउने छ । यो सिकाइ फेरी पनि 'हिँड्दै छ पाइला मेट्दैछ' बन्ने छैन ।

*(कार्की महासंघका केन्द्रीय सदस्य हुनुहुन्छ ।)*

## गतिविधि

# सार्वजनिक सेवा प्रसारण विधेयकबारे सरोकारवालासँग अन्तर्क्रिया

सरकारले राष्ट्रिय सभामा दर्ता गरेको सार्वजनिक सेवाप्रशारण विधेयकबारे नेपाल पत्रकार महासंघले सरोकारवालासंग अन्तर्क्रिया कार्यक्रम आयोजना गरेको छ । उक्त विधेयकमा महासंघले यसअघि आफ्नो राय तथा सुझाव सरकारलाई पेश गरेको भएतापनि त्यस विपरित विधेयक ल्याइएको भन्दै महासंघले त्यसलाई सच्याउन दवाब दिदै उक्त कार्यक्रमको आयोजना गरेको हो ।




कार्यक्रममा सहभागी प्रत्यायोजित व्यवस्थापन तथा सरकारी आश्वासन समितिका सभापति रामनारायण विडारीले 'सार्वजनिक सेवाप्रशारण विधेयक, सञ्चारमाध्यमको हितविपरित रहेका दफाहरुलाई सच्याउन सकिने धारणा राख्नुभयो । उहाँले 'सार्वजनिक सेवा प्रशारण सम्बन्धी अन्तर्राष्ट्रिय अभ्यास र यसको सिद्धान्त अनुसार निर्माण गर्न सकिने भन्दै त्यसको अगुवाइ गर्न महासंघलाई आग्रह गर्नुभयो ।

नेपाल पत्रकार महासंघका अध्यक्ष गोविन्द आचार्यले सरकारले 'सार्वजनिक सेवा प्रशारण विधेयक, सार्वजनिक सेवाको मर्म विपरित सरकार नियन्त्रितढंगबाट ल्याइएका कारण यसको विरोध गर्नुपरेको बताउनुभयो । उहाँले महासंघले दिएको सुझाव भन्दा फरक निरंकुश व्यवस्थाले समेत कल्पना गर्न नसक्ने गरी यो विधेयक ल्याएको बताउनुभयो ।

महासंघका पूर्व सभापति डा.सुरेश आचार्यले विधेयक सरकारले 'सार्वजनिक सेवा प्रशारणको सिद्धान्त विपरित ल्याइएको भन्दै खारेजीको विकल्प नरहेको बताउनुभयो । उहाँले बहुलबादको सिद्धान्तलाई नसमेट्ने भन्दै विधेयकमा नियन्त्रणमुखी प्रावधान रहेको धारणा राख्नुभयो । महासंघका महासचिव रमेश विष्टले सरकारले सञ्चारमाध्यमलाई नियन्त्रण ढंगबाट यो विधेयक निर्माण गरिएको बताउनुभयो । महासंघका निवर्तमान उपाध्यक्ष अनिता बिन्दुले विधेयक जनताप्रति उत्तरदायी हुनुपर्नेमा त्यो नभएको बताउनुभयो । उहाँले यसको परिषद् र समिति निर्माणमा समावेशीकरणलाई विशेष ध्यान दिनुपर्नेमा जोड दिनुभयो ।

नेपाल प्रेस यूनियनका उपाध्यक्ष इश्वरी ओझाले 'सार्वजनिक सेवा प्रशारण विधेयकको गठन, उदेश्य जनताको हितभन्दा विपरित रहेका कारण यो विधेयक खारेजी हुनुपर्ने धारणा राख्नुभयो ।

स्वतन्त्र पत्रकार रघु मैनालीले यो विधेयकमा नागरिकको सेवाभन्दा सरकारको सेवा धेरै देखिएको बताउनुभयो । विधेयकको प्रावधानमा परिषद र कार्यकारी समितिको व्यवस्था गरेर विवाद सृजनाहुने आवस्था रहेको भन्दै परिषद वा कार्यकारी समिति मध्ये एकमात्र हुनुपर्ने धारणा राख्नुभयो ।

इमेज च्यानलका कार्यकारी प्रमुख लक्ष्मण हुमागाईले सरकारले हल्का रुपमा लिएर 'सार्वजनिक सेवा प्रशारण विधेयक ल्याएको भन्दै विधेयकले नागरिकको सेवाभन्दा प्रशारणमा नाफा घाटामा जोड दिएको बताउनुभयो । प्रेस काउन्सिल नेपालका उपप्रशासकिय अधिकृत रामशरण बोहोराले विधेयकमा रहेका दफा हेर्दा स्वतन्त्र र स्वायत्तता नरहेको भन्दै संसोधन आवश्यक रहेको बताउनुभयो ।

# अझै लड्नुपर्ने हाम्रा मुद्दा



**हामी आफैं पनि सहभागी भई ल्याइएको लोकतान्त्रिक व्यवस्थाको सरकारले किन प्रेस स्वतन्त्रता विरोधी विधेयक र कानुनहरू बनाइरहेको छ ? यो गम्भीर विषय हो ।**

**लेखनाथ न्यौपाने**
lekhanathneupane@gmail.com

सिन्धुपाल्चोकको हेलम्बुमा सम्पन्न नेपाल पत्रकार महासङ्घको १२ औं पूर्ण बैठकले आगामी फागुन ४ र ५ गते २६औं महाधिवेशन गर्ने निर्णय गरेसँगै अहिले सबै पत्रकारहरूको ध्यान निर्वाचनमा केन्द्रित भएको छ । विधानतः महाधिवेशनको एक महिनाभित्र निर्वाचन गर्नुपर्ने हुन्छ । त्यसैले पत्रकारितासँग सम्बन्धित सबै सङ्घ-संगठन र पत्रकारहरूको ध्यान निर्वाचनमा केन्द्रित भएको हो । पहिले पार्षद्‌हरूको मतबाट केन्द्रीय नेतृत्व चुनिने गरेकोमा यसपटक महासङ्घका सबै सदस्यहरूको मतबाट केन्द्रीय समिति निर्वाचित हुनेछ । एकातिर कोभिड-१९ को महामारी र अर्कोतिर प्रतिनिधिसभा विघटनबाट उत्पन्न राजनीतिक सङ्क्रमणका बीच हुन लागेको आगामी महासङ्घको निर्वाचनमा सबैको ध्यान तानिनु स्वभाविकै हो । पत्रकार महासङ्घ सबै पत्रकारहरूको छाता सङ्गठन र नागरिक अगुवा संस्थासमेत भएकोले यसको महाधिवेशन र निर्वाचनमा सबैको चासो बढ्नुलाई अन्यथा लिन मिल्दैन ।

नेपाल पत्रकार महासङ्घ विधानतः सङ्घीय संरचनामा गएको छ । महासङ्घका सबै तहको नेतृत्व प्रत्यक्ष निर्वाचन प्रणालीमार्फत् साधारण सदस्यहरूबाटै चुनिने व्यवस्था छ । नागरिक अगुवा संस्थाहरूमा पनि आफूलाई सङ्घीय ढाँचामा लैजाने महासङ्घ नै पहिलो हो । सङ्घीय ढाँचाअनुसार दसवटै प्रदेशमा प्रत्यक्ष निर्वाचनमार्फत् प्रदेश समितिहरू गठन भएका छन् । पोखरामा सम्पन्न महासङ्घको साधारणसभाले केन्द्रीय समितिको निर्वाचन पनि सबै सदस्यहरूको प्रत्यक्ष मातदानमार्फत् गर्ने निर्णय गरिसकेको छ । यो आफैंमा एउटा महत्वपूर्ण उपलब्धि हो । किनभने, वर्षौंदेखि महासङ्घलाई प्रत्यक्ष निर्वाचनमा लैजाने एउटा सपना पूरा भएको छ । यसले महासङ्घमा पटक-पटक उठ्ने शुद्धीकरणको मुद्दालाई पनि सम्बोधन गर्नेछ । यसअघि १० जना पत्रकार बराबर एकजना पार्षद चुनिने व्यवस्थाका कारण महासङ्घमा गैरपत्रकारहरू रहेको पटक-पटक आवाज उठ्दै आएको थियो । पार्षद हुनकै लागि १० जना पत्रकारको ठेक्का लिने प्रथाको अन्त्य भएको छ । किनभने, अब पार्षद हुने र आफैंले नवीकरण गरिदिएर १० जना पत्रकार

लिएर हिँड्नु पर्दैन । सबै पत्रकारले मतदान गर्न पाउँछन् । विधानले व्यवस्था गरेअनुरूप आफूलाई मन लागेको पदमा उम्मेद्वारी दिन पाइने भएको छ ।

प्रत्यक्ष निर्वाचन प्रणालीको मुख्य उद्देश्य नै सदस्यता शुद्धीकरण हो । यसले जो पत्रकारितामा छैन, अन्य कुनै व्यवसायमा छ, राजनीतिको उपल्लो तहमा छ, स्थानीय सरकारहरूमा जनप्रतिनिधि छ, तिनीहरू अब फलानोलाई पार्षद गराउन भन्दै नवीकरण गर्न आउने छैनन् । अहिले खासगरी शाखाहरूमा नवीकरण कम हुनुको कारण पनि यही हो । हालसम्म झण्डै ३० प्रतिशत भन्दा बढी क्रियाशील नरहेका पत्रकार नवीकरण गर्न आएका छैनन् भने आएकालाई पनि शाखाहरूले नवीकरण गरिदिएका छैनन् । यो महासङ्घको प्रत्यक्ष निर्वाचनमा जाने भावनाअनुसार नै स्वतः नवीकरण नभएको हो । प्रत्यक्ष निर्वाचन महासङ्घप्रति सबै सदस्यहरूको अपनत्व अभिवृद्धि गर्न र शुद्धीकरणका लागि कोशेढुङ्गा सावित हुनेछ । सदस्यता सङ्ख्या कम होला तर महासङ्घ अब साँच्चिकै पत्रकारिता गर्नेहरूको संस्था बन्नेछ । पत्रकारिता गरिरहेका तर महासङ्घको सदस्यता नलिएका पत्रकारलाई पनि यसमा समाहित गराउन सबैले पहल गरौं । महासङ्घलाई शुद्धीकरण र सुदृढीकरण गर्दै थप बलियो बनाउँदै अझ बढी पत्रकारहरूको हक-हितमा लड्ने संस्था बनाउन सबै लागौं ।

महासङ्घको २५ औं महाधिवेशनबाट निर्वाचित बर्तमान केन्द्रीय कार्यसमितिले खासगरेर तीनवटा मुद्दालाई प्रमुख बनाएर सँगसँगै लिएर आएको छ । पहिलो, श्रमजीवी पत्रकारको हक-हित, दोस्रो स्वरोजगारमुलक मिडियाको संरक्षण र तेस्रो प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको रक्षा । यी मुद्दा महासंघको अहिलेको कार्यसमितिले पहिलो बैठकबाट अहिलेसम्म प्रमुखकताका साथ उठाउँदै आएको छ । जुन महासङ्घको मूल दायित्व पनि हो ।

अहिले पनि श्रमजीवी पत्रकारको मुद्दा बिकराल बन्दै आएको छ । महासङ्घले श्रमजीवी पत्रकारको हक-हित र अधिकारको पक्षमा सामूहिक सौदाबाजी र ट्रेड युनियन आन्दोलनको नेतृत्वसमेत गर्दै आइहेको छ । अहिले पनि अधिकांश पत्रकारले सरकारले तोकेको न्यूनतम पारिश्रमिकसमेत पाएका छैनन् । पछिल्लो समय त झन् कोरोना महामारीका कारण श्रमजीवी पत्रकारले ठूलो समस्या झेल्नु पर्‍यो । कोभिड-१९ महामारीका कारण मिडिया हाउसहरूले ठूलो सङ्ख्यामा पत्रकारहरूलाई गैरकानुनीरूपमा रोजगारीबाट निकाल्ने, पारिश्रमिक नदिने, कम पारिश्रमिक दिने, नियमितरूपमा पारिश्रमिक नदिने, बेतलबी बिदामा राख्नेजस्ता काम गरे । तर, कोरोना कहरकै बीचमा पनि महासङ्घले मिडिया हाउसहरूको त्यस्ता कार्यविरूद्ध निरन्तर सङ्घर्ष जारी राख्यो । सम्बन्धित मिडिया हाउसलाई पत्राचार, वार्ता, कानूनी उपचार र आन्दोलनमार्फत् श्रमजीवी पत्रकारका समस्या समाधान गर्न केन्द्रित भयो । यसले अधिकांश श्रमजीवी पत्रकारका समस्या समाधान गर्न मिडिया मालिकहरू बाध्य हुँदै आएका छन् ।

महासङ्घको केन्द्रीय समितिले श्रमजीवी पत्रकारका लागि सङ्घर्ष गरिरहँदा सम्बन्धित मिडिया हाउसमा रहेको प्रतिष्ठानको भूमिका चिन्ताजनक छ । आफ्नै हाउसमा आन्दोलन हुँदासमेत प्रतिष्ठान शाखाका सदस्यहरू सहभागी नहुनुको कारण महासङ्घले खोज्न जरूरी छ । प्रतिष्ठान शाखा कुनै श्रमजीवी पत्रकार समस्यामा पर्दा त्यस प्रतिष्ठानका अध्यक्ष आन्दोलनमा सहभागी नहुने, आफूले पनि वास्तविक कुरा व्यवस्थापनलाई नभन्नेजस्ता समस्या प्रतिष्ठानमा देखिँदै आएका छन् । आफ्नै मिडिया हाउसमा आन्दोलन हुँदा प्रतिष्ठानकै सदस्यहरू सहभागी हुँदैनन् भने त्यो प्रतिष्ठानको के काम ? यदि आफ्नै हाउसमा भएको आन्दोलनमा सहभागी हुन समस्या भएको हो भने अब महासङ्घले प्रतिष्ठानबारे नै सोच्नुपर्ने बेला आएको छ । यसको विकल्पमा विधागत संयन्त्र बनाउनुपर्ने देखिन्छ । छापा, रेडियो, टेलिभिजन र अनलाइन भनेर विधानमा व्यवस्था गरियो भने त्यो आन्दोलनका लागि प्रभावकारी हुन सक्छ । अनलाइन पत्रकार सङ्घ अहिले छँदै छ । सबै अनलाइनमा काम गर्ने पत्रकार त्यहाँबाट सदस्यता लिने, छापा पत्रकार सङ्घ भनेर सबै पत्रपत्रिकामा कार्यरत पत्रकार त्यहाँ हुने तथा रेडियो र टेलिभिजनको पनि यसरी नै बनाइयो भने त्यहाँ कसैको स्वार्थ रहँदैन, त्यो संगठन स्वतन्त्र हुन्छ । सम्बन्धित मिडियामा कार्यरत पत्रकार समस्यामा पर्दा सबैभन्दा पहिले वार्ता, आन्दोलन के गर्नुपर्ने हो सम्बन्धित शाखाले नै पहलकदमी लिनेछ । त्यसैले अब धेरै प्रतिष्ठान बनाउनुभन्दा पनि विधागतरूपमा श्रमजीवी पत्रकारको पक्षमा लड्न सक्ने मजबुत शाखा बनाउनुपर्ने आवश्यकता देखिन्छ ।

महासङ्घले दोस्रो मुद्दा स्वरोजगारमूलक मिडियाको संरक्षणलाई बनाउँदै आएको छ । महासङ्घमा आफैं मालिक आफैं कामदार भएका स्वरोजगारमूलक मिडियामा कार्यरत पत्रकारको बाहुल्यता पनि ठूलै छ । नेपाल पत्रकार महासङ्घ केन्द्रीय समितिले स्वरोजगार मूलक मिडियाको संरक्षणका लागि निरन्तर आवाज उठाउँदै आएको छ । महासङ्घले स्वरोजगार मिडियाको संरक्षणार्थ समानुपातिक विज्ञापन प्रणाली कार्यान्वयनका लागि सङ्घर्ष गर्दै आएको छ । तर, हालसम्म पनि समानुपातिक विज्ञापन प्रणाली लागु हुन भने सकिरहेको छैन ।

हरेक राजनीतिक परिवर्तनहरूमा अग्रभागमा उभिएर महत्वपूर्ण भूमिका खेल्दै आएका स्वरोजगारमूलक साप्ताहिक, मासिक पत्रिका कतिपय बन्द भए भने कतिले आर्थिक समस्या झेल्दै आएका छन् । राष्ट्र र राष्ट्रियताको पक्षमा खरोरूपमा उभिँदै आएका ती मिडियाको रक्षा गर्नु राज्यको दायित्व हो भने नेपाल पत्रकार महासङ्घको ठूलो जिम्मेवारी हो । स्वरोजगारमूलक साना लगानीका मिडिया अहिले लोककल्याणकारी विज्ञापनकै भरमा चल्दै आएका छन् । लोककल्याणकारी विज्ञापनको रकम पनि निकै कम छ । सरकारी विज्ञापनमा ठूला भनिएका मिडियाको मात्र एकाधिकार रहेको अवस्था छ । त्यो एकाधिकार तोड्दै सबै मिडियालाई समानुपातिक ढङ्गले वितरण गरेमात्र स्वरोजगारमूलक मिडियाको रक्षा गर्न सकिन्छ । महासङ्घको केन्द्रीय समितिको पहिलो बैठकबाटै समानुपातिक विज्ञापन कार्यान्वयन र त्यो नहुञ्जेल लोककल्याणकारी विज्ञापनको रकम दोब्बर बढाउन माग हुँदै आएको छ । त्यसमा अघिल्लो आर्थिक वर्षको बजेट भाषणमा केही सम्बोधन भए पनि चालु आर्थिक वर्षमा कत्ति पनि बढाइएको छैन । अहिले विज्ञापन बोर्ड गठन भएको छ । अब चाँडोभन्दा चाँडो समानुपातिक विज्ञापनका लागि सङ्घर्ष गर्नुपर्ने आवश्यकता छ । महासङ्घले श्रमजीवी पत्रकारको हक-हितजस्तै स्वरोजगार मिडियाको संरक्षणका लागि पनि उत्तिकै सङ्घर्ष गर्दै आइरहेको छ ।


महासङ्घले सँगसँगै उठाउँदै आएको अर्को प्रमुख मुद्धा हो प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता । हाम्रो संविधानको प्रस्तावनामा नै पूर्ण प्रेस स्वतन्त्रता र अभिव्यक्ति स्वतन्त्रताको प्रत्याभूति गरिएको छ । तर, पछिल्लो समय सङ्घीय, प्रदेश तथा स्थानीय सरकारहरूले ल्याएका कानुनहरू कुनै न कुनै रूपमा प्रेसलाई नियन्त्रण गर्ने

उद्देश्यबाट प्रेरित भएको देखिन्छन् । मिडिया काउन्सिल विधेयक, सार्वजनिक सेवा प्रसारण विधेयक, सूचना प्रविधि विधेयकलगायत विभिन्न विधेयक र पारित कानुनमा रहेका प्रेस स्वतन्त्रता विरोधी बुँदाहरू सच्चाउनका लागि महासङ्घको अभियान जारी छ । हामी आफैं पनि सहभागी भई ल्याइएको लोकतान्त्रिक व्यवस्थाको सरकारले किन प्रेस स्वतन्त्रता विरोधी विधेयक र कानुनहरू बनाइरहेको छ ? यो गम्भीर विषय हो । लोकतान्त्रिक गणतान्त्रिक शासन व्यवस्था ल्याउनका लागि राजनीतिक दलहरूले खुट्टा कमाइरहेको बेला पत्रकार महासङ्घले सबैभन्दा पहिले गणतन्त्र र संविधानसभाको पक्षमा निर्णय गरेर आन्दोलनमा होमिएको थियो । त्यही आन्दोलनको बलमा स्थापित शासन व्यवस्था र संविधानसभाद्वारा जारी संविधानको संवैधानिक व्यवस्थाविरूद्ध प्रधानमन्त्री केपी शर्मा ओलीबाट संसद् विघटन भएको छ । देशको कार्यकारीको सनकको भरमा यस्तो कदम चालिएसँगै फेरि पनि प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता कुण्ठित हुने हो कि भन्ने चिन्ता छाएको छ । नेपाल पत्रकार महासङ्घ नागरिक अगुवा संस्था पनि भएकोले प्रधानमन्त्री र राष्ट्रपतिको यो कमदको महासङ्घले विरोध गरिरहेको छ । विधेयकमा राखिएका प्रेस स्वतन्त्रता विरोधी दफाहरू र प्रधानमन्त्री ओलीको यो असंवैधानिक कदम नसच्चिँदासम्म आवश्यक परे महासङ्घ सडकमा समेत आउन तयार हुनुपर्छ ।

*(न्यौपाने नेपाल पत्रकार महासंघका केन्द्रीय सदस्य हुनुहुन्छ ।)*

## गतिविधि

# ८ सय पत्रकारका लागि अभिमुखिकरण कार्यक्रम सम्पन्न




नेपाल पत्रकार महासंघले पत्रकारहरुका लागि कोभिड १९ सँग सम्बन्धित, वैज्ञानिक पक्ष र रिपोर्टिङका लागि अपनाउनुपर्ने आवश्यक सचेतनाका बारेमा अभिमुखिकरण कार्यक्रम सम्पन्न गऱ्यो ।

महासंघले भर्चुअल माध्यमबाट महासंघका दशवटै प्रदेशका करिब ८ सय पत्रकारका लागि अभिमुखिकरण कार्यक्रम सम्पन्न गरेको हो । कार्यक्रम विश्व स्वास्थ्य संगठन र स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका विज्ञहरुको सहभागितामा गरिएको हो ।

नेपाल पत्रकार महासंघका महासचिव रमेश विष्टले कार्यक्रमको औचित्यमाथि प्रकाश पार्दै कोरोना भाइरस संक्रमणबाट जोगिएर कार्यक्षेत्रमा खटिन पत्रकारलाई आग्रह गर्नुभयो । उहाँले कार्यक्रमबाट सिकेको ज्ञानलाई व्यवहारमा लागु गर्न आवश्यक रहेको भन्दै उक्त ज्ञानलाई सहकर्मी तथा परिवारमा समेत विस्तार गर्नुपर्ने बताउनुभयो ।

कार्यक्रममा स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र विश्व स्वास्थ्य संगठनका विज्ञहरुले कोरोनासंग सम्बन्धित पक्षहरुका बारेमा प्रस्तुतिकरण सहित सहभागीहरुको जिज्ञासाको जवाफ दिनुभएको थियो ।

महासंघका सचिव एवम् कार्यक्रमका सहजकर्ता प्रकाश थापाले नेपालमा कोरोनाको संक्रमण शुरु भए लगत्तै महासंघले जारी गरेको कोरोना निर्देशिका पालना गर्न आग्रह गर्नुभयो । साथै उहाँले अभिमुखीकरण कार्यक्रमले पत्रकारलाई कोरोना भाईरस संक्रमण सम्बन्धी महत्वपूर्ण ज्ञान हासिल भएको बताउदै कोरोनाको रोकथाम तथा समाचार सम्प्रेषण गर्दा अपनाउनुपर्ने सावधानीकालागि महत्वपूर्ण भएको बताउनुभयो ।

कार्यक्रममा विज्ञहरु डा.सुनोर बर्मा, डा.बिनोदप्रसाद गुप्ता, डा. मिका भट्टचन, रोशन नेपाल, डा.समिरकुमार अधिकारी, राजन रायमाझी, डा.राहुल प्रधान, डा.केदार मरहट्ठा, डा.निराजन भुसालले प्रस्तुती राख्दै सहभागीहरुको जिज्ञासा मेटाउनुभएको थियो ।

# नेपाली पत्रकारिता क्षेत्रमा कोभिड-१९ को प्रभाव





संघर्ष पन्त
sangharsha.panta@gmail.com


हिरण्य जोशी
hiranya.joshi@gmail.com

२०१९ को नोभेम्बरमा चीनमा देखिएको कोरोना भाइरसको प्रभाव विश्वभर फैलियो । नेपाल पनि यसबाट अछुतो रहेन र २०७६ चैत्र ११ गतेदेखि नेपाल सरकारले देशभर लकडाउनको घोषणा गऱ्यो । लकडाउन घोषणासँगै यसको प्रभाव समग्र अर्थतन्त्रसहित सबै क्षेत्रमा देखियो ।

कोभिड-१९ महामारी र त्यसका कारण लागु भएको लकडाउनले नेपाली पत्रकारिता क्षेत्रमा पनि असर गऱ्यो । यसका कारण कतिपय सञ्चारमाध्यमहरू बन्द हुन पुगे भने सञ्चालनमा रहेकाहरूमा पनि पत्रकारहरूले रोजगारी गुमाउने, तलब नपाउने, बेतलबी बिदामा पठाइने वा कम तलबमा काम गर्नुपर्ने अवस्था सिर्जना भयो । सम्पूर्ण नेपाली पत्रकार हरूको पेशागत संगठनका रूपमा नेपाल पत्रकार महासंघले यो अवस्थाको समाधानका लागि चासो दियो र अवस्थाको अनुगमन गर्नका लागि विभिन्न अध्ययन, भ्रमण तथा छलफलहरू सञ्चालन गऱ्यो ।

विश्वव्यापी रूपमा फैलिएको कोरोना (कोभिड-१९) बाट उत्पन्न जटिल परिस्थितिको प्रत्यक्ष मार श्रमजीवी पत्रकारहरूमा देखियो । कोरोनाको असरका कारण गम्भिर परिस्थिति उत्पन्न भएको सन्दर्भ एकातिर रह्यो भने अर्कातिर यस्तो जटिल अवस्थामा श्रमजीवी पत्रकारले मुलुक र समाजप्रतिको आफ्नो दायित्व निर्वाह गर्न फ्रन्टलाइनमा रहेर काम गर्नुपर्ने जिम्मेवारी रह्यो । असामान्य परि स्थितिमा संक्रमणको जोखिमका बीच पनि पत्रकारले आफूमा भएको न्यूनतम स्रोत, साधन तथा सीपको भरपुर उपयोग गरी यथार्थ सूचना संप्रेषणमा अहोरात्र आफ्नो कर्तव्य निर्बाह गरेको अवस्था छ ।

लकडाउनको सुरूवातसँगै विभिन्न सञ्चार गृहहरूबाट पत्रकार निष्काशन गर्ने, बेतलबी




बिदामा पठाइने, तलब कटौती गर्ने काम पनि सुरू भयो । साना लगानीका मिडियाहरू अधिकांश बन्द थिए भने ठूला लगानीका मिडियाले खर्च कटौतीका नाममा सबैभन्दा पहिला पत्रकारहरूको रोजगारी र आम्दानी कटौती गर्न थाले । यसबारेमा महासंघमा उजुरी पर्न थालेपछि पत्रकारको सेवा, सुरक्षा तथा हकहित संरक्षण एवम् श्रम अधिकारको अवस्थामा केन्द्रित भई नेपाल पत्रकार महासंघले १४ जिल्ला तथा ५१ सञ्चार प्रतिष्ठानहरूमा अनुगमन गर्‍यो ।

यस अनुगमन अन्तर्गत उदयपुर, पर्सा, बारा, मकवानपुर, काठमाडौं, ललितपुर, भक्तपुर, सिन्धुली, धादिङ, म्याग्दी, बाग्लुङ, पर्वत, कास्की र तनहुँ जिल्लाहरूमा सञ्चालनमा रहेका निजी तथा सरकारी दैनिक र साप्ताहिक पत्रिका, टेलिभिजन, एफएम तथा अनलाइन सञ्चारमाध्यमहरूमा अनुगमन गरिएको थियो । अनुगमनका क्रममा १४ जिल्ला र २० वटा सञ्चारगृहहरूमा प्रत्यक्ष भ्रमण गरिएको थियो भने अन्यमा कार्यरत श्रमजीवी पत्रकारलाई फोन तथा अनलाइनका माध्यममार्फत जानकारी लिइएको थियो । तथ्यगत सूचना संकलन तथा पुनःपुष्टिका लागि सम्बन्धित प्रदेश, जिल्ला तथा सञ्चार संस्थामा कार्यरत श्रमजीवी पत्रकारहरू, महासंघका प्रदेश अध्यक्ष तथा पदाधिकारी, जिल्ला अध्यक्षहरूका साथै मिडिया सञ्चालकहरूसँग पनि सम्पर्क तथा भेटघाट गरी सूचना संकलन गरिएको थियो ।


अनुगमनका क्रममा कोरोना महामारीको प्रभावका कारण मिडियाको आम्दानी कम भएको, धेरै मिडिया बन्द भएको र केही सञ्चार प्रतिष्ठानहरूले आम्दानी कम रहेको अवस्था देखाई पत्रकार हरूलाई कामबाट हटाउने गरेको पाइयो भने अन्य कतिपयमा बेतलबी बिदा बस्न दबाव दिइएको देखियो । संकटको अवस्थामा नियमित तलब नपाउँदा, तलब कटौती हुँदा र बेतलबी बिदामा पठाउँदा श्रमजीवी पत्रकारहरू जीविकोपार्जनका लागि नै पनि समस्यामा परेको अनुगमनका क्रममा देखिएको छ ।

अनुगमनका क्रममा प्राप्त तथ्यहरूका आधारमा नेपाल पत्रकार महासंघले यस विषयमा विस्तृत अध्ययन गर्नुपर्ने आवश्यकता महशुश गरी देशभरका दुई हजार बढी पत्रकारहरूसँग प्रत्यक्ष टेलिफोन सम्पर्कमार्फत सर्वेक्षण गरेको थियो । शेयरकास्ट इनिसियटिभसँग सहकार्यमा महासंघका सम्पूर्ण सदस्यहरूमध्ये नमूनाका आधारमा २ हजार ८ जना पत्रकार छनौट गरी गरिएको सर्वेक्षणले पनि कोरोना महामारीको प्रभाव नेपाली पत्रकारिता क्षेत्रमा परेको देखियो ।

कोरोना महामारीका कारण जारी गरिएको लकडाउनका कारण सो अवधिमा पत्रकारहरूलाई काम गर्न असहज भएको सर्वेक्षणका क्रममा देखिएको थियो । करिब ७२ प्रतिशत पत्रकारहरूले उक्त अवधिमा असहजता भोगेका थिए । सर्वेक्षणले गाउँपालिकाको तुलनामा नगरपालिका, उप तथा महानगरपालिकामा काम गर्ने पत्रकारलाई बढी असहज भएको पाइयो । कार्यरत संस्थाले सामान्य अवस्थामा उपलब्ध गराउँदै आएको सवारी सुविधा समेत कटौती गरेकाले समाचार संकलनका लागि यातायातको समस्या भोग्नु परेको र स्वास्थ्य सुरक्षासम्बन्धी सामग्रीको अभावका कारण जोखिममा रिपोर्टिङ गर्नु परेको अधिकांश पत्रकारको अनुभव थियो ।

पत्रकारिता पेशामा कोरोना महामारी र लकडाउनको प्रभाव अध्ययन गर्दा ३.९ प्रतिशत पत्रकारहरूले चैत २०७६ मा शुरू भएको लकडाउनपछि रोजगारी गुमाएको या कार्यरत संस्था छोड्नु परेको सर्वेक्षणले देखाएको थियो । जसमध्ये धेरैलाई संस्थाले नै अवकाश दिएको र केहीले काम गर्ने वातावरण नभएका कारण संस्था छोडेको बताएका थिए । यसरी संस्था छोड्नुपर्ने पत्रकारहरूमा संख्याका हिसाबले पुरुषहरू बढी भए तापनि अनुपातका हिसाबमा महिलाहरू बढी थिए । सर्वेक्षणमा सहभागी पत्रकारहरूमध्ये प्रायःजसो एकभन्दा बढी मिडियामा काम गर्ने गरेकाले उनीहरूमध्ये कतिपयले एक वा बढी सञ्चारमाध्यमबाट रोजगारी गुमाएको तर पूर्णरूपमा बेरोजगार नभएको पनि हुनसक्छ ।

कतिपय पत्रकारहरूका अनुसार कतिपय संस्थाले कर्मचारी कटौती गर्नुपर्ने बाध्यता परेको भन्दै उनीहरूलाई कुनै पनि सुविधाबिना




अवकाश दिएको बताएका थिए । केही सञ्चार संस्थाले खर्च धान्न नसक्ने भन्दै अनुरोध गरेकाले पत्रकार आफैले राजीनामा दिएको र कतिपयले भने दिँदै आएको सुविधाहरू कटौती गर्ने र काममा आउन नसक्ने वातावरण सिर्जना गरी पत्रकारहरूलाई राजीनामा दिन बाध्य पारेको पनि पाइएको छ ।

त्यसैगरी ५.९ प्रतिशत पत्रकारहरूलाई कार्यरत सञ्चारगृहले बेतलबी बिदामा बस्न भनेको, ८.६ प्रतिशत पत्रकारको पारिश्रमिकमा कटौती भएको, ७.४ प्रतिशतको कार्यसमय र तलब दुबै घटेको पाइयो । यसैगरी कुल सहभागी पत्रकारमध्ये १९.७ प्रतिशतले नियमित रूपमा पारिश्रमिक नपाएको सर्वेक्षणले देखाएको थियो ।

२०७७ साउनमा सर्वेक्षणका लागि तथ्यांक संकलन गर्दा नियमितरूपमा तलब नपाउने पत्रकारमध्ये ४ प्रतिशतले जेठ महिनादेखिको, २०.७ प्रतिशतले बैशाखदेखिको र अर्को २०.७ प्रतिशतले चैत महिनादेखि तलब पाउन बाँकी रहेको थियो । फागुनदेखि तलब नपाउने पत्रकारको संख्या ३३.८ प्रतिशत थियो । लकडाउन र कोरोनाको प्रभाव शुरू हुनु अगावैदेखि तलब पाउन बाँकी रहेका पत्रकारको संख्या १८.२ प्रतिशत थियो । यसरी हेर्दा पत्रकारले नियमितरूपमा मासिक तलब नपाउने समस्या नेपाली पत्रकारिता क्षेत्रमा पहिलेदेखि नै रहेको र कोरोना महामारीले यो समस्यालाई उल्लेख्य रूपमा बढाएको देखिन्छ ।


सर्वेक्षणमा सहभागी कुल ३६३ मिडिया सञ्चालकमध्ये १३.५ प्रतिशतले आफ्नो सञ्चार माध्यममा कार्यरत पत्रकारलाई पारिश्रमिक भुक्तानी गर्न बाँकी रहेको बताए । उनीहरूमध्ये लगभग सबैले लकडाउनका कारण सञ्चारमाध्यमको आम्दानीमा कमी आएकाले नियमित पारिश्रमिक भुक्तानी गर्न नसकेको बताएका थिए । उद्योग तथा व्यवसायहरू बन्द भएका कारण विज्ञापनमा कटौती भएर र त्यसको प्रत्यक्ष असर सञ्चारमाध्यमको आम्दानीमा परेकाले नियमित पारिश्रमिक भुक्तानी गर्न नसकेको सञ्चालकको भनाइ थियो ।

२०७७ साउनमा सर्वेक्षणका लागि तथ्यांक संकलन गर्दा नियमितरूपमा तलब भुक्तानी गर्न बाँकी रहेका सञ्चारगृहमध्ये १०.२ प्रतिशतले जेठ महिनाको, ४४.९ प्रतिशतले वैशाखदेखिको र २४.५ प्रतिशत सञ्चारगृहले चैत महिनादेखि तलब भुक्तानी गर्न बाँकी रहेको देखिएको थियो । फागुन महिनादेखिको तलब भुक्तानी गर्न बाँकी रहेका सञ्चारगृह १४.३ प्रतिशत र लकडाउन अघिदेखिकै पारिश्रमिक भुक्तानी गर्न बाँकी सञ्चारगृहको संख्या ६ प्रतिशत थियो ।

कोभिड–१९ महामारीले समग्र पत्रकारिता क्षेत्रलाई पारेको प्रभावका कारण कतिपय पत्रकारहरू पेशा नै छोड्ने सोचमा समेत पुगेका थिए । सर्वेक्षणमा सहभागी पत्रकारहरूमध्ये ४.१ प्रतिशत पत्रकार पेशा परिवर्तन गर्ने सोचमा पुगेको बताएका थिए । त्यसैगरी ५.५ प्रतिशत पत्रकारले अहिले नै के गर्ने नगर्ने भन्ने बारेमा निर्क्यौल गरी नसकेको र केही समय पर्खिएर हेर्ने बताएका थिए । त्यसैगरी २ प्रतिशतभन्दा बढी मिडिया सञ्चालकहरूले आफू मिडिया बन्द गर्ने सोचमा रहेको बताएका थिए ।

कोरोना महामारीका कारण समग्र पत्रकारिता क्षेत्रको भविष्यबारे पनि अन्यौलता देखिएको थियो । एक तिहाईभन्दा बढी पत्रकारहरू अब यो क्षेत्रको भविष्य कस्तो हुन्छ भन्ने बारेमा आशंकित थिए भने कतिपय छापा माध्यमको भविष्य राम्रो नदेखिएकाले अनलाइन माध्यममा जाने सोच बनाएर बसेका थिए । तर यस्तो अवस्थामा अन्य सञ्चारगृहमा पनि रोजगारी पाउन मुस्किल हुने भएकाले निर्णय लिन सकेका थिएनन् ।

समग्रमा हेर्दा कोरोना महामारीले समग्र नेपाली पत्रकारिता तथा सञ्चार क्षेत्रमा नकारात्मक असर पारेको सर्वेक्षणले देखाएको थियो । यसको असर नेपाली पत्रकारिता क्षेत्रमा लामो समयसम्म रहने र सञ्चार क्षेत्रको स्वरूपमा समेत परिवर्तन आउन सक्ने सम्भावनातर्फ इंगित गरेको छ । विशेष गरी परम्परागत मिडियाको भविष्य के हुने भन्नेबारे अन्यौल देखिएको छ । महामारी तथा लकडाउनका कारण मिडिया क्षेत्रको आम्दानी घटेको र त्यसको प्रत्यक्ष असर श्रमजीवी पत्रकारहरूमा परेको देखियो । यसका साथै कतिपय सञ्चारगृहले




भने महामारीलाई बहाना बनाई सञ्चारमाध्यम बन्द गर्ने वा पत्रकार हरूलाई रोजगारीबाट निकाल्ने गरेको पनि पाइएको थियो ।

महामारी र लकडाउनका कारण ७० प्रतिशतभन्दा बढी पत्रकारले कोरोना महामारी तथा लकडाउनका कारण समाचार संकलन र सम्प्रेषणमा असहजता महसुस गरेका थिए । अधिकांश पत्रकारहरूले यस अवधिमा समाचार संकलन र सम्प्रेषण गर्दा उपलब्ध स्वास्थ्य सुरक्षाका विधि अपनाएको भए पनि करिब दुई तिहाई पत्रकारले आफ्नो काम गर्दा असुरक्षित महसुस गरेका थिए । मास्क, स्यानिटाइजर जस्ता सामग्री उपलब्ध भए पनि अस्पताल तथा संक्रमित व्यक्तिहरू भएका स्थानमा रिपोर्टिङ गर्न जाँदा पिपिइको अभावका कारण आफूहरूले असुरक्षित महसुस गरेको बताएका थिए ।

कोरोना महामारी र लकडाउनका कारण पत्रकारहरूको पेशागत सुरक्षा र आम्दानीमा प्रत्यक्ष प्रभाव परेको सर्वेक्षणले देखाएको थियो । ४० प्रतिशत भन्दा बढी पत्रकारहरूको पेशा तथा आम्दानीमा महामारी र लकडाउनको प्रत्यक्ष असर परेको थियो । करिब ४ प्रतिशत पत्रकारले आफ्नो जागिर गुमाउनु पर्‍यो भने ६ प्रतिशत जतिलाई कार्यरत सञ्चारमाध्यमले बेतलबी बिदामा पठाएका थिए । जागिर गुमाएका र बेतलवी बिदामा पठाइएका कारण बेरोजगार बनेका पत्रकारको संख्या करिव १० प्रतिशत थियो । यसैगरी करिब ९ प्रतिशत पत्रकारको यस अवधिमा तलब कटौती भएको थियो भने २० प्रतिशत पत्रकारहरूले नियमित तलब पाउन सकेका थिएनन् । यस्तो प्रभावका कारण करिब १० प्रतिशत पत्रकारहरू पेशा परिवर्तन गर्ने वा अन्य के गर्ने भन्ने विषयमा अन्यौलमा रहेको पाइएको थियो ।


नेपाल पत्रकार महासंघले कोरोना महामारी र लकडाउनको अवधिमा गरेको विभिन्न सर्वेक्षण, अध्ययन तथा अनुगमनबाट प्राप्त नतिजाका आधारमा पत्रकारहरूको पेशागत सुरक्षाका साथै समग्र सञ्चार क्षेत्रको सुरक्षा र दिगोपनाका लागि नेपाल सरकारसँग माग गर्दै आएको छ । यसैगरी पत्रकारहरूको पेशागत हकहित संरक्षणका लागि सञ्चारगृह सञ्चालकहरूसँग संवाद गर्ने र संवादबाट समस्या समाधान नभए आन्दोलनमार्फत दबाव दिने काम समेत महासंघले गर्नु परेको थियो । महामारी र लकडाउनका कारण वा त्यसको बहानामा विभिन्न सञ्चारमाध्यममा समस्या भोग्नु परेका ५०० भन्दा बढी पत्रकारहरूले महासंघ केन्द्रमा लिखित वा मौखिक उजुरी दिएका थिए । महासंघको पहलमा तीमध्य अधिकांशको समाधान भइसकेको छ भने कतिपयमा भने महासंघले कानूनी डेस्कमार्फत न्यायिक समाधानको पहल समेत गरेको छ ।

अनपेक्षित रूपमा र अचानक विश्वले नै सामना गर्नु परेको कोभिड-१९ महामारीले नेपाली पत्रकारिता तथा सञ्चारक्षेत्र यस्ता महामारी र विपद्का लागि तयारी अवस्थामा नरहेको देखाएको छ । २०७२ सालको भूकम्पपश्चात पनि यस्तै अवस्था देखिएको थियो । तर नेपाली सञ्चार क्षेत्रले त्यसबाट पाठ सिक्न नसकेको देखिएको छ । त्यसमाथि कतिपय सञ्चारमाध्यमले त यो महामारीको अवस्थालाई आफ्नो संस्थामा कार्यरत कर्मचारी तथा पत्रकारहरूलाई रोजगारीबाट बेदखल गर्ने अवसरका रूपमा समेत लिएको देखिएको थियो । साना लगानीका सञ्चारमाध्यमहरूमा यसको प्रभाव देखिनु स्वाभाविक थियो तर वर्षौंदेखि ठूलो मुनाफा आर्जन गर्दै आएका सञ्चार संस्थाहरूले समेत लकडाउन सुरू हुनासाथ पत्रकार निष्काशन गर्ने, तलब सेवा कटौती गर्ने काम गर्नु अनपेक्षित र अस्वाभाविक थियो ।

नेपाली सञ्चार क्षेत्रले अबका दिनमा आउनसक्ने यस्ता चुनौतीहरूको सामना गर्न पूर्वतयारीलाई बलियो बनाउनु पर्ने देखिएको छ । नेपाल सरकारले सञ्चार क्षेत्रलाई सेवामूलक उद्योगका रूपमा मान्यता दिनु र सहुलियत ऋणको व्यवस्था गर्नु सकारात्मक कदम हो । अबको मुख्य दायित्व सञ्चारगृहहरूले आफूलाई कसरी तयार गर्ने र दिगोपनाका पक्षमा ध्यान दिई पत्रकार लगायत संस्थाको हितमा काम गर्ने भन्ने योजना बनाउनु जरूरी देखिन्छ । नेपाल पत्रकार महासंघले यो विषयलाई ध्यान दिंदै आफ्नो आगामी तीन वर्षीय रणनीतिमा पत्रकारिता क्षेत्रमा कोरोना महामारीको प्रभाव न्यूनिकरणलाई प्राथमिकतामा राखेको छ ।


स्वास्थ्यका दृष्टिले तपाई कार्यरत सञ्चारगृहमा काम गर्न कत्तिको सुरक्षित महसुस गरिरहनु भएको छ ?


N=1519




तपाईको सञ्चारगृहमा काम गर्ने सञ्चारकर्मीहरुको पारिश्रमिक भुक्तानी गर्न बाँकी छ ?


N=363




तपाईले काम गर्दा कोरोना भाइरसको संक्रमणबाट जोगिन के कस्ता स्वास्थ्य सतर्कता अपनाउनु भएको छ ? बहुउत्तर

N=1841





# पत्रकारलाई भ्याक्सिन
## र कोरोनाकालको अनुभव



प्रकाश थापा
pabhilashi@gmail.com

नेपाल पत्रकार महासंघको आग्रहमा सरकारले पत्रकारहरूलाई कोरोना बिरुद्धको भ्याक्सिन लगाउने व्यबस्था गरेको छ । कोरोना संक्रमणबाट नेपालमा ७ सय भन्दा बढी पत्रकारहरु संक्रमित भएको र ७ जनाको निधन भएको अवस्थामा पत्रकारहरूको सुरक्षाका लागि पत्रकार महासंघले सरकारसंग लिखित तथा मौखिक रूपमा उनीहरूको स्वास्थ्य प्रति गंभिर बन्न आग्रह गर्दै आएको थियो ।

कोरोनाकालमा पत्रकारहरूले खेलेको भूमिकाको राज्यले कुनै पनि रूपमा कदर गर्न नसकेको अवस्था बन्यो । अग्रपंक्तिमा रहेर सूचना संप्रेषण गर्दै आएका पत्रकार हरूलाई राज्यले कुनै पनि रूपमा संबोधन गरेन भनेर सर्वत्र गुनासो सुनिदै आएको हो । राज्यले निर्धारण गर्ने प्राथमिकताको सूचिमा पत्रकारहरु कहिल्यै परेनन् ।

कोरोनाको उपचारका लागि खोप बनिनसकेको अबस्थामा नागरिकहरूलाई सचेत गराउने, कोरोनाबाट बच्ने उपायहरु सिकाउने र त्यसको प्रचारप्रसार गर्ने काम पत्रकारहरूले गरिनै रहे । पत्रकारहरूको भूमिकाको कारणले संक्रमणबाट बच्ने तरिका नागरिकहरूले जान्न सके र संक्रमणबाट बच्न सफल भए ।

संकटको बेलामा सूचनाको कति महत्व हुँदो रहेछ भन्ने कुरा कोरोना माहामारीका बेलामा सबैले प्रत्यक्ष महसुस गर्न सके । यसलाई छुट्टै व्याख्या गर्नुपर्ने अबस्था रहेन । पत्रकारिता क्षेत्रले यो संकटको बेलामा आफूलाई सचेतताका साथ प्रस्तुत गऱ्यो । यतिमात्र हैन, समस्यासंग जुझ्न र नागरिकलाई सुसूचित गराउने दायित्व निर्वाह गर्न हरक्षेणमा नेपाली पत्रकारिता क्षेत्र सक्षम रहेछ भन्ने देखिएको छ । यो अनुभवले नेपाली प्रेसले आफू प्रति आफै गर्व गर्न सक्ने अवस्था बन्नपुगेको छ ।

नेपाली प्रेसले यसरी संकटको समयमा नागरिकको जीवन जोगाउने दायित्व निर्वाह गरेकै कारण पत्रकारिताले नागरिक तहबाट स्याबासी पाएको छ । कोरोनाका कारण खान नपाएकाहरूको घरमा चुलो बल्ने अवस्था निर्माण गर्न पनि पत्रकारिता क्षेत्र र कतिपय पत्रकार साथीहरूले व्यक्तिगत रूपमा पनि उल्लेखनीय भूमिका निभाएका छन् । यो कालखण्डमा पत्रकारहरु 'संकटका सारथी'का रूपमा पनि परिचित भए । संचार माध्यम बन्द भएको अवस्थामा सामाजिक सञ्जालको भरमग्दूर सदुपयोग गर्दै पत्रकारहरु सूचना प्रवाह गर्ने काममा अहोरात्र खटिरहे । समस्यामा परेकाहरूको खोजी गर्दै उनीहरूको जीवनरक्षाका लागि योगदान दिए ।

संक्रमणलाई भयावह रूपमा प्रस्तुत गर्दै आतंक फैलदै जाँदा पत्रकारहरु नै हुन्, जसले नागरिकको मनमा उब्जिएको त्रासलाई न्यून गर्दै संक्रमणबाट बच्न र नआत्तिन भूमिका खेल्यो । यो बेलामा अनलाईनहरु र रेडियोहरूले खेलेको भूमिका सधैका लागि अध्ययनको बिषय बन्ने छ । संकटको समयमा यी माध्यमहरूको भूमिका कस्तो हुँदो रहेछ भन्ने बुझाईका कारण ति माध्यमलाई हेर्ने नागरिक दृष्टिकोण र नीति निर्माताहरूको सोंच समेत फेरिएको महसुस भएको छ ।

तर, बिडम्बना भन्नुपर्दछ, राज्यले पत्रकार र पत्रकारिता क्षेत्रको यो भूमिकाको कहीँ कतै स्मरण गरेको महसुस भएन । संचारकर्मी र संचारमाध्यमका लागि अलग अलग राहत प्याकेज घोषणा गर्न पत्रकार महासंघले पटक पटक सरकारको ध्यानाकर्षण गऱ्यो, तर सम्बोधन हुन सकेन । पीसीआर परिक्षणका क्रममा समेत पत्रकारहरूलाई प्राथमिक सूचिमा राखिएन । एउटा पत्रकार संक्रमित हुनु भनेको धेरै सूचनाका श्रोतहरु जोखिमा पर्नु थियो । त्यसकारण पत्रकार हरूको परिक्षणलाई बिशेष ध्यान दिइयोस् भन्ने पत्रकार महासंघको धारणा हो । संकटको बेलामा थप सुबिधाको खोजि थिएन त्यो । बिडम्बना नै मान्नु पर्दछ, राज्य यो सवालमा उदासिन बन्यो ।

पछिल्लो समयमा महासंघको आग्रहमा भ्याक्सिन लगाउने काम भएको छ । यो पटक भने सरकारलाई धन्यवाद भन्नै पर्दछ । संकटको समयमा सहकार्य गर्ने र समाधानको मार्गमा संगसंगै हिड्ने चाहना राज्यले नदेखाउनु आफैमा दुःखद हो । पछिल्लो समयमा नेपाल पत्रकार महासंघका सबै सदस्यहरु र क्रियाशिल पत्रकारहरूलाई भ्याक्सिन लगाउने प्रबन्धले कोरोनासंग जुझिरहेका पत्रकारहरु लाभान्वीत बनेका छन् । पत्रकारको सुरक्षाको सन्दर्भमा राज्य सधै यसरी प्रस्तुत हुनुपर्दथ्यो । नोवेल पुरस्कार बिजेता अर्थशास्त्री अमर्त्य सेनले आफ्नो अनुसन्धानको निष्कर्षमा भनेका छन्, 'जहाँ प्रेस स्वतन्त्र हुन्छ, त्यहाँ गरिबिले मानिस मर्ने अबस्था आउँदैन ।' संकटको समयमा नेपाली परिबेशमा यो कुरालाई यसरी पनि भन्न सकिन्छ कि, 'स्वतन्त्र प्रेसले संकटबाट जोगिन हरेक नागरिकलाई सिकाउन सक्छ र उनीहरूको समस्या सम्बोधन हुने परिबेश निर्वाह गर्न सक्छ ।'

राज्य प्रेस प्रति उदार बनोस्, स्वतन्त्र प्रेसको सम्मान गरोस् । यो अबस्थामा नागरिकहरु बलियो बन्दछन् र बलियो नागरिकहरु रहेको राज्य नै सम्बृद्ध बन्न सम्भव छ ।